# पौरखी



वर्ष ३, अंक ५, चौमासिक सामुदायिक समाचार-पत्र २०८२, मंसिर

सामाजिक रुपान्तरणका अभियन्ताहरुको अग्रसरता अन्तरक्रिया स्वरुप प्रकाशित समाचार-पत्र

## यस भित्र

विकास बहस
आफ्नै पौरख
फोटो फिचर







## विकास बहस

# नेपालमा जलवायु अनुकूलनका केही उपायहरू

### भूमिका :

नेपाल कृषिप्रधान देश भएको कारणले पनि यहाँको समग्र कृषिप्रणाली अर्थात् खेतीपातीलाई जलवायु परिवर्तनले असर पार्दछ । हाम्रो खेती गर्ने तौर तरिका परम्परागत तथा प्रकृतिमा पूर्ण रुपमा निर्भर रहेकाले पनि हाम्रो कृषि क्षेत्रलाई जलवायु परिवर्तनसँग अनुकूल बनाउँदै लैजानु अति आवश्यक छ । यसै सन्दर्भमा जलवायु परिवर्तनबाट सिर्जित खडेरी, बाढी, पानी पर्ने प्रक्रियामा अनियमितता तथा बालीमा रोगकीराको प्रकोप तथा असरलाई कम गराउनका लागि कृषिमा उपयोगी जलवायु परिवर्तन अनुकूलनका केही उपायहरु यहाँ प्रस्तुत गरिएका छन् ।

### सिंचाइका लागि जलस्रोतको दीगो व्यवस्थापन:

पानी मानिस र जीवहरुका लागि अति नै आवश्यक प्राकृतिक स्रोत हो । कुनै पनि प्रणाली, प्राणी तथा वनस्पतिको वृद्धिविकासका लागि निश्चित मात्रामा नियमित पानीको आवश्यकता पर्दछ । तर बदलिँदो जलवायुको असरले पृथ्वीमा पानीको अवस्थामा पनि परिवर्तन ल्याएर समग्र कृषि तथा मानिसको जीविकोपार्जनमा असर पुऱ्याएका उदाहरणहरु हामीले देख्ने र सुन्ने गरेका छौँ । बढ्दो तापक्रम तथा पानी पर्ने प्रक्रियामा आउने अनियमिता (जस्तैः खडेरी, बाढी, पहिरो) ले पानीका मुहानहरु सुक्ने र माटामा पानीको मात्रा सुक्न गई समग्र कृषि-उत्पादनमा असर पुगेको पाइन्छ । यसबाट विभिन्न खेतीयोग्य जमिनलाई बाँझै छोड्नुपर्ने स्थितिको सृजना भइरहेको छ भने कतिपय स्थानमा खानेपानीको समेत समस्या देखिएको छ । यस परिस्थितिमा पानीको उचित उपयोग गर्नका लागि जलस्रोतको दीगो व्यवस्थापनका केही उपायहरु यसप्रकार छन् ।

### थोपा सिंचाइ (Drip Irrigation)

हामी खोलै बग्ने गरी अथवा पोखरी नै जम्ने गरी बालीमा पानी लगायौं भने बल्ल सन्तुष्ट

**स-शक्तिकरणका लागि सञ्चार**

**सामुदायिक समाचारपत्र 'पौरखी' आफू पढौं, पढेर सुनाऔं र अरुलाई पढ्न दिऔं ।**

# सम्पादकीय

सामुदायिक विकास समूहहरुको अग्रसरतामा सामुदायिक समूहहरुकै लागि अर्धवार्षिक अन्तरक्रियात्मक मन्थन सामुदायिक समाचारपत्रको रुपमा प्रकाशित हुदै आएको पौरखीको पाँचौ अंक पाठक समक्ष प्रस्तुत गरिएको छ ।

प्रकाशन आफैमा जटील कार्य हो । मुलुकको राजनीतिमा आएको फेरवदल र त्यसको प्रभाव समग्र विकास प्रकृयामा पर्नुलाई स्वभाविक रुपमा ग्रहण गर्ने अभ्यासमा नेपाली समाज आई पुगेको छ । सुशासन संस्कृति निर्माणका लागि आमनागरिकहरु नै बढी चनाखो र इमान्दार बन्नु समयको माग हो ।

सशक्तिकरण र सामुदायिक रुपान्तरणका लागि सहजीकरण (फेष्ट) प्रकृया अनुरुप सामुदायिक विकासकालागि अभ्युदय भएका सामुदायिक विकास समूहरु, मूलसमितिहरु र समुदायमा आधारित कार्यसंजाल संस्थाहरुको आफ्ना ज्ञान, सीप, धारणा र अनुभवहरुको आदानप्रदानको मदानीका रुपमा यो पौरखीले पक्कै पनि एक अर्काका असल अभ्यासहरुबाट सिक्ने उत्प्रेरणा प्रदान गर्ने र आफूले गरेका असल अभ्यासहरुलाई आदान प्रदान गर्ने मौकाको रुपमा यो प्रकाशनले प्रदान गर्दै आईरहेको छ ।

सामुदायिक विकास समूहहरुले आफ्ना छलफल, अन्तर क्रियाहरुलाई नियमित बनाउँदै जनजीवन सहज बनाउने अभ्याससंगै सामाजिक रुपान्तरणको अभियानलाई निरन्तरता दिने प्रयास जारी छ । सामुदायिक समूहरु, मूल समितिहरु र समुदायमा आधारित कार्यसञ्जाल संस्थाहरुलाई संस्थागत बनाउदै सिमान्तीकृत समुदायको पीडालाई कम गर्न समस्या विश्लेषण, समाधानका विकल्पहरुको खोजी गर्ने कार्यलाई निरन्तरता दिदै प्रतिकूल परिस्थितिहरुलाई अनुकूलतामा रुपान्तरण गर्ने कुरामा सजगता आवश्यक छ ।

सामुदायिक विकास समूहहरुका यी प्रयास र प्रयत्नहरुलाई अघि बढाउदै सरकारी सेवा सुविधाहरु माथिको पहुंच, सहभागितालाई सुनिश्चितता गर्ने प्रयास र प्रयत्नहरुको सराहना गर्दै सुशासन स्थापनाको मूलकार्यमा साझा तथा सामुहिक प्रयत्नहरु, प्रयासलाई सबै क्षेत्रवाट सहयोग र उत्साह समर्थन प्रदानहुने विश्वास लिइएको छ । अनुभव आदान प्रदानको यो श्रृखलामा सहभागि सबै सामुदायिक समूहरु, मूल समितिहरु तथा समुदायमा आधारित कार्यसञ्जाल संस्था र सहजीकरणको भूमिकामा रहनु भएका सहकर्मीहरुलाई धन्यवाद दिन चाहान्छौ । सामुदायिक समूहहरुको यो साझा प्रयासमा आवश्यक सल्लाह, सुझाव तथा प्रतिकृयाहरुको सधै स्वागत गर्न चाहान्छौ ।

# विकास बहस

अगाडिबाट ... क्रमश

## नेपालमा जलवायु अनुकूलनका केही उपायहरू



- चम्फासिंह भण्डारी

हुन्छौं । तापनि धानबाहेक धेरै जसो बालीहरुलाई यसरी पानी जम्ने गरी सिँचाइ गर्नुपर्ने जरुरी हुँदैन । बालीलाई नियमित रुपमा यसका जराको वरिपरि उपलब्ध हुने हिसाबले सिँचाइ गर्न सकियो भने पानीको पनि सदुपयोग र बाली-उत्पादन पनि राम्रो हुने हुन्छ । अझ खडेरी तथा अनियमित वर्षाले गर्दा हुने पानीको असहज उपलब्धतालाई पानी जोगाउने प्रविधिको प्रयोग गर्न सकेमा अनुकूलनका लागि टेवा पुग्ने हुन्छ । त्यसैले अहिले जलवायु परिवर्तन अनुकूलनका लागि थो पा सिँचाइ प्रविधि पनि एक महत्त्वपूर्ण र उपयुक्त प्रविधिका रुपमा देखा परेको छ ।

जलवायु परिवर्तनका कारणले गर्दा सिँचाइको समस्या भएका क्षेत्रमा कम परिमाणको पानीबाट पनि उत्तिकै उत्पादन लिन सकिने सिँचाइको प्रविधि थोपा सिँचाइ प्रविधि हो । यो जलवायु उत्पन्न प्रकोपहरुसँग जुध्नका लागि एक सरल एवम् सर्वसुलभ तरिका हो । यसका लागि एक ड्रम (आकार, आवश्यकताअनुसार) र पाइप - आवश्यकता अनुसारको लम्बाई) को आवश्यकता पर्दछ ।

पाइपमा बाली (बोटदेखि बोटको दूरी) अनुसार प्वाल पार्नुपर्छ, तर आजकल बजारमा पहिले नै प्वाल पारिएका पाइप सहित थोपा सिँचाइ सेटहरु पाइने भएकाले बजारबाट खरिद गरेर पनि सिँचाइ गर्न सकिन्छ, यसरी बजारमा पाइने थोपा सिँचाइ सेट लिने हो भने पाइपमा भएअनुसारको एकदेखि अर्को प्वालको दूरीमा बिरुवा लगाउनुपर्ने हुन्छ । यस प्रविधिमार्फत सिँचाई गर्दा थोपा थोपाका रुपमा पानी प्रयोग गरिने हुँदा थोरै पानीबाट पनि धेरै सिँचाइ गर्न सकिन्छ ।

### आकासे पानी सङ्कलन (Rain Water Harvesting)

जलवायु परिवर्तनका कारणले गर्दा पानी पर्ने प्रक्रियामा आएको अनियमितताले बाली-उत्पादनमा प्रतिकूल प्रभाव पार्ने गर्दछ । यस्तो परिस्थितिमा आकासे पानीलाई उचित तवरले सङ्कलन गरी भण्डारण गरेर पानीको आवश्यकता परेको समयमा प्रयोग गर्न सकिन्छ । यसमा वर्षात तथा अन्य समयमा आकासबाट पर्ने पानीलाई कुनै निश्चित स्थानमा संरक्षण गरी पानीको अभाव हुने समयमा प्रयोग गर्ने गरिन्छ । यसरी पानी सङ्कलन गर्नका लागि आवश्यकताअनुसार घैंटाहरु, तथा खेतबारीमा प्लाष्टिक पोखरीहरुको निर्माण गरी प्रयो गमा ल्याउन सकिन्छ । त्यसै गरी गाउँघरमा रहेका पुराना कुवा तथा पोखरीहरुको पनि मर्मत सम्भार गरी पुनः प्रयोगमा ल्याउन पनि सकिन्छ ।

### पानीका मुहानहरुको संरक्षण (Water Source Conservation)

नेपालको धेरै जसो भू-भागमा गरिने कृषिकर्महरु आकासे पानी परेर फुट्ने मूलहरुमा निर्भर रहेका छन् । विगतमा यस्ता पानीका मुहानहरुको संरक्षणका लागि विभिन्न प्रयासहरु भए पनि जलवायु परिवर्तनले भविष्यमा पार्न सक्ने असरहरुलाई मध्यनजर गरिएको बिरलै पाइन्छ ।

त्यसैले जलवायु परिवर्तका कारणले पानीका मुहानहरुमा पर्ने प्रभाव (तापक्रम वृद्धिले मुहान सुक्ने, अनियमित वर्षाले मुहानमा पहिरो जाने आदि) न्यून गर्नका लागि पानीका मुहानहरुको उचित संरक्षण गर्नुपर्दछ। यसका लागि पानी जोगाइ राख्ने वृक्षारोपण गर्ने र मुहानमा बाढी छिर्नबाट जोगाउन स्थानीय संरचनाहरुको निर्माण गर्नेजस्ता तौरतरिकाहरु अपनाउनुपर्दछ।

## दिगो भू–व्यवस्थापन

जलवायु परिवर्तनका कारणले विशेष गरी बेमौसम तथा छोटो समयमा बढी मात्रामा पर्ने पानीले गर्दा बाढीपहिरो तथा भू-क्षयका प्रक्रियाहरु बढी मात्रामा दोहोरिएको पाइन्छन्। यसले गर्दा कृषि-उत्पादनका लागि आवश्यक उर्वर माटोलाई बिगार्ने, माटो बगाउने तथा पहिराले धनजनको क्षति गराउने हुँदा यसको अनुकूलनका लागि दिगो भू-व्यवस्थापनका उपायहरु अपनाउनुपर्दछ। यसका लागि माटोको उर्वराशक्ति बढाउने, मलिलो माटो बग्नबाट जोगाउने, तथा माटोको पानी र खाद्यतत्त्व अड्याउन सक्ने क्षमताको वृद्धि गर्ने काम गर्नु आवश्यक छ। यसका लागि निम्न लिखित विधिहरुको प्रयोग गर्न सकिन्छः

माटोमा रसायनिक मलको प्रयोग कम गरी राम्रोसँग तयार पारेको प्राङ्गारिक मल प्रयोग गरेर प्राङ्गारिक खेती गर्नुपर्छ। प्राङ्गारिक मलको प्रयोगले माटोको भौतिक, रासायनिक तथा जैविक संरचनालाई मजबुत गराई माटाको पानी अड्याउन सक्ने र खाद्यतत्व अड्याउन सक्ने क्षमतामा वृद्धि ल्याउँछ। यसले गर्दा लामो खडेरी परेको समयमा पनि बालीलाई पानीको अभावबाट हुने असर कम गराउँछ।

भिरालो जमिनको उचित व्यवस्थापनका लागि गरा सुधार गरी उपयुक्त खेती प्रविधि अपनाउनुपर्दछ। यसका निम्ति भिरालो जग्गामा गरा बनाई खेती गर्नका लागि विभिन्न डाले घाँसहरुको उपयोग गरी घाँसे हारको निर्माण गरेर विस्तारै भिरालो जमिनमा गरा तयार गर्न सकिन्छ। घाँसे हारमा विभिन्न प्रकारका डाले घाँसहरु लगाइन्छ भने हारका बीचको जमिनमा तरकारी, अन्नबाली, कोसे बाली तथा फलफूलहरु लगाउन सकिन्छ।

माटोको उर्वराशक्ति वृद्धि गर्न तथा माटामा चिस्यान लामो समयसम्म राखिराख्नका लागि संरक्षणमुखी कृषिप्रणालीको अवलम्बन गर्न सकिन्छ। यसको उदाहरणका रुपमा कोसे बालीलगायतका अन्य अन्नबालीहरुलाई प्रयोग गरी जमिनलाई वर्षैभरि खाली नराखी खेतीपाती गर्न सकिन्छ।

कम खनजोत गर्ने प्रविधिमार्फत खेती गर्नु, एक बाली खेतमा हुँदैमा अर्को बाली छर्नु (जस्तैः धान पाक्ने बेलामा मुङ छर्नु), मुख्य बालीभन्दा पहिले हरियो मल हुने बाली (जस्तैः ढैंचा, सनहेम्प)को खेती गर्नु आदि दिगो माटो व्यवस्थापन गरी जलवायु परिवर्तनको असरलाई कम गर्न सकिने अनुकूलनका केही उपायहरु हुन्। यीमध्ये महत्वपूर्ण केही उपायहरु तल प्रस्तुत गरिएको छ।

### बहुबाली–प्रणाली (Multiple Cropping):

एउटै जग्गामा एकै वर्षमा बाली-उत्पादनलाई गहन बनाउन दुई वा दुईभन्दा बढी बालीहरु मिश्रित रुपमा वा छुट्टा छुट्टै लगाउने विधिलाई बहुबाली प्रणाली भनिन्छ। यसबाट निम्न फाइदाहरु हुन्छन्ः

माटोको विभिन्न तहमा रहेका तत्त्वहरुको उपयुक्त सदुपयोग हुन्छ। माटोको गुणस्तरमा सुधार हुन्छ। बालीमा हुने कीराफट्याङ्ग्रा तथा रोगको प्रकोपलाई न्यून गर्न सहयोग पुग्छ। पारिवारिक पोषणका लागि आवश्यक सन्तुलित खाद्यान्न उपलब्ध हुन्छ।

यस तरिकाबाट बाली-उत्पादन गर्दा एक बालीले अर्को बालीलाई सहयोग पुऱ्याउने बालीहरुको छनोट गर्नुपर्दछ। उदाहरणका लागि कोसे बाली र अन्नबालीसँगै लगाउँदा कोसे बालीले अन्न बालीलाई नाइट्रोजन उपलब्ध गराउने हुँदा बालीको उत्पादकत्व बढ्छ। जस्तैः मकैसँग बोडी लगाउँदा बोडीले माटोमा मलिलोपना पनि बढाउँछ। त्यसै गरी डिलडिलमा पहेँलो फूल फुल्ने बाली तथा बिरुवा लगाउन सकियो भने यसले लाही कीरालाई आकर्षण गर्दछ। त्यसैले मुख्य बाली यसको आक्रमणबाट जोगिन्छ।

मिश्रित रुपमा धेरै बालीहरु लगाउँदा जलवायु परिवर्तनका कारणले सिर्जित खडेरी तथा अन्य प्रकोपबाट कुनै एक बालीमा असर परे पनि यी प्रकोपसँग जुध्न सक्ने बालीले त उत्पादन दिने नै भए। यसले गर्दा परिवारको खाद्यसुरक्षामा सकारात्मक प्रभाव पर्छ।

### संरक्षण खनजोत (Conservation Tillage):

भिरालो जमिन अन्न-उत्पादनका लागि त्यति उपयुक्त मानिन्न तर पनि बाध्यतावश उत्पादन गर्नु पऱ्यो भने प्रशस्त खनजोत नगरीकनै खेती गर्न सकिने तरिकामध्ये संरक्षण खनजोत पनि एक हो। यसलाई बालीका लागि आवश्यक पर्ने ठाउँमा मात्र खोस्रेर वा प्वाल पारेर गरिने खेतीप्रणाली पनि भन्न सकिन्छ। यसबाट बाली-उत्पादन मेहनत कम लाग्ने हुनाले बाली-उत्पादनको लागतमा कमी आउछ। भू-क्षय कम हुने भिरालो जग्गाबाट पनि उत्तिकै उत्पादन लिन सकिने; र माटोमा चिस्यानको मात्रा पनि कमी नहुने हुन्छ।

### ढकन बाली (Cover Crops):

गुणस्तर ह्रास भएको भूमिलाई सुधार गर्न जमिनको माथिल्लो भागलाई स्थायी घाँस वा कोसे बिरुवाका प्रजातिबाट घना रुपमा ढाक्ने गरी बिरुवा हुर्काउने प्रविधिलाई ढकन बाली भनिन्छ। यसले जमिनको ओसिलोपन बचाई राख्नाका अतिरिक्त माटाको उर्वराशक्तिमा सुधार ल्याउनका निमित्त प्राङ्गारिक पदार्थ थपिन गई माटाको भौतिक, रासायनिक तथा जैविक क्रियाकलापलाई बढाउँदछ। जनावरका लागि घाँस एवम् जमिनका झारपातलाई नियन्त्रण गरी गोडमेल खर्च कम गराउनु यस प्रविधिको अर्को फाइदा हो। ढकन बालीका रुपमा विशेष गरी भटमास, बोडी र मासजस्ता कोसे बालीहरु प्रयोगमा ल्याउन सकिन्छ।

दीगो बाली व्यवस्थापन कृषि क्षेत्रमा जलवायु उत्पन्न प्रकोपबाट बच्नका लागि गर्न सकिने महत्वपूर्ण केही अनुकूलनका उपायमध्ये दिगो बाली व्यवस्थापनको उपाय पनि एक हो। त्यसमा पनि महत्वपूर्ण केही उपायहरु तल प्रस्तुत गरिएका छन् र बालीमा विविधीकरणका उपायहरु र माटोका उर्वराशक्ति बढाएर कृषि-उत्पादनमा वृद्धि ल्याउने व्यवस्थापनका तौरतरिकाहरु दिगो बाली व्यवस्थापन अन्तर्गत पर्दछन्।

### बाली विविधीकरण (Crop Diversification)

आफूसँग भएको जग्गामा एकै प्रकृतिको बाली लगाउने गर्नाले कुनै प्रकोप आइहालेमा भोकै बस्नुपर्ने अवस्था आउन सक्छ। हामीले गर्दै आएको खेतीप्रणालीमा विविधता ल्याउन सकेमा जलवायु परिवर्तनको प्रभावसँग सजिलैसँग जुध्न सकिन्छ। उदाहरणका लागि हामीले आफ्नो जग्गामा मकै मात्र लगाएका छौं र यदि कुनै समयमा मकैमा खडेरी वा रोगकीराको प्रकोप भएमा कम अर्थात् नगन्य उत्पादन लिन सक्छौं तर सोही जग्गामा मकैसँगै अन्य बालीहरु पनि लगायौं भने मकैको उत्पादनमा ह्रास भए पनि अन्य बालीको उत्पादनले गर्दा नोक्सानी कम गराउन सकिन्छ। यसरी एउटै जग्गामा एकै समयमा एकभन्दा बढी बाली लगाई

उत्पादन बढी लिन सकिने प्रविधिलाई बाली विविधीकरण विधि भनिन्छ । बाली विविधीकरण गर्दा विभिन्न गुणहरु भएका जस्तैः बढी उत्पादन दिने, रोगकीरा सहने, खडेरी सहनेजस्ता बालीहरुलाई लगाउँदा जलवायु परिवर्तनका प्रभावहरुको असर लाई कम गराउन सकिन्छ ।

### जैविक विधिद्वारा रोगकीराको व्यवस्थापन (Ecological Pest Management)

आजकल किसानहरुले बाली बिरुवामा लाग्ने रोगकीराको नियन्त्रणका लागि रसायनिक पदार्थको प्रयोग बढी मात्रामा गर्ने गरेको पाइन्छ । यसबाट रसायनिक पदार्थको अभाव भएमा कम उत्पादन मै चित्त बुझाउनुपर्ने अवस्था आइसकेको छ । प्राङ्गारिक तरिका अर्थात् शत्रुजीवहरुबाट रोगहरुको उपचार गर्न सकेमा त्यसको दिगो व्यवस्थापन गर्न सकिन्छ । यसबाट कृत्रिम रुपमा देखा पर्ने समस्याबाट मुक्ति पाउन सकिन्छ । यसका लागि गाईबस्तुको मूत्रमा विभिन्न गन्ध आउने र बास्ना आउने वनस्पतिहरुलाई कुवाएर जैविक विषादी बनाउन सकिन्छ । यी प्रविधिहरु किसानको मौलिक ज्ञान र सीपमा आधारित हुने हुँदा यसको दिगोपनामा समेत विश्वस्त हुन सकिन्छ र यसलाई रसायनिक पदार्थको उचित विकल्पको रुपमा समेत लिन सकिन्छ । प्रमुखतः तीतेपाती, टिमुर, नीम, बकाइनो, सिस्नु, खिर्रो आदि बिरुवाबाट जैविक विषादी बनाउने गरिन्छ ।

समुदायमा आधारित जैविक विविधता व्यवस्थापन जैविक विविधता भन्नाले यस संसारमा रहेका जीव र वनस्पतिहरुको भिन्नता, प्रकार तथा तिनीहरुबीचको अन्तरसम्बन्ध एवम् प्राणी, वनस्पति तथा सूक्ष्म जीवहरुमा पाइने विविधता र तिनीहरुको संयोजन सम्झनुपर्दछ । समुदायमा आधारित जैविक विविधता व्यवस्थापन स्थानीय समुदायको अगुवाइमा गरिने सहभागितामूलक तरिका हो । यसले कृषि जैविक विविधताको यथास्थान (प्राकृतिक वासस्थान)मा संरक्षणका विभिन्न योजनाहरु बनाउनमा स्थानीय समुदायलाई सशक्तीकरण गर्दछ । मूलतः समुदायस्तरमा स्थानीय समुदायकै पहलमा गरिने विभिन्न जैविक विविधताको पहिचान, संरक्षण, प्रवर्धन एवम् दिगो उपयोगलाई समुदायमा आधारित जैविक विविधता व्यवस्थापन भनिन्छ ।

स्थानीय रैथाने बाली तथा जातहरु (रोगकीरा तथा अन्य बाहिरी प्रकोप सहन सक्ने) को पहिचान, त्यसको अभिलेखीकरण, प्रवर्धन र दिगो उपयोगका तौरतरिकाको पहिचान र त्यसको प्रयोग गरेर समुदायको आर्थिक अवस्थामा सुधार ल्याउनु; र समुदाय सशक्तीकरण कार्यक्रम जस्तैः घुम्ती कोषको परिचालनबाट समुदायका विपन्न वर्गका व्यक्तिहरुको आर्थिक स्रोतमा पहुँच पुऱ्याउँछ ।

विभिन्न वातावरणमैत्री क्रियाकलापहरुलाई अवलम्बन गर्नु (जस्तैः गोठे मल सुधार, गँड्यौले मल तथा अन्य प्राङ्गारिक खेतीका कार्यक्रमहरु र सामुदायिक बीउ बैंक स्थापना, यसको सरल व्यवस्थापनमार्फत स्थानीय स्तरमा रहेका खडेरी, बाढी तथा रोगकीराहरुको प्रकोप सहन सक्ने बालीहरुको संरक्षण र उपयोग गर्न सकिन्छ ।

सहभागितामूलक बाली प्रजनन कार्यक्रममार्फत विभिन्न असामान्य परिस्थिति सहन सक्ने जातहरुको छनोट तथा विकास कार्यक्रमको आयोजना गरी स्रोत घरबगैंचा स्थापना र व्यवस्थापनमार्फत स्थानीय कम प्रयोगमा आएका बालीहरुको संरक्षण र प्रवर्धन गर्न सकिन्छ ।

## बस्ती जोगाउने रहर : जैविक तटबन्धनको सामुदायिक पहल

– **पिंकी कुमारी चौधरी**, सामुदायिक प्रशिक्षक, सहकर्मी समाज, भजनी–८

काँडा नदीको किनारमै रहेको खैरा गाउँ वर्षेनी आउने बाढीबाट सताइँदै आएको छ। बाढीले घरमा पानी पस्ने, जमिन कटान गरी बगर बनाउने र धेरै परिवारलाई घरबारविहीन बनाउने जस्ता गम्भीर समस्याहरू ल्याउने गरेको छ । यस्तो अवस्था बारम्बार दोहोरिँदा स्थानीयवासी निराश र चिन्तित थिए ।

तर, समस्याको समाधान खोज्ने प्रयासहरू निरन्तर भइरहे । यसै क्रममा गौरी टोल विकास संस्था र जयलक्ष्मी टोल विकास संस्थाको सामूहिक छलफलबाट समाधानको सार्थक सुरुवात भयो । सहकर्मी समाजद्वारा परिचालित सामुदायिक प्रशिक्षक पिंकी कुमारी चौधरी र बाबुराम चौधरीको सहजीकरणमा बाढी कटानको विषयमा समुदायस्तरीय छलफल सुरु भयो ।

यो छलफलमा १२० जना सहभागी थिए, जसमा ९३ जना महिला र २७ जना पुरुष थिए। छलफलमा सबैको साझा चासो बस्तीको सुरक्षा र समस्याको दिगो समाधानमा केन्द्रित थियो । "हामी आफैं समाधानको बाटो खोज्न सक्दैनौं र ?" भन्ने प्रश्नले सबैलाई गम्भीर बनायो। यस प्रश्नले सामूहिक चेतना जगायो। छलफलपछि समुदायले निर्णय गर्यो – अब अरुको मुख नताक्ने, आफैं उपाय निकाल्ने। यसैबाट सुरुवात भयो जैविक तटबन्धनको अभियान। टोल विकास संस्थाको अगुवाइमा वडा कार्यालय, पालिकाको विपद् शाखा र स्थानीय समुदायसँग समन्वय गरी योजना निर्माण गरियो । ५०० बोरा विपद् शाखाबाट, माटो व्यवस्थापनका लागि डोजर वडा कार्यालयबाट र श्रमदान तथा रेखदेख समुदायले आफैँबाट गरियो ।

यस अभियानमा रामजानकी टोल विकास संस्था समेत सक्रिय सहयोगीका रूपमा जोडियो । समुदायका करिब २५० जनाको सहभागितामा १०० मिटर लामो जैविक तटबन्धन निर्माण गरियो। यो केवल तटबन्धन मात्र निर्माण थिएन, समुदायको आत्मबल र एकताको प्रदर्शन थियो ।

पंकज चौधरी, वडा नं. ८ का वडाध्यक्ष भन्छन् "समुदायले आफैँले यस्तो पहल गर्नु गर्वको कुरा हो । वडाले पनि सक्दो सहयोग गरेको छ। यो नागरिक जिम्मेवारीको उत्कृष्ट नमूना हो ।"

बिर बहादुर चौधरी, गौरी टोल विकास संस्थाका अध्यक्ष भन्छन् "हामी आफैले योजना बनाएर काम सुरु गर्यौं । आज हाम्रो टोल सुरक्षित छ । अब यसको दीगो संरक्षणका लागि योजना बनाउँदैछौं ।"

यो केवल बस्ती बचाउने अभियान थिएन, साझा चेतना र सामूहिक उत्तरदायित्वको पुनर्जागरण पनि थियो। अब समुदाय केवल भौतिक संरचना निर्माणमा सीमित छैन, उनीहरूले वातावरणीय स्थायित्व र विपद् न्यूनीकरणलाई पनि विकासको अनिवार्य अंश मानेका छन् ।

यो कथाको मूल संदेश परिवर्तनका लागि ठूलो बजेट र बाह्य योजना चाहिँदैन, समुदायको संलग्नता र समस्यामा आधारित सोच नै पर्याप्त छ। विकास नागरिकको हक हो र त्यसको नेतृत्व पनि नागरिक आफैँले गर्न सक्छन् ।

# आफ्नै पौरख

## तरकारी खेतिमा सरीता राना

सरिता राना भेरी नगरपालिका वडा नं. १० भुरको पट्वानीमा टोलमा बस्छीन् । उनको समुहको स्थापना २०७९ साल असारमा भएको हो। उनको समुहमा जम्मा सदस्य १९ जना छन्। उनी अहिले ५० बर्षको भइन । उनको परिवारमा श्रीमान् २ छोरा, २ छोरी, २ बुहारी नाती नातिना गरी जम्मा ११ जनाको परीवार छन् । ठूलो परिवार भएपनि बुढा बुढी एक्लै बस्दै आएको र उनी एकदम मेहनेती र लगनशिल सदस्य हुन्। संस्थाबाट प्राप्त १० हजार सहयोगले सरिताले तरकारी खेती गरी गरिरहेकी छन्।



सरिता राना घर चलाउन मासिक बचत गर्न तरकारी खेतिका पैसालेनै चलाउदै आएको बताउछीन् । उनी र उनको श्रीमान् मिलेर १ कठ्ठा जमिनमा आलु, टमाटर, लसुन, प्याज, भाजी, काउली, बन्द र धनिया जस्ता मिश्रीत खेती गर्दै आएकी छन् । उनी एक सिजनमा १५ हजार कमाइ रहेकी छन् । अहिले आफुलाइ सहज होस् भनि सानो खुद्रा पसल पनि संगसंगै गर्न थालेकी छन् । तरकारी खेतिको कुनै पनि तालिम लिएकी छैनन भन्छीन जहाँ इच्छा त्याहा उपाय उनले हरेक मासिक तथा साप्ताहिक बैठकमा पोषण करेशाबारी घर बगैचा जस्ता छलफलले प्रभाबित भएकी थिए । कसरी तरकारी खेति गर्ने होला सोचि रहन्थे यसै क्रममा भेरी सामुदायिक विकास मञ्चबाट विभिन्न टोल बिकास संस्थामा बिउ बाड्ने क्रममा सिस्ने हिमाल टोल विकास सस्थालाई पनि छनोट गरियो । त्यसमा मलाई छनोट गर्नुभयो । भेरी नगरपालिका १० को पट्वानी भौगोलिक बिकटताको रुपमा हेर्ने हो भने कुनै नदि नाला खोला नभएको र हिउँदमा र बर्षादको समयमा साना तिना मुहानमा पानी जम्मा हुने ठूलो खडेरी पर्दा सुकेर जाने त्यो ठाउँमा उदाहरण बनेकी छन् । मुहान वरपरको पानी जम्मा गरेर तरकारी उत्पादन गरेको बताउछिन् । सिस्ने हिमाल टोल बिकास संस्था भेरी सामुदायिक बिकास मञ्चको सहजिकरण पछाडी गठन भएको हो। अहिले उनले जनजागरण मुलसमितिबाट रु. १६ लिएकी छन्। अबको केहि समयमा खुद्रा पसलको लागि घुम्ती बनाउने तरकारी खेतीको लागी बिउ टनेल खरिद गर्ने घर वरपर विभिन्न आँप अनार कागती लिचि आदीका बिरुवा रोप्ने बेमौसमी तरकारी उमार्ने निर्णाय गरेकी छन्। उनी भन्छीन सिस्ने हिमाल टोल विकास संस्थाले तरकारी खेतीको लागी आफुलाई छनौट गरेको र भेरी सामुदायिक बिकास मञ्चले बिउ उपलब्ध गराएकोमा हार्दिक धन्यवाद दिन चाहान्छु।

भन्छीन सरिता राना थप काम गर्ने उर्जा मिलेको छ। पहिले घर खर्च चलाउन पनि धौधौ हुन्थ्यो । अहिले सहजै घर खर्च चलाउन र खेतिपाती गर्न सकिन्छ। पहिले पहिले अर्काको ज्याला मजदुरीमा दिन बिताउने गर्थे अहिले आफनै खेतबारीमा ब्यस्त हुन्छु। आजभोली ताजा तरकारी खाना पाएकोछ। आम्दानी भएको छ। हामी श्रीमान् श्रीमती छोरा बुहारी सवैजना खुसि छौ । आँट गरेर कामको सुरुवात गर्दै गऱ्यो भने सबैको सहयोग पाइदो रहेछ भन्ने सिकाइ भएको छ। अब यस व्यवसायलाई निरन्तरता गरिरहने छु।

**- दिपेन्द्रराज कार्की**

कार्यक्रम व्यवस्थापक, भेरी सामुदायिक विकास मञ्च

## टोलविकास संस्थाको बचत कोषबाट खुद्रा पसल व्यवसायले घरका आर्थिक अवस्था सुधार

जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं १२ चापटा टोलमा बस्ने ४० वर्षकी मंगला सुनार जनजागरण टोल विकास संस्थाकी अध्यक्ष हुन । उनको घरमा ७ जनाको परिवारको रहेको छ। घरमा परिवारको संख्या धेरै भएकाले घर ब्यवहार तथा घर खर्च चलाउन र छोरा छोरीलाई पढाउन निकै गारो भएको छ । परिवारको आर्थिक अवस्था कमजोर भएकै कारणले गर्दा श्रीमान रोजगारको शिलशिलामा भारत जानुभएको छ।

उनको श्रीमानले भारतमा कमाएको पैसाले छोरा छोरीको स्कुल फी तिर्न र लता कपडा किन्न ठिक्कै मुस्किल हुने गर्दछ। घरको दैनिक छाक टार्न र बिरामी पर्दा उपचार गर्न एकदमै मुस्किल पर्ने र अरुसँग सापटी लिनु पर्ने बाध्यता छ। सामुदायमा विगत केहि वर्ष अघि देखि बस्दै आएको जनजागरण टोल विकास संस्थामा प्रत्येक महिनामा बैठक बस्ने र विभिन्न विषय बस्तुहरुमा छलफल गरी सहजीकरण गरिदै आएको छ । एक दिनको छलफल सहजीकरणमा बचत कोषमा रहेको रकम व्यवसाय काममा लगानी भन्ने शिर्षकमा छलफल चलेपछि मंगला सुनारले त्यो समुदाय नजिकै कतै पनि पसलहरु नभएको र खुद्रापसल गर्ने उद्देश्यका साथ उक्त बैठकमा उठेको बचत कोष रु ४० हजार रुपैयाँ ऋण लिएर खुद्रा पसल व्यवसाय सुरु गरिन।



समुदाय एउटा मात्र पसल भएकोले गर्दा उनको खुद्रा पसल व्यवसाय राम्रो चल्न थाल्यो । उनले मासिक रुपमा ५ देखी १० हजार सम्म आम्दानी गर्न थालिन । उनले जनजागरण टोल विकास संस्थाबाट लिएको ऋण १ वर्षमै साँवा र व्याज तिरेर पनि उनको खुद्रा पसल व्यवसायबाट आएको मुनाफा रु २५ हजारले परिवारको गुजरा चलाउन, छोरा छोरीको पढाइ खर्च, टिउसन फी तिर्न सहज हुदै आइरहेको र अहिले घरपरिवार चलाउनलाई सानो तिनो केहि समस्या नपर्ने कुरा बताउछिन मंगला। अहिले श्रीमानूले कमाएको पैसाको बचत हुन थालेको छ। फेरी पनि टोल विकास संस्थाको बचतबाट रु २० हजार लिएर खुद्रा पसलमा सामान थप गरिन र टोलविकास संस्थाका अरु दिदि बहिनीहरुलाई पनि परिवारको आर्थिक अवस्था सुधार गर्नको लागी कुनै पनि व्यवसायिक काम सुरु गर्नु पर्ने कुराको जानकारी गराउछिन्।

**- दिपेन्द्रराज कार्की,** कार्यक्रम व्यवस्थापक

भेरी सामुदायिक विकास मञ्च, जाजरकोट

## कुखुरा पालन व्यवसायबाट परिवारको जिवन स्तरमा सुधार

समुहमा मासिक बचत रु. १०० जम्मा गर्ने पैसा नभएपछि समुह छोडन तयार भएकी गंगा अहिले आयआर्जनका लागि घुम्ती खोलेर बोइलर काट्न सुरु गरेकी छन् । गंगा राना भेरी नगरपालिका १० आलीमा जन्मेर भुर गाउँमा बिहे गरेर गएकी थिन् । उनको परिवारमा ३ छोरा सासु ससुरा श्रीमान् गरी ७ जनाको परिवार थियो । स्कुलको नाममा ३ कक्षा सम्म पढेकी थिइन उनलाई हरहिसाब सम्म राख्न आउदैनन्थ्यो । उनका श्रीमान् सधै छिमेकी देश भारतमा ज्याला मजदुर गरेर घर खर्च चलाउन र साहुको ऋण तिर्ने काम गर्छन ।

उनी पनि दशै तिहार मानेर श्रीमानूसंग बर्षौ भारतमा ज्याला मज्दुरी गदैं आएकी थिइन । उनको घरमा ७ जनाको परिवार भए पनि जग्गा जमिन कम भएको आफ्नै उत्पादनले ३ महिना मात्र खान पुग्ने बाकी ९ महिना किनेरै खानुपर्ने त्यही ज्याला मजदुरी गरेर खाने भएको हुदा उनी श्रीमानूसँगै भारतमा जानुपर्ने भएको थियो । बुढा सासु ससुराले ती बच्चाहरुको लालन पालन गर्दै आएका थिए ।



२०७५ सालमा सहकर्मी समाजले गठन गरेको ज्योतिमाला समुहको सदस्यको रुपमा २०७७ सालमा बस्दा रु. १०० रुपैया पनि नपाउने ३, ४ महिनाको एकै चोटि जम्मा गर्ने गर्थिन । समूहले बचत तथा ऋण परिचालन गरेको थियो । घरबाट बाहिर नजाने बोल्न लाज मान्ने तर समूहमा बसे पछि सानो तिनो काम गर्ने सोचमाको विकास भयो । सवै जनाले ऋण लिर्दै व्यवसाय गर्दै गर्न थाले । र उनले ऋण लिन गाह्रो माने लिए पनि डरले समयमै बुझाउने कुनै व्यवसाय नगरेर बुझाउने गर्थिन एक दिन समुहमा चुहिने घैटोको अभ्यास संगसंगै बचत व्यवस्थापन सम्बन्धमा ब्यापक रुपमा छलफल भयो । सवै जनाले सक्रिय रुपमा भाग लिए र त्यहाँकै एक जना बाजेले पहिला पहिला सानोमा साहुले लिएको चर्को ब्याजको ऋण अनि दिएको सास्तीको बारेमा बताउँदै गए । त्यहि दिन समुहमा एक मुस्ट ४० हजार ऋण असुली भएको थियो । त्यो ३ जना व्यवसाय गर्ने सदस्यलाई लगानी गर्ने निर्णय गरियो । तिन जना मध्ये उनी एकले कुखुरा पालन गर्ने अरु २ जनाले बाखा पालन गर्ने निर्णय गरी ऋण लगानी गरियो । उनले २०८० साल साउन महिनमा रु. २० हजार ऋण लिएर सुरुमा कुखुरापालन गरिन कुखुरा पाल्दै गर्दा धेरै जसो ग्राहकहरुले सिगै कुखुरा लिदा धेरै गुनासो गर्ने कोहि दिन दिनै खाने मान्छे भेटिन थाले । यसरी सोचलाई राख्दै उनले २०८१ माघ देखि बोइलर काट्नको लागी एउटा सानो घुम्ती खोलिन पहिलेको ऋण बुझाइ सकेकोले समूहबाट ऋण २० हजार लिएर एउटा फिरिज किनिन र सानो घुम्तिबाट बोइलर कुखुरा काटेर बिक्री गर्न थालिन । चाडपर्वको बेला १० किलो देखि २० किलो सम्म बिक्रि हुन्छ । भन्ने अरु बेला ५ के.जि. ७, ८ के जि सम्ममा बिक्रि हुने बताउछिन । तिहार तथा चाड पर्वमा भ्याइ नभ्याइ हुने र अरु बेला खाली बस्ने भएको हुदाँ सँगसँगै सानो सानो खुद्रा पसल पनि खोलेकी छन् । पसलको सामान बेचेर नुन तेल बचत गर्ने भएको र कुखुरा कटिङबाट छोराहरुको पढाइ खर्च र चामल खान पुग्ने बताउछिन् । महिनामा १५ देखि २० हजार सम्मा हुने बताउछिन । यहि आम्दानीले यसरी विभिन्न समस्या टार्न सहज भएको र अब श्रीमानकै मुख ताक्नु नपरेको बताउछिन् । साथी संगीको अगाडि राम्रो लगाउन र मिठो खान थालेको कुरा बताउछिन । मेरो व्यवसायले श्रीमान् ज्यादै खुसि हुनुभएको छ । भन्छिन अबको दुइ चार महिना पछि कुखुरा पालनको लागी पसलको नजिकै खोर निर्माण गर्ने योजना बनाइएको बताउ छिन् । समूहका सदस्यले पनि उनको व्यवसायमा हौसला दिने साथ र सहयोग दिएको कुरा बताउछिन आफुले पनि व्यवसायलाई निरन्तरता दिने प्रतिबद्धता गरेकी छन् ।

**- भद्रकला शाही**
सामुदायिक प्रशिक्षक,
भेरी सामुदायकि विकास मञ्च, जाजरकोट

## टोलविकास संस्थाद्वारा राहत सहयोग

जाजरकोट जिल्लाको भेरी नगरपालिका वडा नं १२ मा रहेको लेखवेशी टोलविकास संस्था ६ वर्ष अगाडी गठन गरी सञ्चालनमा आईरहेको छ । यो टोलविकास संस्थाको स्थापना २०७४ साल साउन महिनाको १५ गते भएको थियो । टोल विकास संस्था गठन भए सँगै बचत कार्य पनि सुरु गरिएको थियो । जसले गर्दा समुदायमा बचत गर्ने बानिको विकास भएको छ । यसरी टोल विकास संस्थामा पहिलेको समयलाई फर्केर हेर्दा टोल विकास संस्था आफैमा एउटा सहकारी संस्था जस्तो देखिन थालेको छ । टोलविकास संस्थामा बचत कोषको मात्र काम नभएर नियमित रुपमा बैठक बस्ने र टोलमा रहेको चासोका विषयहरुमा छलफल गरेर सहजीकरण गर्दे सामाधानका उपायहरुमा योजना बनाउदे कार्यन्वयन गर्ने आदि कुराहरुमा कता कता समुदायमा एउटा छुट्टै प्रभाव पर्न थाल्यो । समुदायमा किन, कस्तो, कसले र कसरी जस्ता प्रश्नहरुको विश्लेषणसँगै समुदायमा रहेका कुनै व्यक्तिलाई आपत, विपद् जस्ता समस्याहरु आईपरेमा टोल विकास संस्थाको ठुलो भूमिका रहेको छ ।



भरखरै मात्र २०८२ साल साउन महिनाको १३ गतेको अविरल वर्षातका कारण यस लेखवेशि टोल समुदायमा रहेका श्रीमान् गोपाल कामी र श्रीमती जानकी कामीको घर अविरल वर्षातका कारण भत्किएर तहस नहस भएको थियो । उहाँको घरमा श्रीमान् श्रीमती र ४ छोरा गरी जम्मा ६ जनाको परिवार रहेको छ । २ छोरा र श्रीमान भने रोजगारको शिलशिलामा भारत जानुभएको थियो घर भत्किएको कारण घरमा रहनु भएका २ छोरा र श्रीमतीको लागि गाँस, बास र आवासको पिडामा छटपटाई रहनु भएको थियो ।

उहाँको परिवार टोल विकास संस्थामा आवद्ध नभएपनि लेखवेशि टोल विकास संस्थाका सदस्यहरुको दयालु स्वभावले प्रत्येक सदस्यले आफुसँग भएको खाद्यान्न अर्न्तरगत ५ बोतल तेल, ८ प्याकेट नुन ,२५ केजीका १० बोरी चामल, नगद रकम रु १२,२६०।- ५ सेट कपडा ३ सेट बिस्तरा जस्ता विभिन्न सरसामानहरु लिएर उहाँको घरमा सहयोग र समर्थनको लागी पुगेर सहयोग हस्तान्तरण गरे । यस टोल विकास संस्थाको सहयोग, समर्थन र सक्रियता देखेर विपद्को जोखिममा परेकी जानकी कामीको आँखाबाट हर्षका आँसु थाम्नै मुस्किल भयो । टोल विकास संस्थाको यो सहयोगले गर्दा अहिले उहाँको परिवारमा केहि राहत जम्मा भएर परिवारको दैनिक अवस्था गुजरा गर्न सहज भएको छ। अहिले जानकी कामी भन्छिन लेखवेशि टोल विकास संस्थाका दिदि बहिनीहरुले गरेको सहयोग जीवन भर कहिले पनि भूल्ने छैन म पनि तपाईहरुको टोल विकास संस्थामा बस्ने जानकारी गर्दे खुसि ब्यक्त गर्छिन ।

**- कल्पना शाही,** सामुदायिक प्रशिक्षक,
भेरी सामुदायिक विकास मञ्च, जाजरकोट

## घर नजिक सोतामा थुप्रिने फोहोर अब खाल्डोमा

घरको नजिक एउटा सोता छ, त्यही सोतामा घरमा प्रयोग भई सकेका प्रयोग गर्न नमिल्ने सामानहरु जस्तैः प्लाष्टिक कागज, बोतल, सीसा, फुटेका प्लाष्टिक भाडाहरु, पुराना कपडाहरु यत्रतत्र छरिएको देखिन्थ्यो । सोता भएकाले बर्षा याममा भेल बग्ने हुदा त्यहाँ फालिएको फोहोर बगाएर लगी अन्य ठाउँमा समेत पुग्ने गर्थ्यो । जसले गर्दा बाटोमा आवतजावत गर्दा पनि अव्यवस्थित देखिन्थ्यो ।



फना पुलामी अहिले ६५ बर्षकी भइन् । उनको घर बंगलाचुली गाउँपालिका वडा न.४ काभ्रे बागिटोलमा पर्दछ । उनी त्यहीँ टोलमा सहकर्मी समाज नेपालद्वारा गठित तथा समाज विकास संजाल दाङ द्वारा संचालित बागिविकास समूहको सदस्य हुन् । समूहमा बसेर उनलाई धैरै फाइदा भएको कुरा उनी सुनाउँछिन् । समूहमा बसेपछि मासिक रुपमा आफ्नो बचत हुनुका साथै विभिन्न छलफल तथा अन्तरकृयामा सहभागी भई सिक्ने र योजना बनाई काम गरेकाले अरु समेत उनको काम हेरेर सिक्न सक्ने भएका छन् ।

अहिले उनले घरको आगन नजिक एउटा राम्रो चिटिक्कको फोहोर फाल्ने खाडल बनाएकी छिन् । उनको घरमा अहिले पनि पहिलेको जस्तै फोहोर निस्किनछ तर अहिले व्यस्थित छ, उनले घरबाट निस्किएको फोहोरलाई छुट्याएर त्यही खाडल जम्मा गर्छिन् । उनले बनाएको खाल्डो एउटा मात्र छ, खाडलमा उनले नकुहिने फोहोर मात्र जम्मा गर्छिन् भने कुहिने फोहोरलाई भैंसीको मलखादमा जम्मा गरी प्राङगारिक मल बनाउने गर्छिन् । अहिले उनको घर वरिपरी यत्रतत्र छरिएको रहेको फोहोर देखिदैंन, आउँदाजादा बाटोमा हिड्दा व्यवस्थित देखिन्छ। घरमा आउँने दिदीबहिनीहरुले पनि खाडल राम्रो मानी यस्तै खाडल बनाउँने प्रतिज्ञा गर्छन् ।

देख्दा सामान्य देखिएता पनि यसको महत्त्व धेरै रहेछ । यो एउटा इज्जतको कुरा पनि रहेछ । समूहमा बसेर सिकेर यो खाडल बनाउँन प्रेरित भएको भन्दै समूह संस्था प्रति धन्यवाद दिदैं खुसी व्यक्त गर्दछिन् ।

**- उमा बुढा**
सामुदायिक प्रशिक्षक, काभ्रे, दाङ

## तरकारी खेती बन्न पुग्यो आम्दानीको स्रोत

दाङ जिल्ला बंगलाचुली गाउँपालिका वडा नं. २ स्युजा पाखापनि रहेको हिमाली समूहको सदस्य हुन सुन्तली कमेनी । अहिले उनी ५३ बर्ष को भईन । उनको घरमा श्रीमान्, २ छोरा, २ बुहारी, २ नाति गरी ८ जनाको परिवार रहेको छ ।

पहिले गाउँमै हरियो तरकारी फलेको कहिले देखिदैन थियो हरियो तरकारी खानको लागि बर्षायाममा मकै बारीमा फलेको कुनु पर्दथ्यो । गाउँमा कुनै शुभ कार्यमा काम गर्दा सधै बजारबाट तरकारी किनेर खुवाउनु पर्ने बाध्यता थियो । तर अहिले उनको घरमा बार्है महिना तरकारी देख्न सकिन्न सिजनल र बेसिजनल तरकारी खेती र च्याउ खेती गरी सुन्तलीले गाउँका हरेक घरलाई तरकारी पुराउँदै आएकी छिन् । उनको त्यो तरकारी खेती गरेको देखेर अरुले पनि करेसाबारी तरकारी खेती गर्न थालेका छन् । आफ्नै गाउँमा तरकारी खेती र च्याउ खेती गरेर उनले बार्षिक १ देखि १ लाख ५० हजार सम्म आम्दानी गर्दै आएकी छिन ।



सुन्तली गाउँमा रहेको हिमाली समूहको सदस्य हुन । उनले गाउँको समूहमा हुने छलफल र योजना बनाई काम गर्दा आयमुलक कामको लागि मात्र ऋण पाईने हुँदा उनले तरकारी खेती गर्ने मनसाय बनाईन र उक्त कामको सुरुवात गरिन उनी समाज विकास संजालले संचालन गरेको तरकारी खेती तालिममा पनि सहभागि हुने अवसर पाएकी थिईन तरकारी खेतीको बारेमा जानकार भएकाले उनलाई काम गर्नमा कुनै समस्या नभएको कुरा सुनाउछिन उनी ।

२० हजार समूहको कोषबाट सुरुवात गरेको उनको पेशा फस्टाउदै गएको छ । उनको मेहेनत देखेर बंगलाचुली गाउँपालिका वडा नं २ वडा कार्यलयबाट १ लाख रुपैया सिचाई पोखरीको लागी अनुदान पनि पाएर पक्की पोखरी निर्माण गरेकी छिन् । गाउँमै बसेर काम गर्दा नमुना कृषकको रुममा परिचित भएकी छु । समूहमा बसेर मैले कहाँबाट अनुदान आउछ आफु कसरी व्यवसायी बन्ने भन्ने सबै जानकारी प्राप्त गरेको छु । भारतमा रोजगारीमा गएको छोरा अहिले घरमै बसेर व्यवसायमा साथ दिईरहेको छ । मेहनत र परिश्रम गरे जहा बसेपनि पैसा कमाउन सकिन्छ भन्दै आफ्ना अनुभव सुनाउछिन सुन्तली कमेनी

**- पवित्रा रिजाल**
सामुदायिक प्रशिक्षक, स्यूजा, दाङ

## हिमाको बंगुर र बाख्रा पालनले फस्टाउदै गयो आम्दानी

दाङ जिल्ला बंगलाचली ५ साकिने टोलमा बस्ने हिमा अहिले ३२ बर्षकी भईन । हिमाको घरमा अहिले सासु, ससुरा, श्रीमान्, २ छोरी र १ छोरा गरी जम्मा ७ जनाको परीवार छ । उनी मिहिनती र लगनशिल महिला हुन । उनको सासु ससुरा बुढा भएका छन् । श्रीमान नेपाल आर्मी बन्ने हुटहुटीमा तालिम गर्दै थिए । घरको अबस्था कमजोर हुदै गएकाले उनले समाज विकास संजालबाट लगेको रु २० हजार घुम्तीकोषको रकमबाट बंगुर पालनको सुरुवात गरिन । ५ वटा बंगुरको पाठा किनेर सुरुवात गरेकी उनले बर्षमा १ लाख ५० पचास आम्दानी गरिन र उक्त पैसाबाट २ वटा बाख्रा पनि खरिद गरिन र बाकी पैसा घर खर्चमा लगाईन । घरको अबस्थामा विस्तारै सुधार हुदै गयो र उनको श्रीमानले पनि देखेका सपना नेपाल आर्मी बन्ने पुरा भयो । अहिले उनले बाख्रा र बंगुरपालनलाई बढाउदै गएकी छिन । जसले २ छोरी १ छोरालाई पढाउन, घरखर्च चलाउन मद्दत पुगेको छ ।श्रीमानले कमाएको पैसा बचत भएको छ ।



उनी समाजसेवा समूहको सचिब हुन् । समूहमा आबद्ध हुन पाउँदा हिमाले धेरै राम्रा र खुसीका कुराहरु सूनाउछिन । समूहले गर्दा नै मैले आफ्नो जीवन जिउने तरका सिकेको छु । समूहमा बचत गर्ने काम मात्र नभई महिनाको पहिलो शुक्रबार समूहको २४ जना सदस्य मिली बाटो टोल सरसफाई गर्छौ । समूहमा हुने विभिन्न छलफल अन्तरक्रियाले गर्दा गाउँमा बस्ने सदस्यहरुको क्षमता विकास भएको छ। गाउँमा आयआर्जन मुखी क्रियाकलापहरु बढेका छन् । कसैले बाख्रा, कसैले बंगुर, कसैले फलफुल खेती गरेका छौ । हिजोको दिनमा भोगेका दुख सम्झदै उनि भन्छिन मैले दुख गरेको पेशालाई छोड्दिन यसैले गर्दा मेरो घर चलेको हो । पछि श्रीमान् आर्मीबाट रिटायर भयर फर्कनु भयो भने यहि पेशा अगाल्न सहयोग मिल्नेछ भन्छिन् हिमा ।

**- विपना थापा**

सामुदायिक प्रशिक्षक, लोहारपानी, दाङ

## नेतृत्व तहमा पुग्दै बंगलाचुलीका महिलाहरु

बंगलाचुली गाउँपालिकाको डाडा पाखा भरिका गाउँहरूमा महिलाको जीवन सधैं परम्पराको साँघुरो घेरा भित्रै सीमित थियो । बिहान बेलुकाको घरधन्दा, खेतबारी र बालबच्चाको हेरचाह यही उनीहरूको संसार थियो । समुदायका कार्यक्रम सभा वा योजनाहरुमा उनीहरूको उपस्थिति अकल्पनिय थियो । सार्वजनिक जिम्मेवारी त परै जाओस्, आफ्ना कुरा खुलेर राख्न पनि डराउने अवस्था थियो । तर समय बदलिँदै गयो । समाज विकास संजालको समूहमा बसेर थुप्रै कार्यक्रममा सहभागि हुने मौका मिलेको थियो तर आफैले नेतृत्व गरेर योजनाको काम गर्ने मौका मिलेको थिएन । सन् २०२३ मा वाटर जस्टिस फन्ड अन्तर्गत सुरु भएको एक अनुदान परियोजनाले तीन महिलाको जीवनमा आश्चर्यजनक मोड ल्यायो ।



श्रीबारीकी सिवा ओली, फाटाकी दिला कुमारी पुन र पन्थाटोलकी टीका डाँगी तीनै जना आ-आफ्नो समूहबाट परियोजना प्रयोगकर्ता समितिको सदस्यमा चयन भए । यो जिम्मेवारी उनीहरूका लागि नयाँ थियो, अनौठो थियो, र केही हदसम्म डर लाग्दो पनि । के हामीले सक्छौं त ? गल्ती भयो भने के होला ? शुरुको दिनमा उनीहरूको मन यस्तै प्रश्नले भरिएको थियो । तर समाज विकास संजालको साथ सहयोगले हामीले गर्न सक्छौ भन्ने हौसला पलायो ।

**- बासुदेव भण्डारी (कार्यक्रम प्रबन्धक)**

समाज विकास संजाल, समुदायमा आधारित कार्यसंजाल, बंगलाचुली गाउँपालिका, दाङ्ग

## सिवा ओली - आत्मविश्वासको नयाँ परिभाषा

एक समय आफ्नै विचार राख्न हिच्किचाउने सिवा अहिले गाउँसभामा ठोक्किएर बोल्छिन् । जनचेतना समूहकी सक्रिय सदस्यका रूपमा उनले योजना छनोट देखि कार्यान्वयनसम्म महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेकी छन् । निर्माण कार्यमा समानुपातिक स्रोतको वितरणमा उनले निष्पक्षता र पारदर्शितालाई प्राथमिकता दिएकी छन् । उनी भन्छिन्, पहिला म आफूलाई कमजोर ठान्थें । अब म गाउँका सबै सरोकारवालासँग आत्मविश्वासका साथ कुरा गर्छु । समूह देखि मुल समिति हुदै समाज विकासको सदस्यको रुपमा कार्यरत हुँदै आज राजनितिक दलको सह सचिव भएर काम गरिरहेको छु । महिलाले केही गर्न सक्दैनन् भन्ने कुराको आज पानीका लागि न्यायकोष कार्यक्रमको योजनाको अध्यक्ष भएपछि महिलाले पनि गर्न सक्छन भन्ने कुराको पुष्टि भएको छ । गाउँघरका मानिसहरुले नेतानि भई भनेर कुरा काट्नेको आज मुख बन्द भएको छ । मैले अध्यक्ष भएर निर्माण गरेको ड्याम देख्दा मानिसहरु अचम्मित भएका छन् । महिला होस त शिवा वलि जस्तै भन्ने गाउँमा चर्चा चल्न थालेको छ । हिजोको दिनमा भेट्दा नबोल्ने नेताहरु आजभोली बोलाउन थालेका छन् । शिवाको यो परिवर्तनले अन्य महिलामा पनि आत्म निर्भरताको जग बसाएको छ ।



## डिला कुमारी पुन - हिच्किचाहटबाट नेतृत्वतर्फ



'छहरे समूह' मार्फत अगाडि बढेकी दिला कुमारीको यात्रा अझै रोचक छ। पहिलो पटक योजनाको जिम्मेवारी पाएपछि बजार जानुपर्ने भयो। "सुरुमा त हात खुट्टा काम्यो," उनी सम्झिन्छिन्, "तर म गएँ, पसलेसँग मोलमोलाइ गरेँ, गाउँलेलाई श्रममा जुटाएँ, अनि हिसाब किताब राखेँ।" आज दिला कुमारीको नाम गाउँमा इमान्दार नेतृत्वकर्ताका रूपमा लिइन्छ। निर्णय लिन सक्ने क्षमता, व्यवहारिकता र समुदायप्रतिको उत्तरदायित्वका कारण उनलाई सबैले सम्मान गर्छन्। उनि भन्छिन गाउँमा महिला योजनाको अध्यक्ष बनाएर काम गर्ने पहिलो संस्था समाज विकास संजाल हो। पहिले महिला अध्यक्षले कसरी काम गर्न सक्छन भनेर वडा अध्यक्ष लगायतले विरोध पनि गरेका थिए तर समाज विकास संजालको बासुदेव भण्डारी सरले सक्छन यसको जिम्मेवारी म भए भने पछि उनिहरु चुप लागे र म मा काम गर्ने आट पनि पलाएर आयो। काम गर्ने क्रममा हरेक दिन मैले काम गरेको ठाउँमा हेर्न जान्थे आफै काम गर्थे कसरी यो योजनालाई सफल बनाउने भन्नेमा मेरो सोच थियो केहि बिग्रियोकी भनेर बारम्बार समाज विकासको सरलाई सोध्थे उहाँले हरेक पटक दिने हौसलाले म मा काम गर्ने थप उर्जा मिल्थ्यो। गाउँका मानिसहरुले पनि महिला अध्यक्ष भएको देखेर केहिले असफल बनाउन लागे तर म सफल भए सोचे भन्दा नतिजा राम्रो भयो।

## टीका डाँगी - विश्वासिलो संयोजकको उदय

'हिमचुली समूह' मार्फत सामुदायिक जीवनमा सक्रिय भएकी टीका डाँगी पहिले कहिल्यै नेतृत्वमा देखिएकी थिइनन्। तर एकपटक जिम्मेवारी लिए पछि उनले कार्यतालिका मिलाउने, निर्माणको निगरानी गर्ने र लेखा परीक्षणमा कुशलता देखाइन्। सधैं अरूको पछि लाग्ने मानिने टीका आज गाउँमा एक भरोसा योग्य संयोजकको रूपमा उभिएकी छन्। उनका कुरा सुन्छन्, सुझाव लिन्छन्, र सहयोगका लागि उनीतिर फर्किन्छन्। काम गर्ने क्रममा थुप्रै राजिनितिक कारण अबरोधहरु सृजना भए तर निडर भएर काममा खटि रहिन। समूहको निडर भएर सिमेनट खानी लगाएतका सरोकारवालाहरुसंग समन्वय गर्दै गइन् र कामलाई थप प्रभावकारी बनाउने अठोट लिइन। सबैले उनलाई असफल बनाउन प्रयत्नमा लागिरहे आफ्नै वडा अध्यक्षले यो योजनाको अध्यक्ष पुरुष बनाउनु पर्छ भनेर आफ्नै कार्यक्रर्ताको नाम लिदा पनि उनि डगमडाइनन्। उनी भन्छिन बिचैमा काम छाडेर जान्छु भन्ने जस्तो बनाए तर बासुदेव सरले र पालिकाको अध्यक्षले जसरी भएपनि यो काम सक्काउनु पर्छ काम गर्नुस हामी छम भनेपछी हुक्कका साथमा काम गरे अहिले ४ लाखको काम ६ लाखले पनि नपुग्ने भन्दै ती स्थानीयहरु कानेखुसी गरेको सुन्दा राम्रो गरेको आभास हुन्छ। हिजोको दिनमा काम गर्दा नमस्ते गर्दा नमस्कार नफर्काउने स्थानीय दाईहरु आज बहिनी के छ भनेर आफैले बोलाउँदै छन् यो कुराले खुसी बनाउछ मलाई।



## तालिम पछि सहयोगी बने अध्यक्ष जनता राम

सुदूरपश्चिम प्रदेश कैलाली जिल्ला भजनी नगरपालिका वार्ड नं. ४ का कुडी बासी दोस्रो कार्यकालका लागि निर्वाचित वडा अध्यक्ष जनता राम चौधरी हुन्। इमान्दार, सहयोगी नेताका रुपमा परिचित भए तापनि टोल विकास संस्थाप्रतिको गलत बुझाइले गर्दा उनको बिचारमा टोल विकास संस्थाले गाउँ फुटाउने गाउँमा विभेद ल्याउन सक्ने भलमन्सा प्रथा हटाउन सक्ने समुदाय र जनप्रतिनिधि बिचको सम्बन्धलाई नकारात्मक बनाउन सक्ने र भविष्यमा विभिन्न जटिलता अवस्था ल्याउन सक्ने जस्ता नकारात्मक धारणा रहेको थियो, भने अर्को तिर जब टोल विकासको सुरुवाती चरणमा सहकर्मी समाजका कर्मचारीहरु समन्वय गर्न जादा वहाँले टोल विकास संस्थाको आवश्यक नरहेको र उहाँले टोल विकास संस्थालाई कुनै पनि किसिमको सहयोग गर्न असमर्थ रहेको र संस्थाले आफ्नो कार्यक्रम जसरी संचालन गरोस उहाँलाई त्यो कुरामा कुनै चासो नरहेको बताउनु भएको थियो।

जब सहकर्मी समाजले आयोजना गरेको जनप्रतिनिधि तथा पालिकाका कर्मचारीहरुका लागि क्षमता विकास तालिम कोहलपुर बाँकेबाट फिर्ता हुनु भयो त्यस पछि जनताराम टोल विकास संस्थाको अवधारणाप्रति स्पष्ट भई सकारात्मक हुँदै टोल विकासका कामहरुमा अध्यक्षले सहयोग गर्न तत्पर हुनु भयो।

यसरी समुदायमा छलफलका गतिबिधिबारे चासो दिने र समुदाय तथा सामुदायिक प्रशिक्षकलाई समय समयमा बुझ्ने र आवश्यक सरसल्लाह सुझाव दिने गरेको र आवश्यक परेको बेला सरोकारवालालाई समन्वय गर्न सहयोग पनि गर्नु भएको छ र आगामी दिनमा पनि टोल विकासको काममा हातेमालो गर्ने तत्परताका साथ सहयोगी बनेका छन्।

**- मनिषा कुमारी चौधरी**
भजनी ४ कैलाली

## टोल विकास संस्थाले मच्चायो भजनीमा हलचल

कैलाली जिल्ला भजनी नगरपालिका विकासको गतिमा विगत लामो समय देखि सुस्त रहेको थियो। स्थानीय जनताको आवाज प्रशासनसम्म पुग्न नसक्दा जनजीवनमा ठूलो कठिनाइका साथै ४ वटा नदी मोहना, कान्द्रा, पथरिया र काढा नदीले घेरेको अवस्थामा बाढीले झन् सबै भजनी बासि सधै डुवानमा परी बर्षेनी करोडौंको धनजनको क्षति हुन्छ। यिनै समस्याका बीच दि एसिया फाउनडेशनको आर्थिक सहयोग र सहकर्मी समाजको सहजीकरणमा भजनी नगरपालिकामा टोल

विकास संस्थाको अबधारणाबाट जनसहभागितामा स्थानीय विपद् न्यूनिकरण र जलवायु परिवर्तनका असरहरु घटाउन प्रयत्नशिल रहि स्थानीय सरकारको अभियानमा सहभागी हुने योजना रहेकोछ ।

सुरुवातमा भजनी न.पा.का जनप्रतिनिधि तथा अगुवा व्यक्तित्वहरुमा टोल विकास संस्थाले गाउँ विभाजन हुने र भलमन्सा प्रथा कमजोर हुने जस्ता नकारात्मक एवम भ्रामक कुराले भजनीमा हलचल मच्चिएको थियो र स्थानीय संचार माध्यमहरुमा समेत टोल विकास संस्थाको चर्चा भएको थियो सबै जनप्रतिनिधि, भलमन्सा, समाजसेबी, अगुवा व्यक्तित्वहरुलाई टोल विकास सस्थाको बारेमा कौतुहलता जाग्यो यसको काम के होला ? यसको महत्व के होला ? टोल विकास संस्थाबारेमा भजनी भरी व्यापक चर्चा चल्यो ।

यसै क्रममा क्रमसः जनप्रतिनिधि भलमन्सा, समाजसेबी, अगुवा व्यक्तित्वहरुलाई जलवायु अनुकुलन रणनीति तथा टोल विकास संस्थाको अवधारणा र परिचालन सम्बन्धि तालिम प्राप्त गरेपछि गलत बुझाई बिस्तारै हट्दै गयो । आज टोल विकासको नाम मात्र सुन्दा पनि भजनीका जनताको मनमा प्रेरणा पैदा भएको छ ।

**- नीशा चौधरी,** भजनी ९

## मानवीय विकासमा जोड दिदै भजनीका जनप्रतिनिधिहरु

भजनी नगरपालिका विपद् जोखिमको निकै संकतासंनाता क्षेत्रमा परेको पालिका हो । जहाँ विकास भन्दा वढी विपद् न्यूनीकरणमा व्यस्त भएको देखिन्छ। बजेटको आधा जति भाग जोखिम न्यूनीकरण गर्न खर्च भएको देखिन्छ । त्यसकारण जनप्रतिनिधिहरुलाई नेतृत्व गर्न निकै गार्हो भएको अवस्था थियो ।

यसै विच सहकर्मी समाज र भजनी नगरपालिकाको समन्वयमा टोल विकासको अबधारणा आईसके पछी भजनीका जनप्रतिनिधिहरुलाई भलमन्सा प्रथा कमजोर हुने, गाउँ विभाजन हुने डरले टोल विकास सस्था गठन हुन् नदिने भन्ने घोषणा गरेका थिए ।

यद्यपी टोल तथा पालिकामा निरन्तर छलफल समन्वय सहजीकरणबाट सहकर्मी समाजले आयोजना गरेको जनप्रतिनिधिका लागि कोहलपुरमा तालिममा सहभागी भए पश्चात भौतिक विकास संग संगै मानविय विकासमा जोड दिन थालेका छन् ।

यसरी भजनीका जनप्रतिनिधिहरु टोल विकासको अवधारणा र नीति अनुसार विगतका दिनमा भएका भौतिक संरचनाको विकासलाई संरक्षण सम्वर्धन र अपनत्व जव सम्म टोलवासीले ग्रहण गर्दैनन् भने तव सम्म विकासले गति लिन सक्दैन भन्ने मान्यतालाई मनन गरेका छन् ।

**- पिंकी चौधरी,** भजनी ८

## घुम्तिकोष रकमबाट वार्षिक ५० हजार आम्दानी

जनचेतना समुहकी सदस्य भिमा सुनारले घुम्तिकोष मार्फत प्राप्त गरेको २२ हजार रकमले सुरु गरेको बाख्रापालन ब्यवसायबाट एक वर्षमा ५० हजार आम्दानी गरिन ।



छेडागाड नगरपालिका वडा नम्वर २ कि भिमा सुनार ४० वर्षकी भइन् २ छोरा १ छोरी र सासु सहित ५ जनाको परिवार छ ३७ वर्षको उमेरमा श्रीमान् गुमाएकी भिमालाई छोराछोरी हुकाउन र पढाउन ज्यादै समस्या हुँदै आइरहेको छ । मान्छे लगाएर गरेको खेतीपातीबाट ४ महिना पनि खान पुग्दैन समूहबाट समय समयमा ऋण लिएर घर खर्च गर्ने गर्थिन त्यो ऋण तिर्न सारै समस्या हुन्यो समस्या भएपनि अरुको ज्याला मजदुर गरेर समयमै ऋण तिर्ने गर्थिन । अन्य आम्दानीको श्रोत केही नभएको घरमा कमाउने मान्छे कोही नभएकोले उनी आफ्नो भाईसंग १ वर्ष भारतको हिमाचल प्रदेशमा मजदुरी गर्ने गइन र त्यहाँको दैनिक गरिने कामले उनलाई ज्यादै पिडा दिइरहेको थियो घरमा जेठो छोरा ११, छोरी ९ र सानो छोरा ७ कक्षामा पढ्दै थिए खर्च ब्यवस्थापन गर्न समस्या नै थियो त्यो समयमा उनको मनमा अनेकौ कुराहरुले खेल्ले गरिरहेकै थिए । उनले समूहमा हुने विभिन्न छलफल मध्ये आयआर्जन कसरी गर्ने सकिन्छ भन्ने छलफललाई सम्झना थालिन र उनको मनमा घरमा गएर समुहबाट पैसा लिएर बाख्रापालन ब्यवसाय गर्छु भन्ने बिचार आयो र उनी १ वर्ष भारतको मजदुरी सकेर नेपाल आईन भारत हुँदा पनि उनले घरमा पैसा पठाएर समूहको नियमित बचत गरी रहन्थिन समूहले यीनको इमान्दारिताको कदर गरिरहेको थियो र उनको समस्यालाई बताइ राख्नु पर्ने थिएन उनको यर्थाथ समूहका सबै सदस्यलाई थाहा भएकै विषय थियो उनलाई समूहको तर्फबाट कसरी सहयोग गर्न सकिन्छ भन्ने समुहका सदस्यलाई चिन्ताको बिषय बनिरहेकै थियो । यसै क्रममा मिति २०८१ जेष्ठ १२ गतेको बैठकमा पश्चिम जाजरकोट विकास समाजबाट प्राप्त २२ हजार रुपैया समुहका सदस्य बुझाए र समुहले त्यो पैसा १ वर्ष सम्म ब्याज नमाग्ने गरी भिमा सुनारलाई दिने निर्णय भयो र समूहबाट थप १५ हजार रुपैयाँ लिएर ३ वटा बाख्रा खरिद गरिन ३ वटै बाख्राले पहिले पटक ३ वटा बोके पाठा दिए ११ महिना पछि उनले ३ वटा खसी ५० हजारमा बेचिन र २२ हजार समूहमा फिर्ता गरिसकिन बाँकी पैसाबाट अन्य खर्च चलाईन अहिले उनका घरमा ८ वटा बाख्रा छन् उनका जेठो छोराले १२ पास गरे र आर्थिक अभाव कै कारण अब पढ्न नसकिने र आमाको दुखलाई कम गर्ने र भाई बहिनीलाई पढाउनका लागी आफु कमाउन जाने योजना बनाएका छन् । बाख्रापालनबाट अहिले भिमा ज्यादै खुसी छन् अबका दिनमा सामान्य खर्च गर्न समस्या नहुने कुरा बताउछिन यो समुहबाट लिएको सानो रकमबाट सुरु गरेको बाख्रापालन उदारणिय भएको बताउछन समुहका सदस्य मान बहादुर रावत र अहिले उनको यो बाख्रापालन अन्य सदस्यलाई प्रेरणको श्रोत बनेको छ ।

अन्तमा उनी भन्छिन अब यो ब्यवसायलाई निरन्तरता दिने बाहेक आफ्नो केहि बिकल्प नभएको र अव यसैमा निरन्तर लागि रहने असल ब्यवसायी बन्ने योजना बनाएको बताउछिन् । साथै उनी थप्छिन यो समूहमा हुने नियमित छलफल र भारतमा गरेको त्यो दुःख मेरा जिबनमा असल मार्गदर्शन हो यो समूहमा नबसेको भएमा फेरी भारत जानुको बिकल्प हुने थिएन यो समूहले मलाई खुसी हुने मौका दिएको छ समुह र घुम्तिकोष दिने संस्थालाई हृदयदेखी धन्यवाद दिन चाहान्छु ।

**- राम प्रसाद जैसी,** कार्यक्रम ब्यवस्थापक

## तरकारी ब्यवसायी बन्दै दुर्गा बोहरा

शिवालय गाउँपालिका वडा नम्बर ८ लयाँटाकी दुर्गा बोहरा सुन्दरवस्ति समुहकि अध्यक्ष हुन । उनका २ छोरा, १ श्रीमान् र आफुसहित ४ जनाको परिवार रहेको छ। सानो परिवार भएता पनि उनलाई छोराहरुको पढाई खर्च र घरमा चाहिने अन्य खर्चको ब्यवस्थापन गर्न अलि समस्या नै हुने गर्दछ यस्ता समस्या समाधानका लागी उनलाई बेला बेलामा खेतीपाती बाहेक अन्य के काम गर्ने होला भन्ने कुरा मनमा खेलिरहन्थ्यो ।



उनले मनमा लागेका कुरालाई बेला बेलामा समुहका बैठकमा उठाउने गरिरहन्थिन समुहमा हुने नियमित करेशावारी खेती, घरबगैचा तथा अन्य आयआर्जन सम्बन्धी छलफलमा उनी सक्रियरुपमा भाग लिने गर्थिन यसै छलफबाट उनले तरकारी खेती गर्ने योजना बनाइन र समुहको सहकार्यमा पश्चिम जाजरकोट विकास समाजबाट ब्यवसायिक तरकारी खेती गर्नका लागी रु १० हजार रुपैयाँ लिएर आलु, बन्दा, काउली, धनिया, प्याज, टमाटर लगायतका बिउहरु र अन्य आवश्यक समानहरु किनेर ब्यवसायको सुरुवात गरेकी छन् अहिले उनको बारीमा आलु, काउली, बन्दा, लसुन लगायतका अन्य मसला बालीहरु प्रसस्त मात्रामा रहेको छ । यसरी दुर्गाले गरेको तरकारी खेती देखेर उनका श्रीमान् बालाराम बोहरा पनि खुसी छन् उनले पनि तरकारी गोडमेल र पानी लगाउने काममा सहयोग गर्ने गरिरहेका छन् ।

यसरी छोटो समयमा उनले गरेको तरकारी खेती देखेर समुहका अन्य सदस्यहरुले पनि अब तरकारी खेती गर्ने र यस सुन्दरवस्ती समुहलाई तरकारी खेतीको समुहको रुपमा लैजाने कुरा बताउछिन समुहकी सचिव सर्मिला पौडेल। यो समुह रहेको स्थान ओसीलो र सिचाइ योग्य ठाउँ भएता पनि यहाँका सबै मानिसहरु अन्य अन्न बाली मात्र लगाउने गर्ने गरीरहेको बेला उनले गरेको यो ब्यवसायले अहिले चर्चा पाउने गरेको छ। अहिले सुरु गरेको ब्यवसायिक तरकारी खेतीलाई निरन्तरता दिदै यो वर्षमा कम्तीमा आलु, बन्दा र काउली बेचेर ३० हजार आम्दानी गर्ने योजना रहेको बताउछिन दुर्गा बोहोरा । यसरी तरकारी तथा अन्य नगदे बाली खेती गर्दा जंगली जनावाले सताउने गरेको र प्लास्टिक टनेल नभएकोले बेमौसमी तरकारी खेती गर्न समस्या रहेको कुरा दुर्गाले बताइन ।

अन्तमा यसरी ब्यवसायमा लाग्न प्रेरित गर्ने पश्चिम जाजरकोट बिकास समाज र सुन्दरवस्ति समुहलाई धन्यबाद दिदै ब्यवसायलाई ब्यवस्थित बनाउदै आगामी दिनहरु यसै ब्यवसायमा बिताउने योजना बनाएको बताउछिन् ।

**- सान्ता बि.क .**, सामुदायिक प्रशिक्षक
पश्चिम जाजरकोट विकास समाज

## तरकारी खेतीबाट एक सिजनमा २० हजार आम्दानी

शिवालय गाउँपालिका वडा नम्बर २ नेपाकी कस्तुरा घर्ती चन्द्रसुर्य कृषक समुहकी उपाध्यक्ष हुन। उनका २ छोरा, १ छोरी, श्रीमान् र आफुसहित ५ जनाको परिवार रहेको छ। उनका श्रीमान्ले दैनिक ज्याला मजदुरी गर्दछन् भने कस्तुरा घरायसी काममा ब्यस्त हुने गर्दछिन् घर खर्च र छोरा छोरीको पढाई खर्च ब्यवस्थापन गर्न समस्या छ उनको जेठो छोरा १२ कक्षा कान्छो छोरा ९ र छोरी कक्षा ६ मा पढिरहेका छन् ।



श्रीमानले ज्याला मजदुरी गरेर कमाएको पैसाले सबै खर्च ब्यवस्थापन कस्तुराले करेशावारी खेती राम्रोसंग गरिरहेकी छन् समूहमा हुने नियमित करेशावारी खेती, घरबगैचा तथा अन्य आय आर्जन सम्बन्धि छलफलमा उनी सक्रिय रुपमा भाग लिने गर्थिन यसै छलफबाट उनले ब्यवसायिक तरकारी खेती गर्ने योजना बनाइन तरकारी खेती गर्नका लागी समूहबाट रु. ३५ हजार आफ्नो ७ हजार रुपैयाँबाट एउटा प्लास्टिक टनेल आलु, बन्दा, काउली, धनिया, प्याज, टमाटरको बिउहरु अन्य आवश्यक सामानहरु किनेर ब्यवसायको सुरुवात गरेकी हुन् अहिले उनले समूहबाट लिएको रकम फिर्ता गरिसकेकी छन् । उनको बारीमा आलु, काउली, टमाटर, बन्दा, लसुन लगायतका अन्य मसला बालीहरु प्रसस्त मात्रामा रहेको छ । यसरी कस्तुराले गरेको तरकारी खेती देखेर उनका श्रीमान पनि खुसी छन उनले कहिले काहि तरकारी गोडमेल र पानी लगाउने काममा सहयोग गर्ने गरिरहेका छन् ।

यसरी छोटो समयमा उनले गरेको तरकारी खेती देखेर समूहका अन्य समुह सदस्यहरु खुसी भएको बताउछिन समुहकी कोषाध्यक्ष बिर्मा घर्ती यो समुह रहेको स्थान ओसिलो र सिचाइ योग्य ठाउँ भएता पनि यस समुहका सबै सदस्यहरुले तरकारी खेती गर्न सकिरहेका छैनन् धेरै जनाले परम्परागत रुपमा गरिने खाद्यान्न बाली लगाइरहेका छन् यसबाट मानिसले जिवन निर्वाह बाहेक अरु केही परिवर्तन हुन नसक्ने र अब सवै सदस्यहरुले केहि न केहि व्यवसाय अगाल्नु गर्ने समय आएको बताउछन समुहका सचिब टोप बहादुर घर्ती । कस्तुराले यो सिजनमा काउली, बन्दा, टमाटर, सिमी, लसुन बिक्री गरेर २० हजार आम्दानी गरिन र यस पटक ३० हजार आम्दानी गर्ने योजना रहे को बताउछिन् खाद्यान्न बाली खेती गर्दा जंगली जनावरले सताउने गरेको र आगामी दिनमा यसै तरकारी खेतीलाई निरन्तरता योजना रहेको र हिजो आज पनि बन्दा तयार भएको र बेच्न सुरु गरिसकेको बताउछिन् उनलाई घरको काम र तर कारी खेती भ्याइ नभ्याइ भएको छ अहिले तर कारी खेतीका लागी श्रीमाले केही समय दिए पनि आवश्यकता अनुसारको समय दिन सकी रहेका छैनन । तरकारी खेतीबाट भएको आम्दानी देखेर उनी प्रभावित भएका छन् । कस्तुराले श्रीमानलाई आगामी समयमा यसै पेशामा लगाउने योजना बनाएकी छन् ।

यसरी ब्यवसायमा लाग्न प्रेरित गर्ने पश्चिम जाजरकोट बिकास समाज र चन्द्रसुर्य कृषक समुहलाई धन्यबाद दिदै ब्यवसायलाई ब्यवस्थित बनाउँदै आगामी दिनहरु यसै ब्यवसायमा बिताउने योजना बनाएको बताउछिन ।

**- सीता शर्मा**, सामुदायिक प्रशिक्षक
पश्चिम जाजरकोट विकास समाज

## किराना पसलबाट मासिक १५ हजार आम्दानी गर्दै सुनिता शाही

शिवालय-७ भिउसकी ३५ वर्षिय सुनिता शाही मिलन समूहकी सदस्य हुन् उनका १ छोरी, २ छोरा श्रीमान् गरी ५ जनाको परिवार छ सधै कृषि र घरयासी काममा ब्यस्त हुने सुनिताले आफ्नो घर नजिकै रहेको चन्द्र ज्योति आधारभुत बिद्यालय नजिक किराना पसल सुरु गरेर दैनिक ४ देखी ५ हजार सम्मको ब्यापार गर्ने थालेकी छन् ।



उनका श्रीमानले १२ कक्षा सम्म अध्ययन गरेता पनि केहि रोजगारी नभएकाले उनले कहिले भारतमा गएर कहिले नेपालमै ज्याला मजदुरी गर्दछन् त्यहि मजदुरी गरेर कमाएको पैसाले छोरा छोरीको पढाई खर्च अन्य घरयासी खर्चहरु ब्यवस्थापन ज्यादै समस्या छ। १ छोरा बिरेन्द्र माध्यामिक बिद्यालयमा पढ्छन भने १ छोरी र १ छोरा चन्द्रज्योती आधारभुत बिद्यालयमा पढ्छन । श्रीमानले कमाइको पैसाले मात्रले परिवार चलाउन समस्या भैरहेको अवस्थामा आयआर्जनको लागी के गर्ने भन्ने कुराले सताइरहे कै थियो तर आर्थिक अभावले उनले केहि काम पनि गर्न सकिरहेकी थिइनन् उनको घरमा २ वटा गोरु, ५ वटा बाख्रा, करेशावारी खेती र १०/१२ वटा कुखुराहरु पालिरहेकी छन् भने खेतबारी धान कोदो र मकैको खेती गर्दछन् जग्गा ज्यादै भिरालो र सिचाई योग्य नभएकाले उत्पादित अन्नले ५ महिना मात्र खाना पुग्ने गर्दछ। यसै क्रममा उनले समुहमा नियमित हुने छलफल मध्ये पौष महिनामा चलेको आयआर्जन बृद्धि सम्बन्धि छलफलमा उनीले सक्रियरुपमा भाग लिइन यसै छलफबाट थप प्रभावित भएर उनले किराना पसल गर्ने योजना समुहमा बताइन समुहले पसल स्थापनाका लागी रु ५२ हजार रुपैयाँ र आफ्नो ५० हजार रुपैया लगानी गरेर २०८१ साल पौष महिनाको अन्तिम हप्तादेखी सुरुवात गरेकी हुन अहिले उनको पसलमा ग्राहकहरुले दैनिक उपभोगका सवै सामानहरु सजिलै पाउने गरेका छन् । दैनिक ४ देखी ५ हजार सम्म ब्यपारबाट मासिकरुपमा १५ हजार सम्म आम्दानी हुने गरेको बताउछिन अहिले आफ्नो घरमा चाहिने सामानहरु पसलबाट नै चलाएको यो चैत्र महिना देखी मासिक रुपमा कमाएको रकमको ५० प्रतिशत रकम बचत गर्ने र ५० प्रतिशत रकम छोराछोरीको पढाई लेखाइमा खर्च गर्ने गरेको र अब पसलमा चप्पलको ब्यापार पनि थप्ने योजना बनाएको, पसल सन्चालन गरेको स्थान घर नजिकै भएकोले पशुपालनलाई पनि निरन्तरता दिइराख्ने बताउँ छिन् सुनीता शाही । उनले बोल्ने शैली र ब्यापारलाई ज्यादै मन पराएकाले उनकै पसलमा सामान किन्न जाने गरेको बताउछिन एक जना ग्राहक राममाया शाही।



अहिले उनलाई सामान बिक्री गर्न भ्याइ नभ्याइ भएको छ अब श्रीमानलाई पनि अन्य काम गर्ने छुटाएर यहि पसलमै सहयोग गर्ने र नजिकै एउटा कुखुराको फर्म खोल्ने त्यही कुखुरा फर्म सन्चालन गर्ने योजना बनाएका छौ। यसरी ब्यवसायमा लाग्न प्रेरित गर्ने पश्चिम जाजरकोट बिकास समाज र मिलन समूहलाई धन्यवाद दिदै आगामी दिनहरु यसै ब्यवसायमा बिताउने योजना बनाएको बताउछिन ।

**- कल्पना कुमारी राउत,** सामुदायिक प्रशिक्षक
पश्चिम जाजरकोट विकास समाज

## रन्जिता चौधरीले कमाईन च्याउ खेतीबाट चार लाख साठी हजार

टीकापुर नगरपालिका वडा नं. १ शक्तिनगरस्थित दिगो टोल विकास संस्था २०८० सालमा गठन भएको संस्था हो। यस टोल विकास संस्थामा ५५ जना सदस्य रहेका छन्। टोल विकास संस्था गठन तथा परिचालन परियोजना अन्तरगत सहकर्मी समाजले टोल विकास संस्थामा सहजिकरणको काम निरन्तर गरिरहेको छ।



सुरुमा टोल विकास संस्थाको बैठकमा सहभागि कमै उपस्थित भए पनि टोलको बैठक निरन्तर बस्दै जादा सहभागि संख्या पनि बढ्दै गयो । टोल विकास संस्थाका सदस्यहरुको सक्रियता बढ्दै गयो समुदायमा विभिन्न समस्याहरु माथि छलफल गर्ने र योजना बनाएर काम गर्ने परिपाटी बस्न थाल्यो । वडा कार्यालय, नगरपालिका र अन्य सरोकारवालासंग समन्वय भेटघाट पनि गर्न थाल्यो टोलका सदस्यहरु वडा कार्यालय र पालिकामा हुने कार्यक्रमका बारेमा टोलमा सूचना आउन थाल्यो वडामा हुने कार्यक्रममा टोल विकास संस्थाका सदस्यहरुको समेत सहभागी हुन थाले । आ.व. २०८१/०८२ को बस्ती स्तरको योजना छनौटमा सहभागि भएर आफ्नो टोलका विभिन्न मागहरु राखेको थिए। पालिकाले आर्थिक विकास अन्तरगत आय आर्जनका लागि विपन्न बर्गका लागि कन्ये च्याउ खेती प्रबद्धन कार्यक्रम अन्तरगत सूचना प्राप्त भई सकेछि दिगो टोल विकास संस्थाका सदस्य रन्जिता चौधरीले माग फारम भरिन र ३६ पाकेट च्याउको विउ वडा कार्यलयबाट प्राप्त गरिन साथै रानी जमरा कुलारिया सिंचाई आयोजनाले पनि च्याउ खेतीका लागि किसानहरुलाई सूचना प्रकाशित गरेको थियो त्यो सूचना प्राप्त भई सकेपछि त्यसमा पनि फारम भरिन र त्यहाँबाट १०० पाकेट च्याउको विउ प्राप्त गरिन साथै आफ्नै लागानीमा २०० पाकेट च्याउको विउ किनिन र ६५० मुदा परालको बनाएर च्याउ उत्पादनमा लागिन एक मुदामा कम्तीमा ३ केजी जति उत्पादन गरी जम्मा १९५० केजी च्याउ उत्पादन गरी प्रति केजी २०० देखि ४०० रुपैया सम्ममा विक्रि गरी रु. ४,६०,०००|- आम्दानी गर्न सफल भएकी छन् । रन्जीता चौधरी मुक्त कमैया



# आफ्नै पौरख

बस्तीमा बसोबास गर्नु हुन्छ उहाँका २ छोरी, १ छोरा, श्रीमान गरी ५ जनाको परिवार रहेको छ। रन्जीता भन्नु हुन्छ यो आम्दानीबाट केटा केटीलाई स्कुल पढाउने खर्च ब्यवस्थापन गरेकी छु र घर खर्च पनि यसैबाट गरेकी छु। बाँकी समय ज्याला मजदुरी गर्ने गरेकी छु। टोल विकास संस्थामा बसे पछि मैले यसरी पालिका, वडा तथा अन्यसंग संस्थाले गर्ने कार्यक्रमका बारेमा जानकरी पाउने अवसर पाए र सहयोग पनि लिन सफल भए आज भोली केही कुरा बुझ्न थाहा पाउन मन लागेमा टोल विकास संस्थाको बैठकमा र सामुदायिक सहजकर्तासंग सोध्ने गरेकी छु। टोल विकास संस्थाले गाउँ समाजको विकास गर्नका साथै स्थानीय सरकारसंग पनि समन्वय हुने भएकाले विभिन्न संग संस्थाहरुको सुचना जानकारी सजिलै पाउन सकिने र सेवा लिन सहज भएको छ।

**- हेमा चौधरी,** सामुदायिक प्रशिक्षक

## अयुष्मा चौधरीको बन्यो अपांग कार्ड

टीकापुर नगरपालिका वडा नं. ४ को ईन्द्रैया गाउँको हरियाली टोलमा रिमा चौधरी बस्नु हुन्छ। रिमा चौधरीको घरमा श्रीमान, दुई छोरी र आफु गरी ४ जनाको परिवार रहेको छ। उहाँको सात बर्षको छोरी शारिरीक अपांग छन्। उहाँको श्रीमान स्थानीय ठाउँमा ज्याला मजदुरी गर्नु हुन्छ।



रिमा भन्नु हुन्छ मेरो छोरी बच्चा देखी विरामी थियो छोरी एक महिना सत्र दिन हुदा नै विरामी भईन र उपचारको सिलसिलामा कोहलपुर लगियो शरिर नचल्ने र छातीमा सानो प्वाल भएको जस्ता समस्या डाक्टरले बताउनु भयो उपचार गर्दै जादा पनि सन्चो भएन त्यस पछि अरु ठाउमा पनि देखाए तर सन्चो भएन छोरीको शारिरीक अवस्था कम्जोर हुदै गयो। छोरी आफै केही गर्न नसक्ने भएकाले स्कूल पठाउने देखी उसको हरेक काम मैले नै गर्नु पर्दछ छोरीको स्पष्ट बोली पनि छैन स्पष्ट सुन्न पनि सक्दैन त्यसैले पढाई लेखाईमा समेत समस्या छ।

उहाँले छोरीको अपांग कार्ड बनाउनका लागि धेरै प्रयास गर्नु भयो। वडाबाट सिफारीस लगेर पालिकामा जादा पनि अपांग कार्ड बनाउन नसेको कुरा बताउनु भयो। एक दिन टोलमा बैठक समाप्त भए पछि रिमाले सामुदायिक प्रशिक्षकसँग छोरीको अपांग कार्डका बारेमा कुरा गरीन कुरा गर्दै जादा सामुदायिक प्रशिक्षकले महिनाको अन्तिम शुक्रबार पालिकाका डाक्टर आउछन् वडाबाट सिफारीस लिएर नगरपालिकामा गएमा अपांग परिचय पत्र बन्छ भन्ने सल्लाह पाई सकेपछि उहाँले वडाको सिफारीस लिएर पालिका गएर छोरीको अपांग कार्ड बनाईन रिमा भन्नु हुन्छ तपाईले दिएको सल्लाह अनुसार काम गरेर अहिले मेरो छोरीको अपांग कार्ड बनेको छ र तिन-तिन महिनामा रु. ६५००।- भत्ता पाउने गरेकी छु हाल सम्म तिन पटक भत्ता पाई सकेकि छु। छोरीले पाएको भत्ताबाट छोरीको लागि आवश्यक शैक्षिक सामग्री र पोषाक किन्ने छोरीको भत्ताबाट आएको पैसा छोरीको नाममा बैकमा खाता खोलेर जम्मा गर्ने योजना बनाएको छु भविष्यमा केही गर्न हुन्छ भनेर।

**- सिमा चौधरी,** सामुदायिक प्रशिक्षक

## अन्जना सिंहले पाईन वडा कार्यालबाट बाख्रा

टीकापुरनगरपालिका वडा नं. १ को ज्योतिनगरको बस्ने अन्जना सिंह प्रभात टोल विकास संस्थाको सदस्य हुनुहुन्छ। उनको घरमा ३ जना छोरीहरु र आफु गरी जम्मा ४ जनाको परिवारछ। उनि एकल महिला (विधुवा) हुनुन्छ उहाको उमेर ४२ बर्षको भयो उहाको श्रीमानको मृत्यु भएको ९ बर्ष भयो। छोरीहरुलाई गाउँकै सरकारी स्कूलमा पढाउने गरेकी छन्। जेठी छोरी १२ बर्षकी भईन उनी ८ कक्षामा पढ्छिन, माहिली छोरी ११ बर्षकी भईन उनि पनि ८ कक्षामा पढ्छिन भने कान्छी छोरी ९ बर्षकी भईन उनि ६ कक्षामा पढ्छिन। उहासँग १४ धुर मात्र जग्गा छ आम्दानीको श्रोत केही नभएकले केटाकेटी पढाउन लेखाउन समेत र घर खर्च चलाउन निकै गारो भएको उहा बताउनु हुन्छ। अन्जना सिंहको आम्दानीको स्रोत एकल महिला भत्ता, सानो करेशा बारी छ। एकल महिला भत्ताबाट एउटा बाख्रा किनेकि छन र अहिले वडाले दिएको एउटा बाख्रा गरी २ वटा बाख्रा रहेका छन्।



उनी टोल विकास संस्थाको बैठकमा नियमित आउने सदस्य हुन टोल विकास संस्थाको बैठकमा समुदायमा देखिएका विभिन्न समस्याहरु माथि छलफल गर्ने र वडा तथा पालिकाले गर्ने र गरिरहेका कामहरुका बारेमा सूचना जानकारी दिने काम समेत सामुदायिक प्रशिक्षकहरुले बैठकमा बताउने गर्दछन्।

मिति २०८१ माघ २४ गते बसेको टोलको बैठकमा सामुदायिक प्रशिक्षकले वडा कार्यालयबाट लक्षित बर्ग विपन्न, अति विपन्न एकल महिलाहरुका लागि बाख्रा तथा बोका वितरण कार्यक्रम भनेर सूचना प्रकाशित गरेको सूचना टोलमा सामुदायिक प्रशिक्षकले बताईन यो सुचना पाए पछि अन्जनाले पनि वडामा निवेदन हालिन र वडा कार्यालयले वहाँलाई छनौट गरेर २०८१ चैत्र १४ गते बाख्रा दिईयो अन्जनाले बाख्रा पाएपछि खुसी हुदै भन्नु हुन्छ मैले टोल विकास संस्थाको बैठकमा यो सूचना पाएको हुनाले आज वडा कार्यालयबाट बाख्रा पाए अब म मेरो आम्दानीको श्रोत बाख्रा पालनबाट नै बनाउछु वडा कार्यालयले पनि सहयोग गऱ्यो वडामा यस्ता कार्यक्रम भैरहने रहेछन पहिला त हामीलाई थाहा नै हुदैन थियो। अहिले टोल विकास संस्था आएर हामीले सबै जानकारी पाउन थाल्यौ यो सुचना टोल विकास संस्थाको बैठकमा नपाएको भए म यो सुविधा पाउने नै थिएन।

मैले टोल विकास संस्थाको बैठकबाटै सूचना पाएर ५० प्रतिशत अनुदानमा घरमा खाने पानीको धारा जडान गरेको छु। यसरी म टोल विकास संस्थाको बैठकमा बसेपछि आफ्नो मनको दुख विसाउने चौतारी पाएको महसुस गरेको छु।

**- सुस्मिता चौधरी,** सामुदायिक प्रशिक्षक

# जैविक तटबन्धन अब एउटा ठूलो पहल बनेको छ

**– सशा बखरिया** (कार्यक्रम प्रबन्धक), समावेशी विकास समाज, समुदायमा आधारीत कार्यसंजाल, गौरिगंगा नगरपालिका, कैलाली

कैलालीको दक्षिण भूभागमा वर्षौंदेखि आकस्मिक बाढी आउने समस्या विकराल रुप लिदै गएको छ। बाढी नयाँ कुरा होइन तर पछिल्ला वर्षहरूमा यसको तीव्रता र आवृत्ति बढ्दै गएको छ, जसले स्थानीय समुदायहरूलाई गहिरो असर पारेको छ। घरबारी नष्ट हुने, खेतबाली बग्ने, परिवारहरू एकै रातमा विस्थापित हुने समस्याहरू बढेका छन् । तर यिनै चुनौतीबीच एउटा बलियो, गौरिगंगा नगर पालिकाका समूहमा समुदाय-नेतृत्वको समाधान जन्मियो–र अहिले यो समाधान एक नगरपालिका बाट अर्को पालिकाका फैलिन थालेको छ।

स्थानीय सामग्री, बिरुवा, र सबैको मिलेर गरेको श्रम प्रयोग गरेर गौरिगंगा नगरपालिकामा अस्थानीयले धेरै पहिलेदेखि जैविक तटबन्धन बनाउँदै आएका छन् । यी प्रयासहरू औपचारिक योजनामा धेरै देखाइदैन थियो, तर समुदायका लागि निकै उपयोगी थिए । थोरै श्रोतबाट समुदायले इच्छाए पनि यो समाधानलाई आकार दिन सकेका थिएन।

जब सहकर्मी समाजद्वारा संचालित Water Justice Fund (WJF) कार्यक्रम गौरिगंगामा कार्यान्वयन भयो, यस कार्यक्रमका अभ्यासले मान्यता र आवश्यक सहयोग दुवै पायो। सहकर्मी समाजले कुनैपनि काम समूह, समुदायको नेतृत्वमा हुने र यस कार्यमा स्थानिय सरकारको समर्थन र अपन्वत्व हुनुपर्ने अवधारणा राख्छ। तसर्थ Water Justice Fund (WJF) कार्यक्रमद्वारा सहकर्मी समाजले समुदायको आवश्यकता/मागलाई पालिकासंग जोडनमा सहजीकरण गर्यो।

Water Justice Fund कार्यक्रमबाट साना साना अनुदान सहयोग, स्थानीय सरकारको आर्थिक सहयोग तथा सहकर्मी समाज सहयोग र समावेशी विकास समाजको सहजीकरण, हरियाली समूहको नेतृत्वमा समुदाय एक जुट भइ बलियो र प्रभावकारी २०० मिटर लामो जैविक तटबन्धन बनाएका छन्। समुदायले श्रम मात्र दिएन, आफ्ना अनुभव र सिकाइहरू पनि जोडिदिँदा काम अझ सफल बनेको छ । यो सफलताको अभियान पछि हरियाली समूहले स्थानीय स्रोत र गौरिगंगा नगरपालिका-११ वडाबाट प्राप्त बोरा प्रयोग गरी लिक्मा नदीको अर्को किनारमा थप २०० मिटर लामो जैविक तटबन्धन निर्माण गऱ्यो।



*चित्रः हरियाली समूहले स्थानीय स्रोत र गौरिगंगा नगरपालिका-११ वडाबाट प्राप्त बोरा प्रयोग गरी लिक्मा नदीको अर्को किनारमा थप २०० मिटर लामो जैविक तटबन्धन निर्माण गऱ्यो ।*

यो सिकाइ केवल गौरिगंगा नगरपालिकामा मात्रै सीमित रहेन। सहकर्मी समाजको सिकाइ अदान प्रदान कार्यक्रम, फटो/भडियोहरु सामाजिक संजालका माध्यमबाट साझा भएपछि, यो अभ्यास छिमेकी ठाउँहरूमा विशेष गरी भजनी गाउँपालिकामा पनि फैलियो। त्यहाँका समूहहरू पनि प्रेरित भए, श्रम जुटाए, सानो रकम संकलन गरे, स्थानीय सरकारसँग सहयोग मागे, र कन्द्रा नदीमा १२ किला मिटर लामो जैविक तटबन्धन बनाउन थालेका छन्।



जैविक तटबन्धन अब एउटा ठूलो सामुदायिक पहल बनेको छ। समुदायले आफ्नै ज्ञान र नेतृत्वमा आधारित भएर वातावरणमैत्री तरिकाबाट आफ्नो संरक्षण गर्न सक्ने उत्कृष्ट उदाहरण बनेको छ । स्थानीय समाधानहरू छिट्टै एक ठाउँबाट अर्को ठाउँमा फैलिन सिकाइ अदान प्रदान र सामाजिक संजाल माध्यमहरुले महत्वपूर्ण भूमीका खेलेको छ।

# तालिम पछि सहयोगी बने अध्यक्ष जनता राम

**– मनिषा कुमारी चौधरी**, भजनी ४ कैलाली

सुदूरपश्चिम प्रदेश कैलाली जिल्ला भजनी नगरपालिका वार्ड नं. ४ का कुडी बासी दोस्रो कार्यकालका लागि निर्वाचित वडा अध्यक्ष जनता राम चौधरी हुन्। इमान्दार, सहयोगी नेताका रुपमा परिचित भए तापनि टोल विकास सस्था प्रतिको गलत बुझाइले गर्दा उनको बिचारमा टोल विकास संस्थाले गाउ फुटाउने गाउमा विभेद ल्याउन सक्ने भलमन्सा प्रथा हटाउन सक्ने समुदाय र जनप्रतिनिधि बिचको सम्बन्धलाई नकारात्मक बनाउन सक्ने र भविष्यमा विभिन्न जटिलता अवस्था ल्याउन सक्ने जस्ता नकारात्मक धारणा रहेको थियो, भने अर्को तिर जब टोल विकासको सुरुवाती चरणमा सहकर्मी समाजका कर्मचारीहरु समन्वय गर्न जादा वहाँले टोल विकास संस्थाको आवश्यक नरहेको र उहाँले टोल विकास संस्थालाई कुनै पनि किसिमको सहयोग गर्न असमर्थ रहेको र संस्थाले आफ्नो कार्यक्रम जसरी संचालन गरोस उहाँलाई त्यो कुरामा कुनै चासो नरहेको बताउनु भएको थियो।

जब सहकर्मी समाजले आयोजना गरेको जनप्रतिनिधि तथा पालिकाका कर्मचारीहरुका लागि क्षमता विकास तालिम कोहलपुर, बाँकेबाट फिर्ता हुनु भयो त्यस पछि जनताराम टोल विकास संस्थाको अबधारणा प्रति स्पस्ट भइ सकारात्मक हुदै टोल बिकासका कामहरुमा अध्यक्षले सहयोग गर्न तत्पर हुनु भयो।

यसरि समुदायमा छलफलका गतिबिधिबारे चासो दिने र समुदाय तथा सामुदायिक प्रशिक्षकलाई समय समयमा बुझ्ने र आवश्यक सरसल्लाह सुझाब दिने गरेको र आवश्यक परेको बेला सरोकारवालालाई समन्वय गर्न सहयोग पनि गर्नु भएको छ र आगामी दिनमा पनि टोल विकासको काममा हातेमालो गर्ने तत्परपरता का साथ सहयोगी बनेका छन्।

# वृक्षारोपणमार्फत टोलको आफ्नै प्रयासले सुरु भयो जलवायु अनुकूलनको यात्रा

– **गोपाल चौधरी**, सामुदायिक प्रशिक्षक, भजनी-८

"**हामीले हाम्रो टोल आफैं बनाउँछौं।**" ज्योती टोल विकास संस्थाकी अध्यक्ष प्यारी देवी चौधरीले यो वाक्य कुनै भाषणको लागि भनेकी होइनन्, यो त एउटा सङ्कल्प हो । विकासमा आत्मनिर्भर बन्ने यात्रा सुरु गर्ने सङ्कल्प ।



सिराधानीस्थित ज्योती, जनचेतना र जुनेली टोल विकास संस्थाका सदस्यहरूले अब टोलको विकास कसैले आएर गरिदिन्छ भन्ने पर्खाइमा बस्न आवश्यक छैन भन्ने महसुस गरे। उनीहरूले आफ्नै पहलमा, आफ्नै हातले, आफ्नो टोलको प्राकृतिक स्रोत जोगाउन वृक्षारोपणबाट शुरुवात गरे।

२०८२ सालको असार २२ गतेको बिहान अलिक विशेष थियो। भजनी-७ का वडा अध्यक्ष अमर बहादुर कठरिया, वडा सदस्य, स्थानीय बासिन्दा र सहकर्मी समाजका सहजकर्ताहरूको उपस्थितिमा करिब २१० जना स्थानीय बासिन्दाहरू भेला भए। उनीहरूले छलफल गरे, योजना बनाए र त्यसैदिन सिराधानीको करिब १२०० मिटर लामो चेकड्याम (चरुवा) क्षेत्रमा वेसर्म (ढोधी) का बिरुवा रोपे।

यो सानो जस्तो देखिने कामले ठूलो सन्देश दियो – **स्थानीय सरकारको सहयोग र समुदायको स्वामित्वयुक्त सहभागिता मिल्दा जलवायु अनुकूलन सम्भव छ।**

सहकर्मी समाजको सहजीकरणमा सञ्चालित **स्थानीय सरकार सशक्तिकरण कार्यक्रम अन्तर्गतको "जलवायु अनुकूलन प्रवर्द्धनका लागि टोल विकास संस्था सशक्तिकरण परियोजना"** मार्फत समुदायमा रहेको ज्ञान, सीप र स्थानीय स्रोतको परिचालन हुँदै आएको थियो । सहजकर्ताहरू गोपाल चौधरी, खेमा कठायत, ममता बिक र बाबुराम चौधरीले समुदायसँग संवाद र सहकार्य गर्दै उनीहरूलाई समस्याको समाधानमा आफैंले नेतृत्व लिन सक्ने ढंगले उत्प्रेरित गरे। ज्यादा कुरा गर्ने भन्दा पनि योजना बनाएर काम थाल्ने प्रतिबद्धताका साथ टोल विकास संस्थाहरूले निर्णय गरे–**वृक्षरोपण**



कार्यक्रममा सामेल भएका जुनेली टोल विकास संस्थाका अध्यक्ष मणिराम चौधरी भन्छन् : *"हामी छलफल गर्छौं, योजना बनाउँछौं र सबै मिलेर काम गर्छौं – त्यसैले सफल हुन्छौं। अब हाम्रै बोटबिरुवा हुर्कंदैछन्, टोल हरियाली हुँदैछ।"*

यस अभियानबाट टोलबासीमा देखिएको आत्म विश्वास अब नयाँ ढोका खोल्न थालेको छ । उनीहरूले बुझ्न थालेका छन् कि **विकासका कार्यहरूमा सहभागिता मात्र होइन, स्वामित्व पनि आवश्यक छ।**



वडाध्यक्ष अमरबहादुर कठरियाका अनुसार, *"यदि हरेक टोलका मानिसहरू आफ्नो टोल विकासमा लागे भने, देशको विकास तीव्र हुन्छ। टोललाई नमूना टोल बनाउँदा वडा पनि नमूना वडामा रूपान्तरण हुन्छ।"*

यस अभियानले देखाएको छ–नदी किनारको संरक्षण, हरियाली प्रवर्द्धन, स्रोतको उपयोग र समुदायको समर्पणले जलवायु परिवर्तनको चुनौती सामना गर्न सकिन्छ।

यस अभियानले सिकाएको छ – **सशक्त समुदाय विकासको मेरुदण्ड हो ।** नागरिक सहभागिता, स्थानीय स्रोतको संरक्षण, सीपको सदुपयोग, जिम्मेवारीको बोध र नीति निर्माणमा सामेल हुने संस्कार विकास गर्नु अत्यावश्यक छ । आज सिराधानीको चेकड्याममा हुर्किंदै गरेका बिरुवाहरू एउटा सन्देश दिइरहेका छन् । *"हामी सक्छौं, यदि हामी मिलेर काम गर्छौं।"*

# टोल विकास सस्थाको अवधारणा प्रति सहयोगी बने वडा अध्यक्ष केशव बुढा

– **विष्णु चौधरी**, भजनी-५

भजनी नगरपालिका वडा न. ५ सिन्नेकोटका निवासी केशव बहादुर बुढा विगत दोस्रो कार्यकालको रुपमा निर्वाचित वडा अध्यक्ष हुन्।

सुरुवातमा टोल विकास सस्थाको अवधारणाको बारेमा कुरा नबुझे जस्तो गर्ने चासो नदिने, भोलिका दिन आईपरेको समस्याहरुमा समाधान गर्न तर्फ नलाग्ने सस्था सहकर्मी समाज संस्थाप्रति गुनासो गर्ने, टोल विकास के हो ? के टोल विकास सस्था टोलमा आवश्यक छ र ? भजनी नगरपालिकामा भौतिक तथा मानविय विकास गर्न कति गार्हो छ ? भजनी नगरपालिका विपद् जोखिम बाढी आउने डुवान क्षेत्र हो, हामी जति पनि प्रयास गर्दा पनि सकी राखेका छैनौ, जलवायु अनुकुलन प्रवर्धन अनुकुलनका लागि टोल विकास सस्था सशक्तिकरण परियोजना के नै गर्न सक्छ र ? भन्ने धारणा थियो।

तर जब सहकर्मी समाजको निरन्तर समन्वय भेटघाट र छलफलले टोल विकास संस्थाको अवधारणा र परिचालन एवम परियोजनाको लक्ष्य, उद्देश्य सम्बन्धि बुझे अनि वास्तवमा टोल विकासको अवधारणाबाट विकास गर्न सम्भव सहज र सुशासित समाजको निर्माण गर्न सकिन्छ, समतामुलक समाज निर्माण र सुन्दर समाजको निर्माण लागि मानवीय विकासमा जोड दिनु पर्छ तव मात्र दिगो विकास सम्भव छ भन्ने महसुस भयो।

तत् पश्चात सधै टोल विकासको कार्यक्रम गतिविधिमा साथ सहयोगमा दत्तचित्त भएर सहयोग गर्दै छन्। भजनीमा आइ परेका हरेक समस्या र चुनौती हामी सबै मिलेर सामना गरौला र समाधान गरौला भनि हातेमालो गर्नु हुन्छ। टोल विकासका बारेमा निकै चासोका साथ आफ्नो अन्य जनप्रतिनिधिहरु पनि परिचालन गर्नुहुन्छ।

# समूह प्रतिको आकर्षण बढ्दै

– **सीता शर्मा**, सामुदायिक प्रशिक्षक, पश्चिम जाजरकोट विकास समाज



शिवालय -३ ताङ्खामा रहेको जनशक्ति समुहको सक्रियता देखेर १५ जना सदस्य थपिएका छन् । पश्चिम जाजरकोट विकास समाजको सहजिकरणमा सन्चालित २०७१ मा स्थापित जनसक्ति समुह प्रत्येक महिनाको १३ गते ११ बजे बैठक बस्ने गर्दछ। यसरी समुहले मासिक बैठकमा गर्ने नियमित छलफलहरु र सामाजिक कामहरुबाट प्रभावित भएर समुहमा सदस्यहरु थपिएका हुन् । सधै घाँस दाउरा र चुलो चौकोका दिन बिताइरहेका दिदीबहिनीहरु १ महिनाको एक पटक र आवश्यता अनुसार २/३ पटक पनि समुहको बैठक बस्ने गर्दछन्। बैठकमा समय र मौसम अनुसारका छलफल र योजना निर्माण गरेर क्रियाकलापहरु गर्दै आइरहेका छन् । यस समुहका सदस्यहरुले मासिक रुपमा रु १ सयका दरले बचत गर्ने गरेका छन् भने समुहको कुल कोष ७ लाख छ यस कोषको रकमबाट समुहका सदस्यहरुले आयमुलक कामहरु बाख्रा पालन, भैसीपालन, कुखुरापालन, तरकारी खेती पसलमा गरेका छन भने केही रकम बैदेशिक रोजगारमा जान र घर खर्चमा लगानी गर्ने गरेका छन्। यसबाट समुह सदस्यहरुको आम्दानीमा बृद्धि हुनका साथै जिवन शैलीमा पनि परिवर्तन आउन थालेको छ साथै समुहमा हुने नियमित छलफलहरु बाट समुदायमा सरसफाई, आपसि मेलमिलाप र सामुदायिक काममा एकरुपता जस्ता कुराहरु हुँदै गइरहेका छन् भने समुह शिवालय गाउँपालिकामा दर्ता रहेको र समुहको नियमित लेखापरिक्षण समुह नविकरण र करचुक्ता लिने कामहरु नियमित हुने गरेका छन्। यसबाट समुह अझै ब्यवस्थित हुनमा सहयोग पुगेको छ र शिवालय गाउँपालिकाले कृषि सम्बन्धित संचालन गर्ने क्रियाकलापहरुमा समुहलाई फोन गर्ने र जानकारी गराउने कामहरु गरिरहेको छ र समुहले शाखामा प्रस्तावहरु पेश गर्ने र कार्यक्रमहरु प्राप्त गर्ने गरिरहेको छ। हाल शिवालय गाउँपालिकाले तरकारी खेतीका लागी पकेट कार्यक्रमको प्रस्ताव खोलेको र त्यस समुहले प्रस्तावना पेश गरेको बताउछन् समुहका उपाध्यक्ष शेर बहादुर बादी प्रस्ताव पास भयो भने समुहका सदस्यहरुले ५ कुइन्टल आलु बिउ र अन्य तरकारीका बिउहरु र प्लास्टिक टनेल प्राप्त गर्ने छन्।

यसरी अन्य संघसंस्था संग मिलेर पनि विभिन्न क्रियाकलापहरु सन्चालन गर्ने गरेको बताउछन समुहका सदस्य दल बहादुर बुढा । यस्ता क्रियाकलापहरु संन्चालन पश्चात समुदायका अन्य सदस्यहरुको समुह प्रतिको आर्कषण बढेको पाइन्छ। समुदायका केही मानिसहरु समुहमा नबसेकाले पछुताएका थिए हाल १५ जना सदस्यहरु समुहमा बस्न पाउँदा खुसी ब्यक्त गरिरहेका छन्। समुहका केही केही सदस्यहरु तरकारी र फलफुलहरु बेच्न सुरु गरिसकेका छन् भने अरु सबैले करेशावारी खेती गरिरहेका छन्। तरकारी खेतीका लागी सदस्यहरुले सह लगानीमा शिवालय गा.पा. र पश्चिम जाजरकोट विकास समाजबाट बिउ र आवश्यक सरसल्लाह लिइरहेको र आगामी दिनमा यस समुहलाई नमुना समुहको रुपमा अगाडी बढाउदै लैजाने बताउछिन समुहकी सदस्य पवित्रा वड ।

अन्तमा समुह र समुहका सदस्यहरुलाई यहाँ सम्म पुग्न सहयोग, प्रेरणा प्रदान गर्ने पश्चिम जाजर कोट विकास समाजलाई समुहको तर्फबाट धन्वाद दिन्छिन समुहकी अध्यक्ष अमुता थापा।

# समुह कोषबाट खुद्रापसलको सुरूवात

– **कल्पना कुमारी राउत**, सामुदायिक प्रशिक्षक, पश्चिम जाजरकोट विकास समाज

छेडागाड नगरपालिका - १ बिसालबजारकी पदमी बुढा श्रीजना समुह कि सदस्य हुन। उनका २ छोरा १ छोरी १ बुहारी २ नाती, श्रीमान र आफुसहित ८ जनाको परिवार रहेको छ। ठुलो परिवार भएको र २ छोरा र १ छोरी बिरेन्द्रनगर सुर्खेत बसेर लोक सेवा आयोगको तयारी गरिरहेकाले उनीहरुको पढाइ खर्च र घरमा चाहिने अन्य खर्चको ब्यवस्थापन गर्न ज्यादै समस्या हुने गर्दछ। श्रीमानले भारतमा गएर मजदुरी गरेर कमाएको पैसाले छोरा, छोरीको कोठा भाडा र खाना खर्चका लागी पनि पुग्दैन यस्ता समस्या समाधानका लागी उनलाई बेला बेलामा खेतीपाती बाहेक अन्य के काम गर्ने होला भन्ने कुरा मनमा खेलिरहन्थ्यो।

उनले मनमा लागेका कुरालाई बेला बेलामा समुहका बैठकमा उठाउने गरिरहन्थिन समुहमा हुने नियमित करेशावारी खेती, घरबगैचा तथा अन्य आयआर्जन सम्बन्धि छलफलमा उनी सक्रियरुपमा भाग गर्थिन यसै छलफबाट उनको घर नजिक एउटा सानो बजार छ त्यो बजारमा नजिकै घरमा पसल संन्चालन गर्ने योजना बनाइन र समुहबाट पैसा लिने प्रस्ताव पनी राखिन तर उनीसंग पढाई लेखाई नभएकोले ब्यपार गर्दा हिसाव गर्ने सक्दिन की भन्ने डर लागीरहेको थियो।



तर उनीसंग ब्यवारिक हिसाव गर्ने तरिका थियो र त्यही कारणले ब्यापार गर्न अन्तिम निर्णयमा पुगीन र २०८१ सालको मंसिर ६ गते समुहबाट १ लाख रुपैया लिएर ब्यपारको सुरुवात गरिन र बिस्तारै हिसाब गर्ने पनि सहज बन्दै गयो र ग्राहकहरु पनि बढ्दै गए र अहिले घर भन्दा माथि मोटरबाटो नजिक घर बनाएर पसल गरिरहेकी छन् । यसरी समुहको रकम लिने र ६ महिनामा समुहको नियम अनुसार बुझाउने गरी रहेकी छन् यसरी अहिले पसलबाट मासिक ७ देखी १० हजार सम्म फाइदा हुने गरेको बताउछिन पदमी बुढा साथै समुहलाई प्राप्त भएको TCP Global Fund को २५ हजार रुपैया लिएर रिचार्ज कार्ड खरिद गरी बिक्रि गरिरहेकी छन् ।

# आदर्श टोल विकास संस्थाले गरेका नमुना कामहरु

– **गोविन्द कोईराला**, अध्यक्ष, आदर्श टोल विकास संस्था, टीकापुर ७ बैदी कैलाली

टीकापुर नगरपालिका वडा नं. ७ को बैदीमा गठन भएको आदर्श टोल विकास संस्थामा ७३ जना सदस्य रहेका छन् । यो टोल विकास संस्थालाई मिति २०८०/१०/२१ गते टीकापुर नगरपालिकामा दर्ता गरी संस्थाको प्रथम साधारण सभा मिति २०८१/२/१७ गते सम्पन्न गरी यस वडाको सक्रिय टोल विकास संस्थको रुपमा काम गर्दै आईरहेको छ ।

टोल विकास संस्था गठन नहुन भन्दा पहिला जोसंग मन मिल्ने हुन्छ उसैसंग मात्र सम्बन्ध राख्ने गर्दथ्यो भने बोलाएको ठाउँमा पनि मन लागेमा जाने नत्र नजाने परम्परा नै थियो । आत्मीयता त हुन्थ्यो तर आफ्नो स्वार्थका कारण मन परेको मान्छे संग मात्र जाने र मन नपरेको मान्छे संग बोलचाल नै नगर्ने गर्दथ्यो । समाज टोलमा अलि फरक किसिमको बुझाई थियो राजनितिक घोचपेच पनि भईरहन्थ्यो । समुदायमा आई परेका समस्याहरु समधान गर्न बडघरको पनि ब्यवस्था छ तर बडघरले कुनै समस्या आएमा त्यसमाथी छलफल गर्नलाई मात्र बैठक बसाल्ने र सुचना दिने गरिन्थ्यो ।

टोल विकास संस्था बनि सके पछि समुदायमा नियमित बैठक बस्ने र आफ्नो टोल तथा समुदायका समस्याहरुको पहिचान गर्ने विश्लेषण गर्ने र समधानका उपायहरुको खोजी गरी कार्य योजना बनाई काम गर्ने परिपाटीको थालनी भएको छ । समुदायका मानिसहरुमा एकता, मेलमिलाप र सहयोगको भावना बढेको छ । सामाजिक एकता सहित सामूहिक भावनाको विकास भएको छ । अहिले टोल विकास संस्थाले आफैले गर्न सक्ने कामहरु आफै गर्न थालेको छ भने आफुले गर्न नसक्ने कामहरुमा वडा, पालिका तथा अन्य संग संस्था संगको सहयोग र साझेदारीमा टोलको आवस्यकतामा आधारित विकासका कामहरु गर्दै आईरहेको छ ।

आर्दश टोल विकास संस्थाको स्थापना देखि नै सहकर्मी समाज संस्थाले सहजिकरण गरिरहेको छ सहकर्मी समाजले टीकापुर नगरपालिका र द एशिया फाउण्डेसनको सहयेगमा टोल विकास संस्था गठन तथा परिचालनको काम गरिरहेको छ त्यसका लागि टोल तथा समुदायमा सहजिकरण गर्न सामुदायिक प्रशिक्षकहरुको ब्यवस्था गरिएको छ हाम्रो टोलमा बैठक सहजिकरण गर्न राज कुमारी चौधरी आउनु हुन्छ ।

**यो अवधिमा हाम्रो टोल विकास संस्थाले गरेका उदाहरणिय कामहरुः**

१. **भुकम्प प्रभावित क्षेत्रमा श्रम तथा खाद्यान्न सहयोग कार्यक्रम :** २०८० साल कार्तिक १७ गते आएको भुकम्पले जाजरकोट जिल्लामा पारेको क्षतिको लागि हाम्रो टोल विकास संस्थाका ७१ घर परिवारबाट आफुले खाने चामलबाट उठाएर १५ कुन्टल चामल र टोल विकास संस्थाका १० जना मानिसहरु जाजरकोट जिल्लाको भेरी नगरपालिका वडा नं. १ को कुन्टी टोलका ३३ घरपरिवारलाई खाद्यान्न सहयोग प्रदान गरिएको थियो साथै १० जनाले १० दिन सम्म समुदायमा भत्केका, चर्केका घरहरुको पुर्ननिर्माणमा श्रम सहयोग गर्ने काम भएको थियो ।



२. **मसानघाट सरसफाई :** २०८१ बैशाख ११ गते टोल विकास संस्थाले मसानघाट सरसफाईको काम सम्पन्न गरेको थियो । टोल विकास संस्थाका सदस्यहरु मिलेर पुर्ण सरसफाई गर्नुका साथै आगमी दिनहरुमा दाहसंस्कार गर्दा खेरी सरसफाईलाई ध्यान दिने र सबैलाई सचेतना गर्ने काम भएको छ ।

३. **जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम :** टोल विकास संस्थाले टोलमा भएका जेष्ठ नागरिक लाई एक कार्यक्रमका बिच सम्मान गरेको छ ।




४. **विपन्नपरिवारलाई सम्मान कार्यक्रम :** आदर्श टोल विकास संस्थाले गरेका रचनात्मक कामहरु मध्ये कै विपन्न नागरिकलाई सम्मान कार्यक्रम पनि एक हो। २०८१ असोज १० गतेका दिन स्वर्गिय क्षेत्र बहादुर के.सी.को दशौं पुन्य तिथिमा उहाँको धर्मपत्नी पार्वती देवि के.सी.ले टोल विकास संस्था मार्फत १० जना विपन्न नागरिकलाई एक एक सेट कपडा प्रदान गर्नु भएको थियो भने ५ वटा टोल विकास संस्थाका १० जनालाई आर्दश टोल विकास संस्थाले एक कार्यक्रमका बिच हस्तातरण गरिएको थियो ।

५. **सामुदायिक वनमा बृक्षारोपण कार्यक्रम :** कालाकुन्टा प्रस्तावित सामुदायिक वनमा लिप्टीस, सागुन र खयर जातका १००० जति विरुवा समुदायको पहलमा विगुरुपको सहयोगमा बृक्षारोपण कार्य सम्पन्न भएको छ।



६. **छाडा चौपाया नियन्त्रणका लागि तारबार तथा गेट निर्माण :** कालाकुन्टा सामुदायिक वनमा छाडा पशुचौपाय नियन्त्रणका लागि गेट निर्माण गरिएको छ ।

७. **गौशालाका लागि सहयोग :** टीकापुर नगरपालिका वडा नं. २ मा रहेको गौशालामा चौपायहरुका लागि निःशुल्क पराल सहयोग गरिएको छ ।

८. **उच्च भवन पर्खाल तथा च्यानलगेट निर्माण :** टोल विकास संस्थाको मातहतमा भएको सुरक्षित भवनको आ.व. २०८१/०८२ को योजना माग अन्तरगत वडा कार्यालयबाट रु १,५०,०००।- को लागतमा घेरबार र चेनल गेट निर्माण कार्य सम्पन्न भएको छ ।

९. **जनतासंग मेयर कार्यक्रमबाट टेबुल र कुर्सी प्राप्तः** हाम्रो टोल विकास संस्थाको नियमित बैठक बस्ने उच्च भवन बैदीमा हो यहि भवनमा टोल तथा समुदायका सम्पूर्ण छलफलहरु

हुने गर्दछन् । बैठक बस्दा समुदायका अन्य छलफल गर्दा बसाई ब्यवस्थापनका लागि अलि समस्या नै थियो त्यसका लागि टोल विकास संस्थाले पालिकामा माग पेश गरी जनता संग मेयर कार्यक्रमबाट टेबुल १ थान र कुर्सी ३० थान २ वटा त्रिपाल गरी ७० हजार बरावरको टोल विकास संस्थालाई प्राप्त भई बसाई ब्यवस्थापनमा सहज भएको छ ।

**१०. उत्कृट विद्यार्थी र एकल महिला सम्मान कार्यक्रम** : टोल विकास संस्थाको स्थापना भए संगै संस्थाका केही सदस्यहरुसंग आर्थिक संकलन गरी सामाजिक कार्यहरु गर्दै आइरहेका छौ । पछिल्लो पटक केही सहयोगी हातहरुसंग सहयोग मागी २०८२ साल बैशाख ११ गतेका दिन टीकापुर नगरपालिकाका नगर प्रमुख रामलाल डगौरा थारु प्रमुख अतिथि, टीकापुर विकास समितिका पुर्व अध्यक्ष फकिर सिंह कडायत विशिष्ट अतिथि र टीकापुर नगर पालिका वडा नं ७ का अध्यक्ष यज्ञ प्रसाद न्यौपाने, वडा नं ८ का अध्यक्ष दिर्घ बहादुर ठकुल्ला, लक्ष्मीनारायण सहकारी संस्थाका अध्यक्ष कपुर सिंह कडायत, नेपाल रेडक्रस सोसाईटी कैलालीका सदस्य टोप बहादुर केसी, नारायणपुर रेडक्रस शाखाका सभापति धनसरी कोईराला र पत्रकार भिम वि.क. लगायतका विशिष्ट ब्यक्तिहरुको सहभागितामा टोल विकास संस्थाका अध्यक्ष गोविन्द कोईरालाको अध्यक्षतामा कर्णाली मावि सत्तिका ४ जना, सेदी मैया माविका ४ जना, भानुभक्त आविका ३ जना, बोडरलाई बोडिङ्ग स्कुलका ३ जना, जनता राष्ट्रिय माविका ४ जना गरी जम्मा १८ जनालाई पुरस्कार सहित सम्मान गरिएको थियो भने ५ जना एकल महिला शोभा कोईराला, लिला मल्ल, ठकरी चौधरी, प्रेम देवि वि.क. र लक्ष्मी चौधरीलाई एक-एक वटा भुल र टर्च दिएर सम्मान गरिएको थियो । टोल विकास संस्थाले यो कार्यक्रम संचालन गर्नका लागि लक्ष्मीनारायण सहकारी संस्था, सत्कार बुक्स एण्ड स्टेशनर्स, कविता पुस्तक पसल, अर्जुन के.सी., हरीस भट्ट, शिवराज पाण्डेको आर्थिक सहयोगमा रहेको थियो ।



**११. सरसहयोग** : टोल विकास संस्थाको सदस्य भएको कुनै पनि घरमा समस्या पर्दा दुखी विरामी र दुर्घटना हुँदा आर्थिक सहयोग गर्ने गरेका छौ जस्तै यही टोलका सदस्य मिना चौधरीका ससुराको मृत्यु हुँदा रु ३९१० र टोल विकास संस्थाको कोषाध्यक्ष सविना चौधरीको श्रीमान् मोटरसाईकिल दुर्घटना हुँदा स्वास्थ्य उपचारको लागि रु ११३०० सहयोग गरिएको छ भने टोलका कुनै सदस्य रोजगारीका लागि विदेश जाने भएका टोल विकास संस्थाले सम्मान सहित विदाई गर्ने गरेका छौ ।

# नदीले बनायो बगर : समुदायको हरियाली बनाउने रहर

– **मनिषा कुमारी चौधरी**, सामुदायिक प्रशिक्षक, सहकर्मी समाज, भजनी-४

कन्द्रा नदीको किनारमा फैलिएको करिब १५ विघा जमिन, जसले कुनै समय खैलाड गाउँको पशु चौपायालाई चराउने ठाउँ हो, समयसँगै खरले ढाकिएको बगर बाढीको चेपुवामा परेर बगरमा रूपान्तरण हुँदै छ भने बाढीले वर्षेनी कटान गर्दै लगेको र छेउछाउका बालीबुटा र घर-जग्गाका लागि समेत जोखिम बनिसकेको छ ।

तर परिवर्तनको झिल्को नीलकण्ठ टोल विकास संस्थाको सामूहिक छलफलबाट सुरू भयो । सहकर्मी समाजद्वारा परिचालित सामुदायिक प्रशिक्षक मनिषा कुमारी चौधरीले टोलमा छलफलमा जम्मा ४७ जना उपस्थित थिए जसमध्ये ३३ जना महिला सहभागी थिए भने १४ पुरुष ।

मागमा छलफल गर्दै गर्दा सबैको माग पूर्वाधार केन्द्रित थियो–बाटो, कुलो, नाली, खानेपानी पाइप आदि । तर प्रशिक्षकले योजनाको विविध क्षेत्रबारे बताइन र योजना प्राथमिकिकरण हुने आधारहरु जस्तै दिगो विकास, आयआर्जनलाई योगदान पुराउने र स्थानीय श्रोत साधनको उपयोग हुने, धेरैलाई लाभ पुराउने आदिबारे जानकारी गराएपछि छलफल बिस्तारै परिवर्तन भयो । बासिन्दाहरूले पहिलो पटक सोच्न थाले–के त्यो बाँझो जमिन केही उत्पादन गर्न सक्दैन ? के हामीले कटान रोक्ने तरिका आफैं निकाल्न सक्दैनौं ?

टोल अध्यक्ष सिताराम डगौरा बोले, त्यसो भए त्यो बाजो जमिनलाई उपयोग गरी डुबान जोखिम पनि कम गर्ने र अन्य आयमुलक विकल्पहरु पनि गर्न मिल्ने गरी योजना बनाउन !

त्यसपछि टोलमा छलफल भयो र निर्णय गर्यो– उक्त स्थानमा वन डिभिजन आसपासका टोलहरु, पालिका र विपद शाखासंग समन्वय गरी जैविक ततवन्दन र वृक्षारोपण गर्ने । यसलाई बाँस, वेत, अम्बा, कागती, केरा र सिसौ रोपेर हरियाली बनाउने साथै बाली उत्पादनका लागि सकरखण्ड र मम्फली समेत रोप्ने साथै तारबार, थप विरुवा र तट्बन्दनका लागि माग गर्ने र आवश्यक श्रमदान कार्यान्वयन र रेखदेखको जिम्मेवारी टोलले नै गर्ने निर्णय गर्यो ।

लगतै छिमेकी टोल विकास सहित करिव ७० जनाको उपस्थितिमा ३०० मिटर जैविक तट्बन्दन र २०० विरुवा वृक्षारोपण गरे, सबैजना उत्साहित र हर्षित देखिन्छन र वडाको सहयोग भएमा यो बगरलाई एक हरियाली र नमुना ठाउँ बनाउने कुरामा टोल अध्यक्ष विश्वस्त छन् । उनि भन्छन्

"पहिला योजना भनेको बाटो घाटो मात्र हो भन्ने बुझाइ थियो, तर तरिका जान्ने हो भने सानो स्रोतबाट पनि धेरै काम गर्न सकिने रहेछ र दीगो योजना समेत बन्न सक्ने रहेछ ।" वडाको सहयोग भयो भने पुरै १५ विघामै तट्बन्दन र वृक्षारोपण गरी बाँस र वेतका विभिन्न सामाग्रीहरु बनाइ दिगो र भरपर्दो आयश्रोतको रुपमा विकास गर्ने उनको योजना छ ।

महिलाहरू अब योजना तर्जुमा प्रक्रियाको सक्रिय हिस्सा छन् । समुदायले अब भौतिक संरचना मात्र होइन, वातावरणीय स्थायित्व, विपद् न्यूनीकरण, र आर्थिक उत्पादनलाई पनि आफ्नो प्राथमिकतामा राख्न थालेको छ ।

यो योजना समावेशी छ, दिगो छ र सामुदायिक स्वामित्वमा आधारित छ । अबको बाटो अझ स्पष्ट छ–सामुदायिक वन, वडा कार्यालय र अन्य निकायहरूसँग समन्वय गर्दै वृक्षारोपण अभियान विस्तार गर्नु र उत्पादनलाई बजारसम्म पुर्‍याउनु ।

परिवर्तनका लागि केवल ठूला योजना मात्र होइन यस्तै सानो बगरलाई हरियाली बनाउने सामूहिक सोच नै पर्याप्त हुन्छ भन्ने सुन्दर सन्देश यो कथाले दिन्छ ।

# पर्खाल निर्माण गऱ्यो सौभाग्य टोलले

**– हेमा कुमारी चौधरी**, सामुदायिक प्रशिक्षक, टीकापुर वडा नं. १

टीकापुर नगरपालिका वडा नं. १ को ब्लक नं.२५ मा २०८० सालमा गठन भएको सौभाग्य टोल विकास संस्था हो यस टोल विकास संस्थामा ७५ जना सदस्य रहेका छन् ।

टीकापुर नगरपालिका र दि एशिया फाउण्डेसनको सहयोगमा सहकर्मी समाजद्वारा संचालित स्थानीय सुशासन सुधारका लागि टोल विकास संस्था सशक्तिकरण परियोजना अन्तरगत टोल विकास संस्था गठन तथा परिचालनको काम भैरहेको छ । सोही योजना अनुसार यो सौभाग्य टोल विकास संस्था पनि गठन भएको हो ।



सुरुमा टोलको बैठक हुँदा समुदायका मानिसहरुको उपस्थिति एकदमै कम थियो । जव टोलमा नियमित बैठक बस्दै गयो समुदायका मानिसहरुमा चासो पनि बढ्दै गयो र सहभागिता पनि बढ्दै गयो । समुदायमा मानिसहरुमा सक्रियता बढ्दै गयो र नियमित मासिक बचत गर्ने, टोल सरसफाई गर्ने, सरसहयोग गर्ने, सामुहिक काम गर्ने, सामुहिकरुपमा चाडपर्वहरु मनाउने, तालिममा सहभागि हुने, वडा तथा पालिकामा समन्वय भेटघाट गर्ने जस्ता कामहरु गर्दै आईरहेका छन् आव २०८१/०८२ को पालिकाको योजना छनौटको प्रक्रियामा यस टोल विकास संस्थाले बस्ती स्तरको योजना छनौटमा भाग लिएर आफ्ना टोलका समस्याहरु विषयगत क्षेत्रका आधारमा वडा कार्यालयमा माग पेश गरेको थिए । सो योजना अन्तरगत टीकापुर नगरपालिका वडा नं. १ को वडा कार्यालयबाट पुर्वाधार विकास योजना अन्तरगत रामारोसन पार्कको अधुरो घेरा पर्खाल निर्माणका लागि रु २०००००।- (दुई लाख) रकम विनियोजन गरिएको थियो । सो योजना कार्यान्वयनका लागि टोल विकास संस्थाको बैठकबाट टोलका अध्यक्ष श्री कृष्णा खनालको अध्यक्षतामा उपभोक्ता समिति गठन भई २०८१ असोज २२ गते वडामा सम्झौता भई काम सुरु गरिएको थियो । २०८१ पौष ६ गते स्टमेट अनुसार काम सम्पन्न गरिएको थियो । उक्त काम सम्पन्न गर्नका लागि टोलवासीले उत्साहका साथ जन श्रमदान रु. ४५,६१०।- रुपैया बराबरको गरेका थिए भने जम्मा रु २,४५,६१०।- को लागतमा ४६ मिटर पर्खाल निर्माण गरेका छन् । ७६ मिटर पर्खाल पहिला नै बनिसकेको र अब पर्खाल निर्माणको काम सकिएको छ भने २० फिटको गेट बनाउन बाँकी छ यो योजना आगामी बर्षको बस्ती स्तरको योजना छनौटमा माग गर्ने योजना रहेको छ । सौभाग्य टोल विकास संस्थका अध्यक्ष कृष्णा खनाल भन्नु हुन्छ टोलमा पहिले वडा तथा पालिकाको योजना पढे पनि हामीले थाहा पाउदैन थियौ । अहिले टोल विकास संस्था बनी सकेपछि वडा तथा पालिकाले गर्ने कामहरुका बारेमा सबै सूचनाहरु टोलवासीलाई जानकारी हुने र वडा तथा पालिकाले विभिन्न कार्यक्रममा बोलाउने गरेको छ अहिले हामीले सबै कुराको जानकारी पाएका छौ यो योजना आफैले माग गरेर प्राप्त भएको र आफैले कार्यन्वयन गर्न पाउँदा सबै टोल बासी खुसी छौ ।



हाम्रो टोलमा यो रामारोसन पार्क रहेको तर पुर्णरुपमा तारबार नहुदा पार्क फोहोर हुने चौ पायाहरु आउने र बस्न लायकको थिएन बस्तीको विचमा रहेको पार्क राम्रो बनाएमा सबैका लागि आनन्द र रमाईलो अनुभुति गर्न सकिने र वातावरण समेत स्वच्छ हुने भएकाले ज्यादै राम्रो काम भएको हामीले अनुभुति गरेका छौ ।

# श्रमदानमा जुट्यो सुन्दर टोल विकास संस्था

**– राज कुमारी चौधरी**, वरिष्ठ सामुदायिक प्रशिक्षक

टीकापुर नगरपालिका वडा नं.७ स्थित सुन्दर टोल विकास संस्थामा ८३ जना सदस्यहरु रहेका छन् । आ.व २०८१/०८२ को बस्ती स्तरको योजना छनौट प्रक्रियामा सहभागि भएर माग गरेका योजना अन्तरगत बाटो ग्राभिलको लागि एक लाख रकम विनियोजन गरेपछि टोलबासीहरु खुसी भएर काम गर्ने निर्णय गरे काम गरी सकेपछि मात्र वडा कार्यालयले रकम दिने भएकाले टोल विकास संस्थाको कोषबाट ग्राभिल हाल्ने काममा खर्च गर्ने र पछि वडाबाट रकम प्राप्त भएमा सो रकम टोल विकासको कोषमा राख्ने र्णिय गरी कामको थालनी गरियो । रु. १ लाखमा १७५ मिटर बाटो ग्राभिल गर्नका लागि टोल विकास संस्थाका ८३ जना सदस्यहरुले प्रतिदिन ३ घण्टा बाटोमा फालेको ग्राभिल फिजाउने र बाटो खन्ने काम टोलका सदस्यहरुले गरी १७५ मिटर बाटो सम्पन्न गरेका छन् । यो टोल विकास संस्थामा चौधरी समुदायको बसोबास रहेको छ । यो बाटोमा पानी जम्ने र बाटोमा खाल्टा खुल्टी भएको हुनाले बर्षातको समयमा आवत जावत गर्न समेत समस्या थियो । विद्यार्थीहरु लिन बस समेत आउन सक्दैन थियो भने अहिले स्कूल बस सजिलै संग गाउमा आउन थालेको छ भने विद्यार्थीहरुलाई सजिलै स्कूल जान थालेका छन् ।



टोल विकास संस्थाका अध्यक्ष भन्नु हुन्छ टोल विकास संस्था न बन्नु भन्दा पहिला योजनाहरु कसरी छनौट हुन्थ्यो र कसरी कार्यान्वयन हुन्थ्यो हामीलाई थाहा नै हुदैन थियो । अहिले टोल विकास संस्था बनि सकेपछि वडा कार्यालयले समेत समुदायका माग सुन्ने र योजनाको कार्यान्वयन गर्ने जिम्मा समेत टोल विकास संस्थालाई नै दिएको हुनाले हामीले समय मै जनश्रमदान समेत गरेर बाटो सम्पन्न गरेका छौ । यसरी टोल विकास संस्थालाई योजना दिने र वडा तथा पालिकाका कार्यक्रममा समेत टोलका प्रतिनिधिलाई सहभागि गराउने गरेका छन् जसले गर्दा हामी टोल बासीहरु स्थानीय सरकारसंग सन्तुस्ट छौ र बाटो हामी आफैले बनायौ हामीलाई खुसी लागेको छ ।

# उपचारका लागि टोल विकास संस्थाले गर्‍यो आर्थिक सहयोग

**– ललित टमट्टा**, सामुदायिक प्रशिक्षक

टीकापुर नगरपालिका वडा नं. ७ को बैदीमा मिना गिरी बस्नु हुन्छ उहाँको घरमा श्रीमान्, एक छोरा र २ छोरी गरी ५ जनाको परिवार रहेको छ। मिना शारिरीकरुपमा पनि अपांग हुनुहुन्छ। उहाँको हात र खुट्टा राम्रो संग चल्दैन। जेठी छोरी र छोराको विवाह भैसकेको छ अहिले उनीसंग कान्छी छोरी सम्झना मात्र छिन्। उहाँको जेठो छोराले विवाह गरेर ससुरालीमा बसेका छन् छोराले घर तिर आउने आमा, वुवा र बहिनीको हेरचाह गर्ने गर्दैनन्। जेठी छोरी विवाह गरेर गईसकेकी छिन। श्रीमान्‌ले घरमा काम काज गर्नुको साटो झगडा गर्ने, श्रीमती र छोरीको ख्याल नगर्ने गर्दछन् श्रीमानको ब्यवहारले झनै मीनालाई घरको आर्थिक अवस्था त कमजोर थियो त्यसै माथि मानसिकरुपमा नै चिन्तित बनाएको छ। घरको दैनिकी चलाउन समेत कठिनाई भएको छ।

घरमा बस्दा खेरी पनि श्रीमान् दुख दिने भएकाले हाल टीकापुर नगरपालिका वडा नं. ८ को बटनपुरमा आफ्नो माईति घरमा बसेकी छन्। उनलाई विगत केहि समय देखि बाथ रोगले सताईरहेको थियो समयसंगै उनको स्वास्थ्य अवस्था विग्रिदै गयो। उनी एक्कासी थला परिन उनलाई दिशा, पिसाप, गर्न जादा पनि अर्काको साहारा चाहिन थाल्यो औषधी उपचारका लागि धेरै पैसा चाहिने भएकाले



उनिसंग पैसा थिएन घरमा कान्छी छोरी समेत चिन्तित थिईन आमाको स्वास्थ्य अवस्था देखेर उनले आफ्नो उपचारका लागि सहयोग माग्ने सोचिन र यदी अरु मानिसहरुले आर्थिक सहयोग गर्न सकेमा मैले सहयोगको पैसाबाट उपचार गरेर सन्चो हुन सक्छु भन्ने आशा गरेर एक दिन सामुदायिक प्रशिक्षक ललित टमट्टालाई आफ्नु सबै दुख पिडा सुनाईन सहयोगका लागि सहयोगीसंग संस्था र सहयोगी हातहरुलाई मेरो पिडा सुनाएर सहयोग जुटाई दिनु पर्‍यो भनेर आग्रह गरिन सामुदायिक प्रशिक्षकले उहाँको अनुरोधलाई लिएर टोल विकास संस्थाका पदाधीकारीहरु संग छलफल गरेर सुनाउनु भयो अहिले चार वटा टोल विकास संस्थाले रु. १५०४० रुपैया सहयोग गर्नु भएको छ। टोल विकास संस्थाले गरेको सहयोग बुझ्दै मिना भन्नु हुन्छ टोल विकास संस्थाले गरेको सहयोगले मेरो जिवन बाँच्ने भयो मेरो लागि आज टोल विकास संस्था नै साहारा बन्यो म धेरै खुसी छु।

टोलले गरेको सहयोगले मिना गिरीको स्वास्थ्यमा सुधार मात्र नभएर उनको माईति घरमा भएका ब्यक्तिहरुमा समेत समुदायले गरेको सहयोग देखेर एक दमै खुसी हुनुहुन्छ। अहिले मिना माईती घरमै बस्नु हुन्छ उपचारका लागि माईतिले पनि सहयोग गर्ने र उहाँ भन्नु हुन्छ टोलले गरेको सहयोग, आफ्नो भत्ताको पैसा जम्मा गर्ने र थप अरु सहयोग जुटाएर उपचारका लागि काठमाडौ जाने योजना छ।

# तालिम पछि गौरबले कमाउन थाले मासिक ५० हजार

**– दिब्याश्वरी कुवर**, बरिष्ठ सामुदायिक प्रशिक्षक

गौरव पुनमगर टीकापुर-१ वनगाउँमा रहेको गुराँस टोल विकास संस्थाका सदस्य हुन् उहाँको घरमा ४ जनाको परिवार रहेको छ। गौरव विगत लामो समय देखि भारतमा जाने र त्यहाँ होटलमा काम गर्ने गर्दथ्यो। भारतमा गएर कमाएको पैसाले घर खर्च चलाउन सारै गारो हुने र गाउँमा ऋण निकालेर पनि घर खर्च गर्नु परेको कुरा बताउनु हुन्छ।

जव २०७९ सालमा उनी घरमा आएका थिए त्यतिवेला सहकर्मी समाजले समुदायमा टोल विकास संस्था गठन अभियान चलाईरहेको थियो गौरब पुनमगर पनि टोल विकास संस्थामा बस्यो र नियमित टोल विकास संस्थाको बैठकमा बस्दै गए टोल विकास संस्थामा वडा कार्यालयबाट तरकारी खेती सम्बन्धि तालिममा टोल विकास संस्थाबाट २ जना सहभागी छनौट गरेर पठाउने भनेर सूचना आयो र गौरवलाई तालिमका लागि टोल विकास संस्थाले छनौट गरेर पठायो त्यो दिन देखि गौरवको जिवन नै परिवर्तन गरीदियो।



आफ्नो परिवारसँगै आफ्नो घरबाट आर्थिक उर्पाजनको श्रोत सृजना गरीदियो तालिम पाईसके पछि उहाँले सुरुमा ३ कट्ठा जमिनमा तरकारी खेती सुरु गर्नु भयो तरकारी खेती राम्रो हुदै गएपछि अहिले एक विगाहा जमिनमा तरकारी लगाउनु भएको छ उत्पादित तरकारी बेच्न अन्त जानै पर्दैन बारीमै किन्ने मानिसहरु आउने र थोकमा तरकारी बेच्ने गरेका छन्। मासिक रुपमा रु ५० हजार सम्मको तरकारी बेच्ने गरेका छन्। उहाँको यो लगनशिलता र कामलाई देखेर वडा कार्यालयले मिनि ट्याक्टर एक थान र रानी जमरा सिंचाई आयोजनाबाट पावर टेलर एक थान उपलब्ध भएको छ जसले गर्दा बारीमा काम गर्न सहज भएको कुरा गौरव पुनमगर बताउनु हुन्छ।

उहाँ भन्नु हुन्छ टोल विकास संस्थामा बसेर नै मेरो जिवनमा सुखका दिनको सुरुवात भएको छ भारतमा गएर घर खर्च जुटाउन समेत नसकेर ऋण गरेको थिए अहिले ऋण तिरेको छु साथै घर बनाउँदा लागेको २/३ लाख ऋण पनि तिरेको छु। २ वटा छोरा कक्षा ९ र १२ मा पढाईरहेको छु। घरखर्च पनि चलिरहेको छ। आगामी दिनहरुमा तर कारी खेतीलाई बढाउदै लैजाने र यसका लागि आवस्यक ज्ञान, सिप सिक्ने योजना रहेको छ।

# समुदायको विकास र परिवर्तनका लागि टोल विकास संस्था

**– रामलाल डगौरा थारु**, नगरप्रमुख, टीकापुर नगरपालिका कैलाली

टीकापुर नगरपालिका नगर प्रमुख रामलाल डगौरा थारुले टीकापुर नगरपालिकामा कार्यरत गैरसरकारी संघ संस्थाहरुको बार्षिक समिक्षा कार्यक्रमा आफ्नो भनाई राख्ने क्रममा उहाले भन्नु भयो टीकापुर नगरपालिकामा धेरै संघ संस्थाले काम गरेका छन् तर जनस्तरमा गएर काम गर्ने संस्था भनेको सहकर्मी समाज हो जसले टोल विकास संस्था मार्फत प्रत्यक जनताको घर दैलोमा पुगेर काम गरीरहेको छ । टोल विकास संस्था मार्फत धेरै कामहरु भएका छन् गाउँघरमा सरसफाई देखि लिएर ठूल ठूला कामहरु मानिसहरुले गरिरहेका छन् । समुदायका मानिसहरुमा स्थानीय सरकारप्रति सकारात्मक सोच बढेको छ जनतासंग जनप्रतिनिधि सजिलैसंग जोडीन सक्ने माध्यमको रुपमा टोल विकास संस्था रहेको छ । सहकर्मी समाजले जसरी जनस्तरबाट नागरीक सचेतनाको काम गरेको छ त्यसरी नै गैरसरकारी संस्थाले काम गरेमा समुदायमा सकारात्मक विकास र परिवर्तन गर्न सकिन्छ । भन्नु भएको थियो ।

पालिकामा भएको एउटा अर्को कार्यक्रम जुन कार्यक्रममा अस्टेलियन राजदुताबासबाट आएका दुताबासका प्रतिनिधि, दि एशिया फाउण्डेसनका प्रतिनिधि र सहकर्मी समाजकाका प्रतितिधि र नगरपालिकाका शाखा प्रमुख कर्मचारी र जनप्रतिनिधिहरुसंगको छलफलमा नगर प्रमुखले बताउनु भयो मेरो आफ्नो कार्यकालमा सबै भन्दा राम्रो काम गरेको कुनै एउटा काम रोज्नु परेमा टोल विकास संस्थाको काम नै हो । आज टोल विकास संस्था मार्फत गाउँबस्तीका जनताहरुमा चेतनाको विकास भएको छ आफ्नो गाउँको विकास हामी आफैले गर्नु पर्छ भन्ने भावना विकास भएको छ । स्थानीय पालिकाले गर्नु पर्ने कतिपय कामहरु टोल विकास संस्थाले नै गरीरहेका छन् । पालिकामा आउने अरु संघ-संस्थाहरुले कार्यक्रम बजारका ठूला होटलमा गर्ने र जनप्रतिनिधि र कर्मचारीलाई बोलाउने गर्छन् र त्यही पढाउछन् तर सहकर्मी समाजले गाउँमा गर्छ राम्रो छ ।

समुदायका लागि काम गर्ने हो भने समुदायका मानिसहरुलाई नै सहभागि गराएर कार्यक्रम गनुपर्दछ बजारका होटेलमा जनप्रतिनिधि र कर्मचारीलाई तालिम दिएर खर्च गरेर केही हुदै न जनतालाई दिनु पर्दछ तालिम भन्ने मेरो भनाई



छ । अर्को महत्वपूर्ण मलाई के लागेको छ भने सहकर्मी समाजमा काम गर्ने कर्मचारीहरु समुदायमा जान्छन् पालिकामा आउछन् काम गर्छन तर यिनीहरु कुन राजनितिक पार्टीका हुन केही थाहा छैन कर्मचारीको ब्यवहार निश्पक्ष र स्वतन्त्र छ यो ब्यवहार मलाई गजब लागेको छ । यस्तो ब्यवहार अरुमा पाउन सकेको छैन ।

हामीलाई सहयोग गर्ने साझेदार संस्थाहरुले यो कार्यक्रम विचैमा नछोड्नु होला अझै ५ बर्ष यो कार्यक्रम चाहिन्छ । अस्टेलिया देखि आउनु भएको छ हामी एक अर्काबाट सिक्न सक्छौ अस्टेलियामा पनि कसरी विकास भईरहेको छ हामीले जान्न पाएमा केहि सिक्न सक्छौ भन्ने लागेको छ ।

# समूहमा बसेकाले आएको परिवर्तन ओवि कुमारी वुढा

दाङ जिल्लाको बंगलाचुली गाउँपालिका वडा नं. ६ बचेनीस्थितमा लागेडी समूहकी एक सक्रिय सदस्य हुन् ओबि कुमारी बुढा । हाल ३३ वर्षमा प्रवेश गरेकी ओबिको परिवारमा ७ जना सदस्य छन् । उनको जीवन यात्रा साधारण देखिए पनि, उनिभित्र संघर्ष, आत्मबल र निरन्तरता मिसिएको एक प्रेरक उदाहरण लुकेको छ ।

ओबि कुमारी २०७० सालको साउन १५ गतेमा लागेडी समूहमा आबद्ध भइन् । समूहमा आबद्ध भएपछि उनले पहिलोपटक जीवनमा बचत गर्नुपर्छ भन्ने अनुभव गरिन् । नियमित बैठक, छलफल र सिकाइ प्रक्रिया मार्फत उनले बचत र ऋणको प्रभावकारी प्रयोग गर्न सक्ने सीप विकास गरिन् ।

समूहबाट पहिलो पटक रु. १० हजार ऋण लिएर उनले दुई वटा बाख्रा किनिन् । बाख्रापालनबाट राम्रो आम्दानी भएपछिका दिनहरू उज्यालो देखिन थाले । बाख्राबाट आएको आम्दानीले उनी घरको गोठ निर्माण गर्न सक्षम भइन् । त्यतिमात्र होइन, त्यही आम्दानीले उनले छोराछोरीको शैक्षिक खर्च, पोशाक देखि लिएर देवर बाबु पढाउन समेत खर्च गरिन । श्रीमानको आयलाई पनि बचत गरेर परिवारको आर्थिकस्थिति सुदृढ बनाउने काम उनले नै गरिन् ।



ओबि कुमारी समूहको सचिव पदमा पनि केही वर्ष रहेर जिम्मेवारी सम्हालिन् । यद्यपि, उनले नेतृत्व सधैं आफैंले मात्र गर्नु हुदैन भन्ने सोचे र नयाँ सदस्यलाई अवसर दिइन र आफू सामान्य सदस्यका रूपमा सक्रिय रहिन् । उनको यो नेतृत्व शैलीले समावेशी अभ्यासमा मद्दत पुगेको छ ।

उनले समाज विकास संजालको सहयोगमा समूहमा आयको घुम्तिकोषबाट भैसिपालन गर्ने योजना बनाइन । समूहको सामूहिक निर्णयले ओबि कुमारीलाई रु २० हजारको घुम्तिकोष रकम स्वीकृत गऱ्यो । उनले रु १० हजार थप गरी एउटा सानो भैंसीको पाडी किनिन् । भैंसीपालनसँगै उनले बाख्रापालन पनि विस्तार गर्दै गईन । यतिमात्र होईन उनलाई समूह कै कारणले गर्दा महिला स्वास्थ्य स्वयंसेविका बनेर स्थानीय स्वास्थ्य संस्थामा स्वयंसेवामा सक्रिय रहेकी छिन् । निःशुल्क सेवा दिँदै उनले गाउँका महिलामा स्वास्थ्यप्रति सचेतना फैलाउन महत्वपूर्ण भूमिका खेलेकी छिन् ।

ओबि भन्छिन्, समूहमा आबद्ध भएपछि मेरो सो चाइ, काम गर्ने तरिका र आत्मविश्वासमा आमूल परिवर्तन आएको छ । पहिले म आर्थिकरूपमा कमजोर थिएँ, तर अहिले म आत्मनिर्भर छु, मेरो निर्णयले परिवारको आर्थिक अवस्थालाई बलियो बनाएको छ ।

# टोल विकास संस्थाको अगुवाईमा भयो बाटो निर्माण

**– हेमा चौधरी**, सामुदायिक प्रशिक्षक

टीकापसर नगरपालिका वडा नं.१ को शक्तिनगर स्थित त्रिवेणी टोल विकास संस्थाले टोल विकास संस्थाको अगुवाईमा बाटो पटानी तथा ग्राभिल गर्ने काम सम्पन्न गरेको छ। टोल विकास संस्थामा ७२ जना सदस्य रहेका छन्।



यो टोल विकास सस्थामा रहेको बाटोमा बर्षाको समयमा बाटोमा पानी भरिने र आवत जावत गर्न सारै कठिनाइ भईरहेको थियो । टीकापुर नगरपालिकाको आव २०८१/०८२ को बस्ती स्तरको योजना छनौट प्रक्रियामा टोल विकास संस्थाले वडासंग यो बाटोमा ग्रभिल तथा मर्मतका लागि माग पेश गरेको थियो सोही योजनाका लागि वडा कार्यालयबाट रु. ४ लाख ८९ हजार बजेटको सहित सम्बोधन भएपछि टोल बासी कै सहभागितामा योजना कार्यान्वयन भएको छ।




बाटो निर्माणका लागि टोल बासीले सामुहिकरुपमा छलफल गरी बाटोको रेखांकन गर्ने कामलाई सम्पन्न गर्न टोलबासीहरु एकजुट भएर काम गरेका छन् टोलबासीले श्रमदानबाट रु १,२५,३१९।- र वडा कार्यालयको रु ४,८९,०००।- गरी जम्मा रु ६१४३१९।- मा २७५ मिटर बाटोमा माटो पटानी तथा ग्राभिल गर्ने काम सम्पन्न भएको छ।

यो काम सम्पन्न भए पछि टोल विकास संस्था कि अध्यक्ष सुनिता चौधरी भन्नु हुन्छ टोल विकास संस्थाले विगत लामो समय देखि भोगिरहेको समस्या समधान गर्न पाएकोमा टोल बासीहरुमा खुसी छाएको छ भने टोलमा आवत जावत गर्न सजिलो भएको छ । विगत लामो समय देखि यो बाटोको बारेमा कुरा उठाउदै आए पनि सम्बोधन हुन सकेको थिएन टोल विकास संस्था गठन भईसकेपछि वडा तथा नगरपालिकाले हाम्रा कुरालाई सुनदिने र हामीले पनि आफ्ना कुरालाई सजिलैसंग राख्ने गरेका छौं टोलको विकासका लागि स्थानीय टोल बासीहरु सक्रियरुपमा लाग्नु पर्छ र टोलमा एकता मेलमिलाप र सामुहिकरुपमा छलफल गर्ने समस्याको समधानका लागि योजना बनाएर काम गर्ने गरेमा टोलको विकास गर्न सकिन्छ भन्ने उदाहरणका रुपमा यो कामलाई लिन सकिन्छ।



# टोल विकास संस्थाको पहलमा भयो खोपकेन्द्र मर्मत

टीकापुर नगरपालिका वडा नं. १ को बनगाउँमा रहेको बनगाउँ खोपकेन्द्रमा ९ वटा टोल विकास संस्थाका करिव १००० घरधुरीले सेवा लिने खोपकेन्द्रका रुपमा रहेको छ।

खोपकेन्द्र महिनामा २ पटक संचालन हुने गर्दछ सेवा लिनेको संख्या धेरै हुने र सेवाग्रहीहरुको लागि बस्ने ब्यवस्था र शौचालय नहुँदा निकै सास्ती ब्यहोर्नु परेको कुरा सेवा लिने व्यक्रिहरुले बताउने गर्नु भएको छ । खोप केन्द्रको अवस्था सुधार गर्नका लागि बनगाउँमा रहेका ९ वटै टोल विकास संस्थाहरुले वडाको बस्ती स्तरको योजना छनौटमा खोपकेन्द्र मर्मत तथा ब्यवस्थापनका लागि यो जना माग गर्ने काम भएको थियो वडा कार्यालयले सो मागलाई सम्बोधन गरेर रु ३,००,०००।- बजेट ब्यवस्थापन गरेरकाले ९ वटै टोल विकास संस्थाको सामुहिक छलफलबाट योजना कार्यन्वयनको छलफल गरी टोलको अगुवाईमा खोपकेन्द्र मर्मत खानेपानी, शौचालय, विद्युत जडानको काम सम्पन्न भएको छ।

९ वटै टोल विकासका सदस्यहरुले सामुहिकरुपमा खोपकेन्द्रको सरसफाई र घेरबार लगाउने काम सम्पन्न गरेका छन् उक्त कार्यमा वडा नं.१ का वडा अध्यक्षको समेत सहभागितामा रहेको थियो टोल विकास संस्थाका सदस्यहरुले बनगाउ खोप केन्द्रलाई स्वास्थ्य संस्थाको रुपमा ब्यवस्थापन गरी नियमित स्वास्थ्य सेवा दिने काम गरी दिनका लागि माग गर्नु भएको थियो भने वडा अध्यक्षले त्यसका लागि पहल गर्ने कुरा बताउनु भएको थियो । अहिले बनगाउ खोपकेन्द्र समुदायको सक्रिय सहभागितामा सफा सुन्दर र मर्मत सम्बार गरेर वडा कै एक नमुना खोपकेन्द्रको रुपमा रहेको छ।



बनगाउ खोपकेन्द्रमा सेवा लिन गएकी लगनशिल टोल विकास संस्था कि सदस्य मनिसा चौधरी बताउनु हुन्छ खोपकेन्द्रमा बच्चालाई खोप लगाउन जादा घाममा उभिनु पर्ने, शौचालय, खानेपानीको ब्यवस्था नभएको बच्चा विरामी भयो यो विषयमा टोलमा छलफल गरी योजना माग गरेर खोपकेन्द्र मर्मत खानेपानी, शौचालय र बस्ने बेन्चको ब्यवस्थापन गरेकाले अहिले खोप लगाउदा सहज भएको। समुदायका मानिसहरु जागेमा मात्र विकास र परिवर्तन हुन्छ भन्ने कुरा लागेको छ। जब टोल विकास संस्थामा बसेर छलफल गर्न थाल्यौ अनि हाम्रो टोल र समुदायको विकासमा धेरै ठूलो परिवर्तन भएको छ।



# सडक सौन्दर्यकमा हरीयाली प्रबर्द्धनमा बातावरण जुट्यो टोल विकास संस्था

– **पुनम धामी**, सामुदायिक प्रशिक्षक

टीकापुर नगरपालिका वडा नं. ८ को बटनपुर गाउँमा रहेको सद्भाव टोल विकास संस्थामा ९१ जना सदस्य रहेका छन्। टोल विकास संस्थाको गठनका लागि सुरुमा २५ जना मात्र सहभागि हुने गर्दथ्यो विस्तारै टोलमा बैठक बसेर छलफल गर्दै जादाँ सदस्यहरु थपिदै जानु भयो र हाल ९१ जना सदस्य रहेका छन् टोल विकास संस्थाको बैठकमा सदस्यहरुले वडा तथा पालिकाले टोल गाउँमा सूचना नआउने र हाल सम्म विकास निर्माणका कामहरु केहि पनि गरेका छैनन् जनप्रतिनिधिहरु भोट माग्न मात्र आउने जिति सकेपछि केही गर्दैनन् र अनुहार पनि देखाउदैनन् भन्ने गुनासो गर्दथ्ये। टोलका मानिसहरुको विचमा पनि सर-सहयोगको भावना थिएन। टोल विकास संस्थाका नियमित बैठक बस्दै गर्दा पनि यस्ता असहयोगी ब्यवहारले छलफल चलाउन समेत गारो हुने गर्दथ्यो तर त्यही समुदायमा बस्ने एक जना चौधरीको गाडी दुर्घटनामा परेर घाइते हुनु भयो यस विषयमा टोल विकास संस्थामा छलफल भयो र टोलका सबै सदस्यहरुले रु २५६२५ रकम सहयोग उठाएर उपचारका लागि सहयोग गरे त्यस पछि टोल विकास भएमा टोलमा हुने विभिन्न समस्याहरुलाई एक आपसमा मिलेर समधान गर्न सकिन्छ भन्ने विश्वास जाग्यो र टोलमा नआउने सदस्यहरु पनि टोलको बैठकमा आउन थाले र विस्तारै एक आपसमा एकता मेलमिलाप र सर सहयोगको भावना बढ्दै गयो टोल विकास संस्थाले समुदायमा भएका समस्यहरुकाबारेमा छलफल गर्ने र योजना बनाएर काम गर्ने परिपाटीको सृजना भयो। टोलले घरआँगन सरसफाई, गर्ने वडा तथा पालिकाको सूचना पाएर कार्यक्रममा सहभागि हुने, घरमा कुहिने र नकुहिने फोहोर छुटाउने कुहिने फोहरलाई मलको रुपमा प्रयोग गर्ने र नकुहिने फोहोरलाई पालिकाको गाडीमा पठाउने काम गरिरहेका छन्।



२०८१ साल फागुन महिनाको टोल विकास संस्थाको बैठकामा जलवायुपरिवर्तन सम्बन्धि छलफल भयो र टोल विकासका सदस्यहरुले टोलमा भएका सार्बजिक सम्पतीको संरक्षणको अवस्था र जलवायु परिवर्तनका कारणले हाल समुदायमा स्वस्थ्य, कृषिमा परेको प्रभावकाबारेमा छलफल भयो जलवायु परिवर्तन हुनमा हामी मानिसको पनि भूमिका छ त्यसैले यसको न्यूनिकरणका लागि वाताबरण संरक्षणमा लाग्नु पर्दछ भन्ने निश्कर्षका साथ यो टोलमा भएको बाटो सरसफाई गर्ने र बाटोको दुवै किनारामा असोकका विरुवाहरु लगाउने त्यसका लागि वडा कार्यालय तथा अन्य सरोकारवालासंग समन्वय गर्ने योजना बन्यो वडा कार्यालयसंगको छलफल पछि वडाबाट १७६ वटा असोकका विरुवाहरु ल्याएर रोडको दुवै किनारामा वडा अध्यक्ष सहितको ५७ जनाको सहभागितामा विरुवा लगाउने काम भएको थियो। विरुवा संरक्षणको लागि वडा कार्यालयमा रहेका पुराना ८० वटा ट्रिगाड र नजिकैको त्रिभुवन माविबाट ११ वटा ट्रिगाड ल्याएर लगाएका छन् भने बाँकी टोलका सदस्यहरुले बास र पुरानो झुलले घेरवार गरेर संरक्षणको कार्य गरेका छन्। हाल वटनपुर गाउँको सडक किनारा हरियाली र सफा भएको छ भने टोल विकास संस्थाले गरेको यो कामलाई देखेर वडा अध्यक्ष ज्यादै खुसी हुनु भएको छ उहाँ भन्नु हुन्छ यो टोल विकास संस्था पनि सकेपछि टोल तथा समुदायमा विकासले गति लिएको छ। समुदायका मानिसहरु आफै सक्रिय भए विकास निर्माणका कामहरु भैरहेका छन् वडा कार्यालयले पनि समुदायको विकासका लागि टोल विकास सस्थाको सहभागितामा योजना निर्माण गर्ने र कार्यान्वयन गर्ने वडाको योजना रहेको छ टोल विकास संस्था मार्फत नै टोलको विकास गर्ने कुरामा वडा कार्यालय प्रतिबद्ध रहेको छ। यो टोल विकास संस्थाले वाताबरण संरक्षण र बाटोको सौन्दर्यताका लागि गरेको काम नै एउटा नमुना काम हो।

# टोल विकास संस्थाले गऱ्यो बृक्षारोपण

– **सुस्मीता चौधरी**, सामुदायिक प्रशिक्षक

टीकापुर न.पा. वडा नं.१ मा रहेको सगरमाथा टोल विकास संस्थामा ५३ जना सदस्य रहेका छन् टोल विकास संस्थाको नियमित बैठक अनुसार असार महिनाको १२ गतेको बैठकमा सहजकर्ताले जल वायु परिवर्तन सम्बन्धि अभ्यास (कोड) विधिबाट छलफल सहजिकरण गरेर टोलमा रहेको सार्वजनिक स्थलमा विद्यालयको चौर, टोलको बैठक घर वरी परी, थारु मरुवा र देउथानमा बृक्षारोपण गर्ने जस अनुसार प्रत्यक सदस्यले आफ्नो घरबाट विभिन्न जातका १२ वटा विरुवा ल्याएर आउने र बाँकी सव डिभिजन वन कार्यालय टीकापुरसंग माग गर्ने योजना बनेको थियो।



योजना अनुसार टोल विकास संस्थाका ६५ जनाको सहभागितामा १३३६ वटा विभिन्न जातका विरुवाहरु बृक्षारोपण गरिएको छ। बृक्षारोपण कार्यमा टीकापुर नगरपालिका वडा नं. १ का वडा अध्यक्षको समेत सहभागिता रहेको थियो वडा अध्यक्षले बृक्षारोपण स्थलमा सबै टोल बासीलाई बताउनु भयो जलवायु परिवर्तनका कारणले नेपाल र संसार भरी नै असर गरीरहेको छ यस्तो अवस्था आउनमा हामी मानिसको नै भूमिका रहेको छ जलवायु परिवर्तको असरलाई न्युनिकरण गर्नका लागि तपाई हामी टोलबासी सबै लाग्नु पर्छ टोल विकास संस्थाले गरेको बृक्षारोपण कार्य ज्यादै महत्वपूर्ण छ जनवायु परिवर्तका असरहरुलाई न्युनिकरण गर्नका लागि वडाको तर्फबाट पनि टोल विकास संस्था मार्फत गर्न सकिने कामहरुका लागि कार्यक्रम गर्ने प्रतिबद्धता जनाउनु भएको थियो। यो टोल विकास संस्थामा रहेका सार्वजनिक स्थलहरुमा पहिला चौपायहरुको चरिचरण हुने गर्दथ्यो भने अहिले बृक्षारोपण गरेर हरियाली भएको छ।

# खोप केन्द्रमा बन्यो शौचालय

**– सिमा चौधरी**, सामुदायिक प्रशिक्षक

टीकापुर नगरपालिका वडा नं. ४ बागमारामा रहेको खोप केन्द्रमा शौचालय नहुदा खोप लगाउन आउने मानिसहरुलाई दिशा, पिसाब गर्न समेत समस्या थियो।



२०८१ साल मंसिर महिनाको १८ गते वडा स्तरीय स्वास्थ्य संस्थाका ब्यवस्थापन समिति, कर्मचारी र सेवाग्राही विच भएको सामुदायिक अंकपत्रको अभ्यासमा खोप केन्द्र ब्यवस्थापन सम्बन्धि पनि छलफल भयो र बागमारा खोप केन्द्रमा शौचालय बनाउने योजना बनेको थियो सोही योजना अनुसार वडा कार्यालयले रु २५,०००।- बजेटको ब्यवस्था गरी ज्ञानी टोल विकास संस्था लाई वडा कार्यालयले जिम्मा दियो उपभोक्ता समिति टोल विकास संस्थाबाटै सदस्यहरुको विचमा छलफल गरी बनाईयो शौचालय निर्माण गर्दा टोल बासीले श्रमदान पनि गरेका छन् स्थानीय श्रोत साधनको प्रयोग गरी टोल विकास संस्थाका ३१ जना सदस्यहरुले श्रमदान गरेका छन्।

बागमारा समुदायमा रहेको खोप केन्द्रमा शौचालय नहुँदा प्रत्येक महिनाको ९ गते गाउँघर क्लिनिङ्ग र २३ गते खोप लगाउने दिनमा गर्भवति महिला र सुत्केरी महिला लगायत स्वास्थ्यकर्मीलाई समेत शौचालय नहुँदा दिशा, पिसाब गर्न सारै असहज भएको थियो।

बागमारा गाउँमा हेर्ने महिला स्वास्थ्य स्वयम सेविकाले पटक पटक शौचालयको बारेमा वडा कार्यालयमा कुरा गर्दा पनि पुरा नभएको कुरा टोल विकास संस्थाको बैठकमा बताउनु भएको थियो। त्यसको लगतै वडा स्तरीय स्वास्थ्य संस्थामा सामुदायिक अंकपत्रको अन्तरक्रिया छलफल भयो। स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनका लागि स्वास्थ्यका सूचकहरु माथि छलफल भयो। स्वास्थ्य संस्थाका कर्मचारीले सेवा प्रभावमा सुधार्नु पर्ने ब्यवहारकाबारेमा समेत छलफल भयो साथै सेवालाई प्रवाकारी बनाउनका लागि मानविय र भौतिक स्रोतसाधनको समेत ब्यवस्था गरेमा स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरिय बनाउन सकिन्छ भन्ने साझा बुझाई कायम गरी सुधारका लागि योजना बनाउने काम भएको थियो जस अन्तरगत बागमारा खोप केन्द्रमा शौचालय बनाउने आगामी योजना बनेको थियो सोही योजना अन्तरगत वडा कार्यालयले शौचालय निर्माणको योजना बनायो र टोल विकास संस्थाको सक्रिय सहभागितामा शौचालय निर्माण गर्ने कार्य सम्पन्न भएको छ।

शौचालय बने पछि सेवा लिन आउनु भएकी मन्जु चौधरी बताउनु हुन्छ पहिला खोप सेवा लिन आउँदा पिसाव लाग्दा गाउँको शौचालयमा जानु पर्ने बाध्यता थियो कतिपय अवस्थामा दिसा, पिसाब रोकेर बस्नु पर्ने अवस्था पनि हुने गर्दथ्यो यस्तो अवस्थामा सेवा ग्राहिको मात्र नभएर स्वास्थ्य संस्थाका कर्मचारीको पनि हो स्वास्थ्यकर्मी निलम विष्ट बताउनु हुन्छ हामी स्वास्थ्यकर्मी भएर पनि खोप र गाउँघर क्लिनिकमा जाँदा पानी पनि नखाएर जाने गर्दथ्यौं। यस खोप केन्द्रमा शौचालय नहुँदा हामीले सारै समस्या भोगेका थियौ अहिले शौचालय बने पछि सहज भएको छ साथै टोल विकास संस्थाको सक्रियता र सहभागिताले निकै मन छोयो सानो रकममा पनि टोल विकास संस्थाको एकता र सहयोगले नै समय मै शौचालय बन्न सफल भएको छ। यसरी समुदायका मानिसहरु मिलेर काम गर्न सकेमा विकासलाई दिगो र समय मै काम सम्पन्न गर्न सकिन्छ। टोल विकास संस्थालाई र वडा अध्यक्षलाई हार्दिक धन्यबाद छ।

# टोल विकास संस्थाले गर्दा बडघरलाई काम गर्न सहज भएको छ

**– धनिराम चौधरी**, बडघर तथा टोल विकाससंस्थाका अध्यक्ष

नवशिर्जनशिल टोल विकास संस्थाका अध्यक्ष तथा गाउँका वडघर धनिराम चौधरी टोल विकास संस्थाका बारेमा बताउनु हुन्छ टोल विकास संस्थाले गर्दा बडघरको काममा समेत काम गर्न सजिलो भएको छ। बडघरको भुमिका सिमित छ भने टोल विकास संस्थाको भूमिका ब्यापक छ। हामीले समुदायको विकासका लागि टोल विकास संस्था बनाएका छौ टोल विकास संस्थामा नियमित बैठक बस्ने टोल समुदायमा भएका सबै किसिमका विषयमा छलफल गर्ने र योजना बनाएर काम गर्ने गरेका छौ। वडा तथा पालिकाबाट हुने काम र सूचनाको बारेमा समेत टोलको बैठकमा जानकारी सहजकर्ताले गराउने र वडा तथा पालिकाले पनि टोललाई विभिन्न कार्यक्रमका लागि खवर गर्ने गर्दछन त्यसकारण टोल विकास संस्था भनेको



समाजको समग्र विकासका लागि काम गर्ने र सबै सदस्यको क्षमता विकास हुने गर्दछ। बडघर भनेको थारु समुदायमा परमपरादेखि चल्दै आएको एउटा प्रथा नै हो जसको काम भनेको थारु समुदायमा हुने कुल पुजा, विवाह, मृत्य जस्ता कार्यको ब्यवस्थापनका लागि गाउँ जुटाउने र गाउँको कुलो बाटो जस्ता काममा बेगारीमा गाउ जुटाउने काम गर्ने साथै गाउमा कुनै विबाद भएमा मिलाउनका लागि छलफल गर्ने गर्दछन भने टोलको त यी लगायत धेरै कामहरु छन् टोलले गर्दा बडघरलाई समेत काम गर्न सजिलो भएको छ भने बडघरले गर्नु पर्ने कामहरु पनि टोल विकास संस्था मार्फत नै हुने भएकाले टोल विकास संस्था भएर ज्यादै सजिलो भएको छ।

# समाजवादी अभ्यास गर्दै समृद्ध समाज

– **पुनाराम पन्थी**, दाङ

समृद्ध समाजले "**जस्तो नाम–उस्तै राम्रो काम**" गर्दै आएको छ। समाजका समृद्धकर्मीहरुले बनमा गएर पात टिपे। दुना-टपरी आफै बुने। भाँडा, दाउरा, औजार, पानी आफै जुटाए। पिठो, आलु, साग, लसुन, प्याज, गोबी, बन्दा, सिन्की, धनियाँ, च्याउ, खुर्सानी, मसला लगायत धेरै सामान आ-आफै ल्याए। कागजमा हातैले लेखेको "**रैथाने खाजा घर**" ब्यानर स्टलको अगाडि टुङ्गयाए।




दंगीशरण गाउँले यहि पौष २६-२७ गते थारु कला, सृजना र संस्कृतिको सम्बर्द्धन र प्रवर्द्धनका लागि २ दिन माघी महोत्सव आयोजना गर्यो। समृद्ध समाजको टिमले महोत्सवको रमाइलोमा रम्दै गाउँको उपजलाई प्रशोधन गरेर परिकारहरु बनाई बिक्री गरे। युवाहरूलाई उद्यम र उत्पादनमा जोडिनु पर्छ भन्ने संदेश दिए। वातावरणमैत्री असल अभ्यासहरु प्रर्दशन गरे। महोत्सवलाई कोष सृजनाको अवसर बनाए। भाडामा बस्दै आएका उनीहरू कोष वृद्धि गरेर अफिस भवन बनाउने मिसनमा छन्।

महोत्सवमा उनीहरूको खटन-पटन लोभलाग्दो र सिक्न लायक थियो। सबै समूहहरुमा सञ्चार गरे। साँस्कृतिक जुलुस, गीत र नृत्यमा समूहहरुले आयोजकलाई सघाए। सुकलाल चौधरीको अध्यक्षतामा संचालन भएको महोत्सवमा ९० प्रकारका मौलिक रचनाहरु प्रस्तुत भए। समृद्धकर्मी सबै आ-आफ्नो जिम्मामा ब्यस्त देखिन्थे। खाजा स्टल अगाडि पुग्ने ग्राहकहरु टक्क उभिएर लहरै रहेका अर्गानिक परिकार तिर आँखा डुलाउँथे। खाँउ-खाउँलाग्दो ढिक्री, घोँगी, अचार, पकौडा, अनादीको सेल, च्याउ, सुन्तला, पानी-पुरी र चाट किन्नेहरुको घुईंचो थियो।



विकासलाई उनीहरूले संस्कृतिसंग जोड्दै आएका छन्। हरेक कामको सृजनात्मक प्रयोग र निकास नै विकास ठान्दछन्। तीन बर्ष देखि माघी महोत्सवमा उनीहरू सक्रिय छन्। संस्कृतिसँग रम्दै गाउँको उत्पादन बटुलेर प्रशोधन गरी परिकारहरु बेच्दै आएका छन्। उनीहरूले तीज, दशै, तिहार र साधारण सभाहरुमा पनि यस्तै सृजात्मक संस्कार बसालेका छन्। संस्थामा आवद्ध धेरै समूहले आलु, प्याज, लसुन, गहुँ, च्याउ, तोरी, हलेदो, बदाम लगायत सामुहिक खेती गर्दै आएका छन्। सामुहिक श्रम र हरेक बर्ष सामुहिक भैलो खेलेर कोष वृद्धि गर्छन्। तीज र तिहारमा उनीहरूले आफै रचना गरेका चेतनामूलक गीत प्रस्तुत गर्छन्।

दंगीशरण गाउँपालिका र वडा कार्यालयहरुले समृद्ध समाजसंग बिकास साझेदारको रूपमा हाते मालो गर्दै आएका छन्। सहकर्मी समाजले भुइँ तहका मानिसरुलाई ७१ वटा समूहमा आवद्ध गरेर विकास पद्धतिको सुरुवात गरेको थियो। समृद्ध समाज तिनै समूहको कार्यसंजाल संस्था हो। यो संस्थाले विकास पद्धतिलाई समुदायमा आधारित, दीगो र ब्यबस्थित गर्दै आएको छ। हरेक घर र समाजलाई समृद्ध बनाउन समाजबादी अभ्यास अवलम्बन गरिरहेको छ। समृद्ध समाजलाई सहकर्मी समाज, बिकास कोष र फेमी संस्थाले रणनीतिक साझेदारको रूपमा हुर्किन, बढ्न मद्दत दिदै आएका छन्।

# समूहको कारण बन्न पुग्यो सामुहिक बेसार खेती जलकुण्डि समूह

दाङजिल्लाको बंगलाचुली गाउँपालिका वडा नं. ६, रिभानस्थित जलकुण्डि समूहले हालसालै एक अनुकरणीय काम गरेर स्थानीय समुदायमा उदाह रणीय भूमिका निर्वाह गरेको छ। मिति २०८० साल फागुन २४ गते समाज विकास संजाल, दाङको सहयोगमा स्थापना यस समूहले छोटो समयमा कृषि अभ्यासमा उल्लेखनीय सफलता हासिल गरेको छ।

समूहमा हाल १५ जना सदस्य आबद्ध छन्, जो सबै महिलाहरू समाज रूपान्तरणमा सक्रियताका साथ जुटिरहेका छन्। समूह गठनपछिका नियमित छलफल र अन्तरक्रियाहरूले सदस्यहरूमा योजना निर्माण तथा कार्यान्वयनको महत्व, बचत तथा लगानीको अवधारणा र सामूहिक कामप्रतिको आकर्षणमा विकास गराएको छ।

शुरुमा समूहले मासिक बचतको थालनी गर्‍यो, जहाँ प्रत्येक सदस्यले मासिक रूपमा रु. ५ सयको दरले बचत गर्न थाले। यसबाट कोषमा रकम जम्मा हुन थाल्यो र सदस्यहरूलाई आवश्यकता अनुसार लगानी गर्न सहज भयो। यस कोष परिचालनको उद्देश्यबाट समूहका सदस्यहरूले जीविकोपार्जनका विविधमा ध्यानमा पाइला चाल्न थाले जस्तै बाख्रापालन, भैंसीपालन र तरकारी खेती। सदस्यहरू भन्छन्, पहिले आर्थिक अवस्था कमजोर थियो, छोराछोरी पढाउन, घर चलाउन गाह्रो पर्थ्यो। अहिले ती समस्या समाधान हुँदै गएका छन्।"

समूहमा बारम्बार हुने छलफलले एउटा नयाँ सोच जन्मायो "**सामूहिक बेसार खेती**"। समूहले सामूहिक रूपमा निर्णय गर्‍यो कि गाउँमा बाँझो अवस्थामा रहेको जमिनलाई सदुपयोग गरिनेछ। त्यसपछि सबै मिलेर बाँझो जमिनमा खनजोत गरी बेसार खेती थालियो। "सामूहिक काम गर्दा रमाइलो त हुन्छ साथमा छिटो र सजिलै काम सकिन्छ। सबै मिलेर हाँसीखुसी काम गर्दा थकाइ पनि लाग्दैन।"



यस सामूहिक खेतीले सदस्यहरूमा नयाँ ऊर्जा भरेको छ। जलकुण्डि समूहको सामूहिक बेसार खेतीको सफलताले गाउँका अन्य समुदायहरूलाई पनि कृषि, बचत र सहकार्यका माध्यमबाट आत्म निर्भर बन्न सकिन्छ भन्ने सन्देश दिएको छ। अब उनीहरू भविष्यमा अझ धेरै क्षेत्रफलमा खेती विस्तार गर्ने योजना बनाइरहेका छन्।

# कालिका समूह

## बंगलाचुली गाउँपालिका-४ तापादाङ

कालिका समूह दाङ जिल्लाको बंगलाचुली गाउँपालिका वडा नं. ४ तापामा अवस्थित छ। यो समूह सहकर्मी समाज नेपालको सहयोग तथा समर्थनमा २०६९ सालमा गठन भएको हो। हाल यस समूहमा २० महिला ३ पुरुष गरी २३ जना सदस्य आबद्ध रहेका छन्। प्रत्यक्ष लाभान्वित संख्या ८६ जना रहेका छन् । दलित बस्तिमा स्थापना भएको यस समूहले समुदायमा बिभिन्न आयआर्जन सम्बन्धी कामहरु गर्दै आएको छ।

**समस्या**: यस ठाउँका मानिसहरुले विभिन्न नगदेवाली तथा जडिबुटीहरु अदुवा, बेसार, टिमुर, मालागेडी, दालचिनी, तेजपत्ता र खाद्यान्न बाली मकै उत्पादन गर्दै आएका छन् । बजारीकरणको समस्या भएका कारण उत्पादन गरेको सामाग्री बजारसम्म पुराउन ढुवानी खर्च हुने र समय खर्चनु पर्ने बाध्यता रहेको छ। सामान्य उत्पादन गर्ने किसानहरुले बजार सम्म पुराउन कठिन हुने र त्यहाँ आउने बिचौलिया ब्यापारीले कम शुल्कमा खरिद गर्ने भएकाले उनीहरुले उत्पादन गरेको बस्तुले उचित मुल्य पाउन सकेको छैन। उक्त गाउँमा देखिएका समस्याहरुलाई समाधान गर्नको लागि उक्त समूहको माग अनुसार यो प्रस्ताव तयार गरिएको छ।

**संचालन गरिने काम**: उत्पादित बस्तुको संकलन, प्रशोधन, प्याकेजिङ तथा बजारीकरण

**संकलन गरिने बस्तुहरु**: बेसार, अदुवा, टिमुर, मालागेडी, मकै, मसलाहरु, कोदो इत्यादी संकलन गर्ने र प्रशोधन गरी बजारिकरण गर्ने।

**लाभान्वित घर**: ९७

**ब्याज प्रतिशत**: बार्षिक ६ प्रतिशत

**ब्याज**: समूहको आम्दानी हुनेछ।

**उद्यमीको परिचय** : दिपक परियार कालिका कृषक समूहका सचिब हुन। उनी विगत १२ बर्ष देखि समूहमा बस्दै आएका छन् । उनको परिवारमा महिला ५ पुरुष २ गरी ७ जना रहेका छन्। उनको मुख्य पेशा कृषि रहेको छ भने हाल उनले समूहबाट ऋण लिएर सामान्य किराना पसल गर्दै आएका छन्। दिपकसंग बजारीकरणको सीप पनि रहेको छ। उनले गाउँमा उत्पादन भएका केही मात्रामा सामाग्रीहरु खरिद गर्ने र बेच्ने गर्दै आएका छन्। तर प्रशोधन गरेर बेच्ने उनमा ठूलो सोच रहेको छ। उनले गाउँका मानिसहरुलाई उत्पादनमा जोड्ने र आफुले बजारीकरण गर्ने सोच बनाएका छन्। तर लगानी गर्ने पैसाको अभावले गर्दा उनले उक्त पेशालाई संचालन गर्न सकेका छैनन्।

**दिगोपना**: दिपकले गाउँका सबै कृषकहरुलाई ब्यवसायिक नगदे वाली र जडिबुटिमा जोड्ने र उनीहरुले उत्पादन गरेका बस्तुहरुलाई प्रशोधन गरी ग्रेड अनुसार प्याकेजीङ गर्ने र बजारीकरणको काम गर्ने छन् । उनलेअर्गानीक गाउँले पसल संचालन गरी दर्ता गर्ने छन् । आफ्नो गाउँमा मात्र उत्पादन भएका बस्तु बाहेक बंगलाचुलीमा पायक पर्ने ठाउँहरुबाट ठुला मात्रामा उत्पादित बस्तुहरु संकलन गर्ने छन्। बजारीकरणको लागि बिभिन्न ब्यापारी तथा कम्पनीहरुसंग समन्वय गरी बिक्री बितरण गरिने छ। उक्त पसललाई उद्योग तथा पालिका दर्ता गर्ने छन्।

**समुदायले कसरी लाभ पाउछन्**:

- उत्पादन गरेको बस्तुलाई बजारसम्म लैजान पर्दैन जसका कारण समयको बचतसंगै उत्पादित बस्तुको खपत हुनेछ।
- कृषकहरु उत्पादनमा जोडिनमा प्रेरणा मिल्नेछ।
- रोजगारीको सृजना हुनेछ।
- स्थानीयस्तरमा उत्पादन हुने बस्तुहरुको बिक्रि बितरण हुनेछ जस्तै सिस्नो, दालचिनी, तेजपत्ता आदी

**आवश्यक सामाग्री तथा बजेट विवरण**:

| सि.नं. | बिवरण | परिणाम | दर | जम्मा रु. |
|---|---|---|---|---|
| १ | सफा गर्ने र धुने ठूलो ड्रम वा वाशिङ मेसिन | १ वटा | ४०००० | ४०००० |
| २ | सुकाउने सौर्य ड्रायर वा इले क्ट्रिक ड्रायर | १ वटा | १००००० | १००००० |
| ३ | पिस्ने सामान्य ग्राइन्डर | १ वटा | ६०००० | ६०००० |
| ४ | तौल मेशिन | १ वटा | १५००० | १५००० |
| ५ | प्याकेटहरू (प्लास्टिक/ पेपर/फोइल पाउच): | २० केजी | २०० | ४००० |
| ६ | लेबल छपाई: | १ वटा | ५००० | ५००० |
| ७ | सामान्य सिलर मेसिन | १ वटा | १५००० | १५००० |
| ८ | सङ्कलनका लागि झोला/बक्स | १०० वटा | १२० | १२००० |
| ९ | अन्य बस्तुहरु खरिद अदुवा, बेसार, टिमुर, मालागेडी, सिस्नो | १००० केजि | ४०० | ४००००० |
| | **जम्मा** | | | ६५१००० |

**कृषकको भुमिका**:

- कृषकले उत्पादन गरेको बस्तुहरु उचित मुल्यमा खरिद गर्नु पर्नेछ।
- संकलन गरेको बस्तुहरुलाई प्रशोधन गरी बजारीकरण गर्नु पर्नेछ।
- बजारीकरणको लागि समन्वय सहकार्य बिस्तार गर्नु पर्नेछ।
- स्थानीय बजारमा अर्गानिक पसल संचालन गर्न ठाउँको छनोट, आफैले गर्नु पर्नेछ।
- पसललाई दर्ता बिभिन्न निकायमा दर्ता गर्नु पर्नेछ।
- आफुले गरेको कामको उपलब्धी तथा फाइदाहरुलाई लिखितरुपमा राख्ने आदान प्रदान गर्नु पर्नेछ।
- समाज विकास संजालको सम्झौता अनुसार काम संचालन गर्नु पर्नेछ।

**समूहको भुमिका**:

- समूहले कृषक छनोट गरि दिनु पर्नेछ।
- समूहले उक्त कामको अनुगमन तथा निगरानी गर्नेछ।
- समूहको मातहतमा रकम हस्तान्तरण गरिने छ र उक्त रकमको जवाफदेहिता खुद समूहले लिनु पर्नेछ।
- समुदायले उत्पादन गरेको बस्तुहरु सोही पसलमा दिनु पर्नेछ।

**संस्थाको भुमिका:**

- संस्थाले आवश्यकता अनुसार उक्त कामको अनुगमन गर्नेछ।
- उक्त पेशाको लागि प्राबिधिक सहयोग संस्थाले गर्नेछ।
- कार्यक्रमको उपलब्धी सम्झौता अनुसार समयमा रिपोटिङ गर्नु पर्नेछ।
- समयमा उक्त रकम असुली गरी पुनः अर्को ठाउँमा लगानी गर्नेछ।
- असल अभ्यासहरुलाई सफलताको कथाहरु लेखी बिभिन्न पत्रपत्रिकामा छपाई प्रसार प्रसारमा मद्दत गर्नेछ।

## प्रगती समूह

### दंगीशरण-६, प्रसड, दाङ

**समूहको परिचय**

समूहको नाम : प्रगती समूह

ठेगाना : दंगीशरण ६ प्रसड दाङ

समूहमा आवद्ध सदस्य संख्या : महिला २६ पुरुष ३ जम्मा २९ जना

लाभान्वित संख्या : महिला ५३ जना पुरुष ६८ जना गरी जम्मा १२१ जना

लाभान्वित घरधुरी : २७ घर

**उद्यमीको परिचय :**

बालकृष्ण खड्का प्रगती समूहको अध्यक्ष हुन् । उनी विगत ६ वर्ष देखि समूहमा बस्दै आएका छन् । उनको परिवारमा ४ जना परिवार संख्या रहेको छ । बालकृष्णले २ वर्ष अगाडी पुरानो अटो किनेर अटो चलाउदै आएका थिए र स्थानीय बासीहरुको दुध संकलन गरी तुलसीपुर सम्म लगेर विक्रि गर्ने काम गरिरहेका छन् । अकस्मात समय समयमा अटो विग्रीरहने भएकोले आम्दानी जती अटो मर्मत गरेर सकिने भएकोले उनको व्यवसाय खस्किदै गएको थियो विचैमा व्यवसाय स्थगित गर्नुपर्ने अवस्था रहेको थियो। कृष्णले खाडि मुलुकको दुःख पिडाको अनुभव गरेर नेपाल फर्केका थिए। उनको सोच खाडि मुलुकमा नगएर नेपालमै मेहनत गरेर आयआर्जन बढाउने रहेको थियो। कहि कतैबाट आर्थिक सहयोग पाए भने १९८ सी.सी को अटो किने विहानको समयमा कृषकहरुले उत्पादन गरेको दुध र तरकारी संकलन गरी तुलसीपुर सम्म छोड्ने र बाँकी समयमा समुदायका बासिन्दाहरुलाई तुलसीपुर देखि गाउँसम्म ओसारपसार गर्नुका साथै भैंसीपालन र तरकारी खेतीलाई प्राथमिकता दिएर व्यवसायलाई निरन्तरता दिने योजना रहेको छ।

**व्यवसायबाट समुदायले प्राप्त गर्ने सेवाहरु :**

१. कृषि उत्पादन जस्तैः तरकारी खेती पशुपालन गर्ने सदस्यहरुलाई स्थानीय स्तरमा बिक्रि वितरण गर्न सहज हुनेछ।
२. स्थानीय समुदायलाई सामान ओसारपासार तथा तुलसीपुर आवत जावत गर्न सहज हुनेछ।
३. साना बालबालिकाहरुलाई स्कुल पठाउन सहज हुनेछ।
४. समुदायले उत्पादन गरेको कृषि उपचहरु समयमै व्यवस्थापन गर्न सक्नेछन्।
५. बजारीकरणको लागि समुदायलाई भौतारीनु पर्ने छैन।

**स्वयम् व्यवसायीले प्राप्त गर्ने लाभहरु :**

१.आफ्नै ठाँउमा रोजगारीको सृजना हुनेछ।
२.व्यवसायलाई निरन्तर रुपमा अगाडी बढाउन सकिनेछ।
३.आयआर्जन र जीविकोपार्जनमा सुधार आउनेछ।
४.सामाजिक कार्यमा अग्रसरता बढ्नेछ।

उद्यमीको नाम : बालकृष्ण खड्का

स्थान : दंगीशरण ६ प्रसडुवा दाङ

व्यवसायबाट लाभान्वित घर संख्या : (समूह भित्र २६ घर समूह बाहिर छिमेकी २६१ घर जम्मा २८७ घर

**योजनाको वजेट विवरणहरु**

| क्र.सं. | विवरण | परिणाम | दर | जम्मा रु. |
|---|---|---|---|---|
| १ | अटो खरिद (१९८ सी.सी.को) | १ वटा | ६६०००००/- | ६,६०,०००/- |
| २ | दुहुनो भैंसी | १ वटा | १२००००/- | १,२०,०००/- |
| ३ | फिरीज (५०० लिटरको) | १ वटा | ७००००/- | ७०,०००/- |
| | **जम्मा रकम रु.** | | | **८५०,०००/-** |

## रक्सा मिश्रीत समूह

### दंगीशरण-६, प्रसड, दाङ

**समूहको परिचय**

समूहको नाम : रक्सा मिश्रीत समूह

ठेगाना : दंगीशरण ५ डाँडाँचिस दाङ

समूहमा आवद्ध सदस्य संख्या : म २१ पु ३ जम्मा २४ जना

लाभान्वित संख्या : महिला ४६ जना पुरुष ५५ जना गरि जम्मा १०१ जना

**उद्यमीको परिचय :**

सोमराज चौधरी रक्सा मिश्रीत समूहको सचिव हुन् । सोमराज विगत दुई वर्ष देखि समूहमा बस्दै आएका छन् । उनको परिवारमा जम्मा ४ जना परिवार संख्या रहेको छ । उनको मुख्य पेशा कृषि हो । कृषि अन्तरगत खेतीपाती र बाख्रापालन गर्दै आईरहेका छन् । सोमराज ४६ वर्षको भए । उनको खाडिमुलुक वा अन्य देशमा गएर कमाउने सोच छैन। आफ्नै ठाउँमा घर परिवार संगसगै बसेर नेपालमै केहि गरेर आफ्नो आर्थिक अवस्थालाई सुधार गर्दै जाने उनको सोच रहेको छ। आर्थिक पुँजीको अभावले गर्दा आफुले सोचेको कामको थालनी गर्न सकिरहेका छैनन् कहि कतैबाट आर्थिक सहयोग पाएपछि उनको आगामी योजना दुई हजार कुखुरा अट्ने कुखुराको खोर निर्माण गरी फर्म दर्ता गरेर उक्त व्यवसायलाई दीगो रुपमा संचालन गरी घरमै बसेर ब्रोईलर कुखुरापालन व्यवसाय संचालन गरेर स्थानीयवासीहरुलाई स्थानीयस्तरमै सेवा दिने र आफ्नो आयआर्जनमा वृद्धि गरी जीविकोपार्जन सुधार गर्ने योजना रहेको छ।

संचालित व्यवसायको नाम : ब्रोईलर कुखुरा पालन
उद्यमीको नाम : सोम राज चौधरी
स्थान : दंगीशरण ५, डाँडाँचिस, दाङ
व्यवसायबाट लाभान्वित घर संख्या : (समूह भित्र २४ घर समूह बाहिर छिमेकी २२६ घर जम्मा २५० घर

**योजनाको वजेट विवरणहरु**

| क्र.सं. | विवरण | परिणाम | दर | जम्मा रु. |
|---|---|---|---|---|
| १. | कुखुराको खोर निर्माण (१६ मिटर लम्वाई ६ मिटर चौडाई) | १ वटा | ३०००००/- | ३,००,०००/- |
| २. | दाना पानीका लागि भाडा (सानोमा) | २० वटा | ३००/- | ६,०००/- |
| ३. | दाना पानीका लागि भाडा (ठुलोमा) | २० वटा | ५००/- | १०,०००/- |
| ४. | सुपा | ३० वटा | ३५०/- | १०,५००/- |
| ५. | विजुली वत्तिको वल्व (२५० वाट) | १६ वटा | ३५०/- | ५,६००/- |
| ६. | हिटर | ५ वटा | ४०००/- | २०,०००/- |
| ७. | मिस्त्री खर्च (एक दिनमा ५ जना कामदार) | १७ दिन | ४५००/- | ७६,५००/- |
| ८. | कुखुरा खरिद | २००० | १००/- | २,००,०००/- |
| ९. | दाना | ६ वोरा | ४२००/- | २५२००/- |
| | **जम्मा रकम रु.** | | | **६,५३,८००/-** |

**व्यवसायबाट समुदायहरुले निम्न कुराहरुमा सेवा लिन सक्नेछन्**

(क) स्थानीय स्तरमा सेवा सुविधा लिन सक्नेछन ।
(ख) मासुको लागि तुलसीपुर वा बालापुर जानुपर्ने छैन ।
(ग) समयको बचत हुनेछ र छिटो छरिटो काम सम्पन्न गर्न सक्नेछन ।
(घ) बाहिर जाने पैसा समुदायमै रहनेछ ।
(ङ) ताजा तथा फ्रेस मासु खान पाउने छन् ।
(च) जुनसुकै समयमा मासु खरिद गर्न सक्नेछन ।

**व्यवसायबाट स्वयम् व्यक्तिले प्राप्त गर्ने लाभहरु निम्नानसरा रहेको छ ।**

(क) छोटो समयमै धैरै मुनाफा लिन सक्नेछ ।
(ख) आफ्नै ठाँउमा रोजगारीको सृजना हुनेछ ।
(ग) व्यवसाय तथा व्यक्तिगत पहिचान बढ्दै जानेछ ।
(घ) व्यक्तिगत सीप क्षमतामा विकास हुनेछ ।
(ङ) आयआर्जमा वृद्धि भई जीविकोपार्जनमा सुधार आउनेछ ।
(च) पारिवारीक तथा सामुदायिक सम्वन्ध अझ सुमधुर हुनेछ ।

समूहको कथा

# गोदावरी समूहको कथा



कञ्चनपुर जिल्लाको दक्षिणी तर्फ बेलडाँडी गाउँपालिका रहेको छ जसमा ५ वटा वडाहरु रहेका छन् । बेलडाँडी गाउँपालिकाको दक्षिणतर्फ वडा नं ५ पर्छ । गोदावरी समूह पनि ५ नं वडामा पर्छ । जसमा ३३ जना महिलाहरु रहेका छन् । गोदावरी समूह गएको बर्षमा वडामा दर्ता भई पालिका तथा पानमा पनि दर्ता गरी वडा कार्यालयमा प्रस्ताव पत्र पेश गरेका थिए र गत असार महिनामा बाख्रापालनको लागी प्रदेश सरकारको बजेटबाट ७ जनालाई एक लाख बराबरको बाख्रापालनको खोर र बाख्रा प्राप्त गरे वडा कार्यालयको अगुवाइमा समूहका सदस्यले धैरै तालिम गोष्ठिहरुमा पनि सहभागी हुने गरेका छन् । प्रत्येक महिना बैठक बस्ने छलफल गर्ने समूहमा वडाका प्रतिनिधीहरुलाई बोलाउने छलफल गर्ने वडाको भेलाहरुमा सहभागी हुने, समुहिक रुपमा काम गर्ने सामुदायिक बिद्यालयमा अनुगमन गर्ने बिद्यालय सरसफाई गर्ने कृषि ज्ञान केन्द्रमा दर्ता गरी २ वटा सिचाई बोर पनि अनुदानमा प्राप्त गरेका छन् । अहिले सिचाई गर्न २५ परिवारलाई सहज भएको छ । पालिकाले सिलाई आयोजना गर्दा यस समूहको सदस्यले १ जना सदस्यले तालिम लिई सिलाई गरी आफ्नो आयआर्जन गरेकी छिन्, समूहमा महिला महिला भएका कारण बिभिन्न समितीहरुमा पनि बसेका छन् । बेला बखतमा टोल सरसफाई गर्ने अहिले गोदावरि समूहलाई वडा कार्यालयले नजरमा राखेको छ जसमा विभिन्न तालिम गोष्ठिको आयोजना गर्नु परेमा सर्वप्रथम जानकारी गर्ने गरेको छ ।



## समूहद्वारा मोटर बाटो मर्मत

**– श्याम नेपाली,**
**सामुदायिक प्रशिक्षक, समृद्ध समाज दाङ**

समाज विकास संजालमा आबद्ध रहेको जनउत्थान मूलसमितिका सामुदायिक समूहहरुले १४ किलो मिटर मोटर बाटो मर्मत काम सम्पन्न गरेका छन् ।

घोराही उमनपा १९ सैघाका बासिन्दाहरु सामुदायिक काममा अग्रसर भएका छन् । दाङ जिल्लाको घोराही उमनपा १९ सैघा पहाडी क्षेत्रमा अबस्थित छ। यहाँका बाटोहरु बर्षायामको पानीले जिर्ण अवस्थामा भएका कारण त्यस क्षेत्रमा कुनै पनि सवारीसाधनहरु चल्न असम्भव भएकाले मानिसहरुलाई आवातजावत गर्न निकै नै कठिन भएको थियो । जनउत्थान मूल समितिले पटक पटक उक्त समस्याहरु वडा कार्यालयसंग राख्दा पनि सरकारी प्रावधान अनुसार ढिला सुस्तिका कारण त्यस क्षेत्रका मानिसहरुले सामान्य हिडडुल गर्न पनि निकै नै समस्या भोग्नु परेकाले मुल समितिको अग्रसरतामा मोटरबाटो मर्मत सम्पन्न गरिएको छ।



जन उत्थान मूलसमितिमा आवद्ध १४ समूहका २२६ जना सदस्यहरुको अग्रसरतामा घोराही १९ सैघा देखि पाँचपोखरी हुदै बंगलाचुलीको सिमाना धिमधिमेलेखसम्म, सैघा देखि कटुवा खोला घोराही रोड, बाम्ला देखि सैघाका बाटो मर्मत गरेका हुन् । यसै गरी समूहहरुले नियमित रुपमा सामुदायिक कामहरु खानेपानीका मुहान मर्मत, गोरेटो बाटो मर्मत, पोखरी मर्मत जस्ता कार्यहरु गर्दै आएका समूहहरुले यस बर्ष बृहतरुपमा अभियानको रुपमा काम संचालन गरेको छ ।

मूलसमितिको नियमित बैठकमा समूहहरुबाट आउने प्रतिनिधिहरुले नियमितरुपमा अनुभवहरु आदान प्रदान गर्ने र गाउँघरका साझा समस्याहरु लिएर आउने गर्दछन् । मूलसमितिले उक्त समस्याहरुको समाधानको लागि योजना निर्माण गर्ने र कार्यान्वयन गर्ने काममा सहजीकरण गर्दै आएको बताउछन मूलसमितिका अध्यक्ष देवि लाल नेपाली । विगत देखि सहकर्मी समाजले निर्माण गरेका सामुदायिक समूहहरुले नियमित यस्ता अभियानहरु संचालन गरेको र विचमा उक्त अभियानहरु विस्तारै कम हुदै गएकाले पुनः यस्ता सामुहिक समस्याहरुको समाधानमा मूलसमिति अग्रसर हुदै आएको छ। समाज विकास संजालमा आबद्ध रहेका समूह तथा मूलसमितिहरुले यस्ता अभियान संचालन गर्दा वडा कार्यालय जनप्रतिनिधि मूलसमितिप्रति सकारात्मक भइ यस्ता कार्य गर्दा समन्वय सहकार्य गरे सहयोग गर्ने प्रतिबद्धता समेत जाहेर गरेको बताउछन मूल समितिको सचिब बेगमान पुन। मूलसमितिले चालेको यस अभियानले नियमितरुपमा सवारी साधन, बिद्यार्थीहरु, आगन्तुकहरु र जनतालाई सहज भएको छ।

## आफ्नो गाउँ आफै बनाऔं

वीरेन्द्रनगर नगरपालिका वडा न १ सुर्खेत धारा पानी टोल विकास संस्थाका स्थानीयहरुले लामो समय पछि बनेको पिच बाटोमा सार्वजनिक धारा भएको पानी भर्ने ठाँउमा, भर्खरै गरेको बाटो नभत्कियोस् भनेर पैसा उठाएर सडकको छेउ छेउको भागमा सिमेन्टको ढलान गरेका छन् । स्थानीय भन्छन्, "स-सानो मर्मतको लागि वडा र नगर नै ताक्नु पर्दैन, हामी आफ्नो गाँउ वनाउन पनि योगदान गर्नपर्दछ ।"



टोल अध्यक्ष भन्नु हुन्छ "स्थानीय सुशासन सुधारका लागि टोल विकास संस्था सशक्तिकरण कार्यक्रम लागु हुन भन्दा पहिला पुरानो मोटर बाइक थिइन अहिले यो कार्यक्रम लागु भए पछि जब सहकर्मी समाज आयो हामीलाई पेट्रोल हाले जस्तै धेरै कुराको ज्ञान, सिप र क्षमता प्राप्त गरेका छौ आफै गर्न सक्ने दौडिन सक्ने भएका छौ, टोलका हरेक काम हामी गर्न सक्छौ ।"

**– तुलसी गिरी**
वडा नं. १, वरिष्ठ सामुदायिक प्रशिक्षक

## लागु पदार्थ दुव्यशनि न्यूनिकरणमा सकृय बन्दै टोल विकास संस्था

**– दिपा एल. जि.**
**सामुदायिक प्रशिक्षक, वीरेन्द्रनगर वडा न. ७**

समुदायमा भएका समस्या पहिचान गर्ने र समस्या समाधान गर्ने योजना निर्माण गरी समाधानमा जुट्दै टोल विकास संस्था ।



वीरेन्द्रनगर नगरपालिका वडा न. ७ मा २२ वटा टोल विकास संस्थाहरु रहेका छन् । जसमा स्थानीय सुशासन सुधारका लागि टोल विकास संस्था सशक्तिकरण कार्यक्रम सञ्चालन भयो जसले गर्दा समुदायमा हुने समस्याहरु टोलहरुमा नियमित टोल बैठकहरुमा सहजिकरण गर्ने योजना बनाउने र कार्यान्वयन गर्ने क्रममा टोल विकास संस्थाहरुमा चासोमा आधारीत कोड लागुपदार्थ दुर्व्यशनि सम्बन्धि सहजिकरण भयो । भुसमा आगो लागे जस्तै बाहिर नदेखिने तर भित्र भित्रै पुरै सल्किरहेको वा फैलिएको समस्याका रुपमा रहेको लागु पदार्थ दुव्यशनी जसले गर्दा समुदायमा भएका बच्चा, युवाहरु र विदाका दिन बाहिरबाट आएर खोला जंगलमा खाने बस्ने, चोरी गर्ने जस्ता थुरै समस्याहरु भएको थियो । टोलवासीले यसलाई नियन्त्रण गर्नका लागि टोलमा आफ्ना बच्चा सहित अन्तरक्रिया गर्ने बाहिरबाट आउनेलाई निगरानि गर्ने, UNOPS संस्थाको सुरक्षा तथा न्याय कार्यक्रम, प्रहरी र वडा कार्यालयसँग समन्वय गर्ने भन्ने योजना निर्माण भयो जसले गर्दा टोलमा योजना कार्यन्वयन गर्ने काम भयो ।



२० वटा टोल विकास संस्थाहरुले सामुदायिक प्रहरी साझेदारी समिति गठन गरेर नियमित निगरानी गर्ने कामको थालनी भयो जसमा टोल भित्रका बच्चा र युवाहरुको निगरानी गर्ने काम भयो जसमा टोलमा बाहिरबाट आएर खाने बस्नेलाई पनि निगरानी गर्ने काम भयो योजना अनुसार सुरुमा बालबालिका र युवा, अन्तर टोल विकास संस्था बीभ अन्तरक्रिया, टोल विकास संस्था र वडा बीच अन्तरक्रिया सम्पन्न भयो । टोल विकास संस्थाले टोलमा निगरानी बढाउन थाले जसबाट २ जनालाई लागुपदार्थ जन्य सामाग्री सहित प्रहरीको सहयोगमा नियन्त्रणमा लिन सफल भयो भने जनहित टोल विकास संस्था भित्र रहेको एक मेडिकलमा पनि टोलबासीको सक्रियतामा विरामी चेक गर्न बसेका सबै टोल बासीका विश्वासका पात्र मानिने एक जना डाक्टर नामले चिनिने व्यक्ति मेडिकलमा औषधीको ठाँउमा (लागुपदार्थ दुव्यशनि) ड्रक्स राखेर ओसारपोसार गर्ने, बिक्रि वितरण गर्ने गरेको पत्ता लगाइ प्रहरीको जिम्मा गलाउन सफल भयो टोल विकास संस्था जुन व्यक्तिको मेडिकल सहित मान्छे प्रहरीको हिरासतमा कारागारमा रहेको र २४ जनालाई चोरी डकैतिमा संलग्न भएको कसुरमा प्रहरीको जिम्मा लगाउन सफल भएका छन् ।



टोल विकास संस्थाले आफ्नो अग्रसरतामा समुदायमा हुने यस्ता गतिविधि नियन्त्रण गर्न अहम भुमिका निर्वाह गरेका छन् जसले गर्दा नियमित निगरानिले गर्दा समुदायमा अहिले रेड जोन भनिएका स्थानहरुमा झाडी फडानी गर्ने, बाहिर बाट आउने स्थानहरुमा प्रहरीको नियमित गस्ती बढाउने, टोलबासीले नियमित निगरानि गर्ने जस्ता महत्वपूर्ण कामहरु नियमीत गरिरहेका छन् ।

समुदायको सामुहिक समस्या समुदाय एकजुट भयो भने असम्भव काम पनि सम्भव गरेर देखाउने काम गरी उदाहरणिय बनेका छन् वडा न. ७ का टोल विकास संस्थाहरु यसले टाल र सिंगो वडालाई शान्त र सु-व्यवस्थित हुन, अपराधिक कृयाकलापबाट बचाउन सफल भएका छन् ।

## चेतना टोल विकास संस्थाले बनायो सामुदायिक भवन

**– कुवेर थापा**
**सामुदायिक प्रशिक्षक**

"समुदायको वास्तविक समस्या समुदाय आफैले समाधान गर्न सक्ने उदाहरणीय काम गर्न सफल भएको छ चेनता टोल विकास संस्था"

सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका वडा नम्बर ११ बस्तीपुर अन्तर्गत पर्ने  चेतना टोल विकास संस्थामा जम्मा ८३ घरधुरी ब्राहमण, क्षेत्री र जनजातिको बसोवास भएको टोल विकास संस्था हो। यहाँका सदस्यहरू दैनिक जीवनयापन गर्नको लागि ज्याला मजदुरी, वैदेशिक रोजगार र सरकारी नोकरी गर्ने पेशामा आवद्ध छन् । टोल विकास संस्थामा पुरुषहरूको तुलनामा महिलाहरूको बाहुल्यता र नेतृत्व रहेको पाइन्छ र टोल समितिमा पनि महिलाहरू नै रहेर टोल विकास संस्था सञ्चालन गरिरहेका छन् ।

टोलमा कुनै पनि सामूहिक जमघट छलफल वा कार्यक्रम सञ्चालन गर्ने व्यवस्थित संरचना थिएन तर टोलबासीहरूको सक्रियताबाट आज यस टोलमा आकर्षक सामुदायिक भवन निर्माण भएको छ । जसले विकासमा नयाँ दिशा दिएको छ ।

चेतना टोलमा पहिला टोलको बैठक बस्दा कहिले बाटोमा, कहिले सदस्यहरुको घरमा त कहिले चौरमा बस्ने गर्दथ्य । टोलको अध्यक्षलाई बैठक बस्ने दिन आउँदा अब यो पटक कसको घरमा बस्ने भन्ने चिन्ता हुन्थ्यो । एक दिन बैठक बस्दा बैठक बस्ने घरमा रिसाउनु भयो जसले गर्दा टोल बासीले कहिले त पानी पर्दा हावा हुरी लाग्दा बैठक नै स्थगित गर्नु परेको थियो ।



वीरेन्द्रनगरमा स्थानीय सुशासन सुधारका लागि टोल विकास संस्था सशक्तिकरण कार्यक्रम अन्तरगत नियमित बैठकहरु सहजिकरण गर्ने क्रममा टोल विकास संस्थाको अव्यवस्थित बैठक सम्बन्धमा कोड सहजिकरण भयो जसबाट योजना व्यवस्थित बैठक बस्ने स्थानको पहल तथा खोजी गर्ने सम्बन्धि योजना निर्माण भयो । योजना कार्यन्वयनमा जिम्मेवारी बाँडफाड भयो जिम्मेवारी अनुसार चे तना टोल विकास संस्था नजिकै रहेको अम्बीका देवी सामुदायिक वन भएको कारणले वडा कार्यलयको समन्वयबाट सिफारिस लिई जिल्ला वन कार्यलय सुर्खेतमा सामुदायिक भवनको लागि थोरै जग्गा उपलब्ध गराई दिनको लागि पेश गरिएको सिफारिस जिल्ला वन कार्यलय सुर्खेतले स्वीकृत गरी भवनको लागि जग्गा उपलब्ध भएको जानकारी गराए पछि टोलवासीमा खुशिको सिमा नै भएन अब जग्गा त उपलब्ध भयो तर कसरी निर्माण गर्ने भन्ने विषयले चिन्ता थपि दियो उनिहरु वडा कार्यलयमा सहयोगका लागि अनुरोध गरे तर वडाले यस वर्ष सहयोग गर्न नसकिने भयो भने । टोलमा जग्गा त भयो तर सहयोग भएन पुन टोल विकास संस्थाको बैठकमा यो कुरा सबै सदस्यहरुलाइ जानकारी गराउँदा टोलका सदस्यहरुले हामी आफै गराउन सक्छौ गराउनु पर्छ सबै कुरा अरुको भर पर्नु हुदैन भन्ने आट गरे र टोलमा योजना निर्माण गरे सामुदायिक वनसँग आवश्यक काठ उपलब्ध गराउनको लागि निवेदन पेश गरी माग गरे, सबै सदस्यहरुले प्रति घरधुरी रु ३०० उठाउने, सबैले श्रमदान गर्ने निर्णय गरे जसबाट काम गर्न सुरु भयो। सदस्यहरुबाट रु २४९०० अक्षरुपी चौबीस हजार नौ सय  रकम जम्मा भयो जसबाट आवश्यक टिन खरिद गरे र अन्य निर्माण गर्दा सबै जनाले उक्त कार्यमा सबै टोलबासीहरूको साझा सहमति भए अनुरुप भवन बनाउन सबै काम टोलबासीले प्रत्येक दिन पालो पालो गरी श्रमदान मार्फत सम्पन्न गरियो।

चेतना टोलमा काठ र टिनको छानोले बनेको सामुदायिक भवन निर्माण सम्पन्न भयो । उक्त भवनमा नियमित टोलको समस्या र विषयहरुमा छलफल बैठकको सुरुवात भएको छ। यसको साथ साथै टोलका सबै कार्यक्रमहरु यसै भवनमा गर्ने एक महत्वपूर्ण स्थान भएको छ । महिला समूह आमा समूह तथा वडाका विभिन्न कार्यक्रमहरू नियमित रुपमा बिना अवरोध टोलको भवनमा भइरहेको छ ।

अहिले टोलमा बैठक बस्दा कसैले गाली गर्ला रिसाउला, छिटो बैठक सक्नु पर्ला, पानी पर्ला, ठूलो हावा हुरी आउला वा भल आउला भनेर डराउनु पर्दैन टोलले आफूले चाहेको समयमा बैठक, छलफल र कार्यक्रम गर्न सहज भएको छ। यस वर्ष भवनको संरचना तयार गर्न सफल भएको चेतना टोलले आगामी वर्षमा वडाको सहयोगबाट उक्त भवनलाई ढलान गर्ने र बाहिर भित्र प्लास्टर गरी पूर्ण गर्ने सपनाका साथ आर्थिक वर्ष २०८२।०८३ को योजनामा समेत आफ्नो माग राखेको छ भने वडा कार्यलार्यले पनि यसको सम्बोधन गर्ने भनि टोललाई हौसला प्रदान गरेको छ।

यसरी हेर्दा चेतना टोलको सामुदायिक भवन संरचना मात्र होइन यो समुदायको एकता सहभागिता र समृद्धिको प्रतिक बनेको छ। यसले गर्दा समुदायको समस्या समुदाय आफैले समाधान गर्न सक्ने एक उदाहरणिय काम गरेर स्थानीय सरकारको विश्वास जितेको छ।

## सिचाई कुलो निर्माण

**– कुवेर थापा**
**सामुदायिक प्रशिक्षक**

कालिकोट जिल्ला नरहरीनाथ गाउँपालिका वडा नं. ३ कालासल्लि टोलमा रहेको लालीगुराँस समुह गठन मिति २०८१ फल्गुण ४ गते भएको थियो।

यो टोलमा जम्मा ३२ घरधुरी रहेको छ। ३२ घरधुरीमा महिला ८६ जना पुरुष १२४ जना गरी जम्मा २१० जनाले यो टोलमा बसोबास गर्दै आएका छन्।



यो दलित तथा पिछडिएको समुदाय हो। यस लालीगुराँस समुहमा नियमित बैठकमा आउने सदस्यहरु जम्मा २० जना रहेका छन्। अरु १२ घर परिवार रोजगारीको सिलसिलामा ईन्डिया जाने आउने गरेका छन्। यो समुदायमा स्थानिय सरकार तथा वडा कार्यालयबाट २०८०/८१ को बजेटमा वडाले दलित समुदायका लागि मन्दिरको लागि १ लाख, सशक्तिकरणको लागि ७० हजार सिचाईको लागि १ लाख ७० हजार गरी जम्मा ३ लाख ४० हजार बजेट बिनियोजित गरेको थियो।

हाल त्यो मध्ये १ लाख ९० हजार बजेट काम गराउन नसकेर वडाले त्यो समुदायको बजेट फ्रीज गयो।

बेरुल्ले सिचाई कुलो योजना हुर्के डाँडा हुँदै काला सिल्ला टोलमा १ लाख ५० हजार रकम फ्रीज जान लागेको बजेटलाई वडाले समुदायमा रहेका योजना सम्पन्न गर्नको लागि गठन गरेका टोल बिकास समिति र वडाले दलित समुदायलाई काम गराउन र त्यो बेरुल्ले सिचाई कुलो सम्पन्न गराउन नसक्दा वडा अध्यक्ष र टोल बिकास समितिका अध्यक्षले हामी सहकर्मी समाजलाई यो नितान्त दलित समुदायसँग काम गर्ने संस्था हो।



यो बेरुल्ले सिचाई कुलोको सामाग्री आएर सिमेन्ट सरीया सबै बिग्रीन थाल्यो जसरी पनि यो योजना सम्पन्न गराई दिनु पऱ्यो भनि आग्रह गरेपछि। हामी सहकर्मी समाजले तुरुन्तै घर भेटघट गरी लालीगुँरास समुहको बैठक २०८२ श्रावण १५ गते आवाहन गरी सामुहिक रुपमा सिचाई कुलोको योजनाबारे विभिन्न बिषयको माध्यमबाट छलफल चलाउदा एका एक मौखिक रुपमा कार्ययोजना तयार गरी २०८२ श्रावण १६ गते बिहान ९ बजे देखी समुहका १८ जना सदस्यहरु सहभागी भई काम सुरु गरी सरकारी स्टामेट अनुसार पक्की कुलाको लम्बाई १०४ मिटर निर्माण गर्ने रहेको थियो।

२ दिन म आफै सहभागि भएर समुहका सदस्यहरुलाई कामको जिम्मेवारी बाँडफाँड गरी काम गराउँदा ५२ मिटर पक्की कुलो निर्माण भएको छ। यो लालीगुराँस समुहको लक्ष्य वर्षातको समय र सामाग्रीले साथ दियो भने अबको ३ दिनमा बेरुल्ले सिचाई कुलो योजना वडाको स्टामेट अनुसार सम्पन्न गर्ने लालीगुराँस समुहका सम्पुर्ण सदस्यहरुले योजना बनाएका छन्। अहिले लाली गुराँस समुहका सम्पूर्ण सदस्यहरु सामुहिकरुपमा काम गर्न पाउँदा निकै खुसी भएका छन्। पहिला काम गर्दा एक्ला एक्लै जानु पर्थ्यो। धेरै ठूलो काम एक्लै गर्न कठिनाइ हुन्थ्यो। अहिले सहकर्मी समाज आईसके पछि हामीलाई संग सँगै मिलेर हरेक काम गर्नको लागि सहज बातावरण भएको छ।

सहकर्मी समाजको साथ सर्पोट पाउँदा समुहका सदस्यहरु निकै खुसि ब्यक्त गरेका छन्।

उनीहरु बताउछन् सामुहिक काम गर्नुको मज्जै अर्कै हुदो रहेछ भन्छन्। कुनै पनि काम सामुहिक गर्दा सहजै छिटो छरितो गर्न मद्दत पुग्दो रहेछ। एक्लै ले गरेर केही पनि हुदो रहेन छ। समूह भन्दा ठूलो कोहि पनि रहेनछ। अब सबैले समुहलाई बलियो र मजबुत बनाउने कुरा अघि सारेका छन्।

लालीगुराँस समुहका सम्पुर्ण सदस्यहरु बताउनु हुन्छ। पहिला सिचाईको लागि निकै असहज वातावरण थियो समयमा सिचाई गर्न पाइदैन्थ्यो। अब हामीलाई यो बेरुल्ले सिचाई कुलो योजनाले तरकारी बारी, फलफुल बारी, गाई बस्तुलाई पानी दिन खेतबारी सिचाई गर्न घरायसी काममा प्रयोग गर्न आदिको मद्दत तथा सहज हुने कुरा बताउ छन्।

सहकर्मी समाजको सहजीकरणमा बेरुल्ले सिचाई कुलोको काम निरन्तर आगाडि बढेको देखेर वडाले गठन गरेको टोल बिकास सतितिका अध्यक्ष लगायत सम्पुर्ण सदस्य र वडा नं. ३ का वडा अध्यक्ष कटक बहादुर बुढाज्युले सहकर्मी समाजको काम गराउने सैलि प्रति प्रभावित भई खुसि व्यक्त गर्दै धन्यवाद प्रकट गर्नु भएको छ।

## महिला समूहको सक्रियताले गाउँ सरसफाई

**– सुनिता जागरी, सामुदायिक प्रशिक्षक**



गौरिगंगा बचत तथा कृषक समूह गौरिगंगा नगर पालिका वडा न. ८ बढैपुर शिविरमा रहेको छ। यस समूहमा जम्मा २३ जना समूह सदस्यहरु रहेका छन् भने सबै जना महिला नै छन् । यो समूहको स्थापना वि.स. २०८० सालमा भएको हो । समूहको प्रत्येक महिनाको २१ गते बस्ने गर्दछन् समूह बैठकमा विभिन्न विषयहरुमा छलफल गर्ने गर्दछन् तिनै छलफलका विषयहरु मध्ये पेट दुख्ने समस्यामा छलफल पश्चातको निर्णय सरसफाइ गर्ने आएको थियो। त्यो निर्णय अनुसार समूहको प्रत्येक महिनाको १ चोटि बाटो सरसफाइ गर्ने गरेका छन् । सरसफाईमा त्यो टोल भरिका घरहरुबाट १ जना सदस्य अनिवार्य उपस्थित हुने गर्दछन् । सरसफाइ बाटो नाली गर्दा ६५ जनाको उपस्थिति हुने गर्दछ । गाउँको भलमन्सा अघरियाले यो कामलाई निकै प्रशंसा गर्ने गरेको छन् भने वडा अध्यक्ष (वडा न. ८)ले पनि करिव ५ कि.मि. बाटो नाली श्रमदान सरसफाई गर्नु महत्वपूर्ण काम भनि कामको सम्मान गर्दै हौसला दिनु भएको छ।

## समूहको अगुवाईमा सर्प टोकाईबाट बच्न सरसफाई अभियान शुरु

**– सुनिता जागरी, सामुदायिक प्रशिक्षक**



गौरिगंगा नगरलपालिका ७ मनकापुरमा परिवर्तन महिला कृषक समूह रहेको छ । यस समूहको बैठक प्रत्येक महिनाको १४ गते बस्ने गर्दछन् । समूह सदस्यहरु ३४ जना महिला रहेका छन् । उक्त समूहमा सर्पदश समस्या माथि कोड विधिद्वारा समूह सहजिकरण गरिएको थियो । छलफल गर्दा गर्दै समस्या समाधानको उपायमा घरवरिपरि बाटो सरसफाई गर्ने निर्णय भएको थियो र परिवर्तन समूहको उक्त निर्णय वडाको आधारभुत स्वास्थ्य केन्द्रका प्रमुखले पनि थाहा पाए पछि आफुले पनि सरसफाई अभियान गर्नु पर्ने भएकाले परिर्वतन समूहसँग सल्लाह गरी उक्त कार्यक्रममा माक्स पञ्जाको पनि व्यवस्था गरिदिनु भयो र आफु पनि सहभागी भई सम्पूर्ण सहभागिलाई सरसफाईको महत्वबारे जानकारी गराई दिनु भयो र उक्त कार्यक्रम गाउँका भलमन्सा वडाअध्यक्ष सदस्यहरुको पनि सहभागिता थियो वडा कार्यालय आधारभुत स्वास्थ्य वरिपरि पनि ससफाई गरियो ।

## वडा कार्यालयको सहयोगमा तीज विशेष कार्यक्रम

**– माया चौधरी, सामुदायिक प्रशिक्षक**



हरितालिका तिज गौरिगंगा नगरपालिका वडा न. १० को कार्यालयमा वडाको आर्थिक सहयोगमा समावेशी विकास समाजको आयोजनामा र परिर्वतनशिल मुल समितिको सहयोगमा वडा न. १० को १० वटा टोलबाट सदस्यहरु सहभागि भई वडा न. १० को वडा अध्यक्ष नर सिंह सार्कीज्यूको प्रमुखअतिथिमा कार्यक्रम गरेका थियो। हरितालिका तिज नेपालको एक विशेष पर्व हो शुक्ला तृतीयाको दिन हिन्दु महिलाहरुले भगवान शिवको पुजा अराधना गरी व्रत बस्नुको साथै नाचगान गरेर धुमधामसंग मनाउछन् । गणेश चत्रुर्थी ऋषी पञ्चमी पनि तिजकै अंगकै रुपमा लिईन्छ। हामीले मनाउने कुनै पनि संस्कृती पर्व हाम्रा हिन्दु नारीहरुले एकदमै रमाईलो गरेर मनाउछन् हरितालिका तिज नारीले आफ्नो श्रीमानूको पनि पुजा गर्नुपर्छ।

## समूहको श्रमदान र पालिकाको सहयोगमा जैविक तटबन्धन

**– हिरा चौधरी, सामुदायिक प्रशिक्षक**



कैलाली जिल्लाको गौरिगंगा जगरपालिका वडा न. ११ ऐंठा एकदम विकत ठाउँ हो पूर्व तिर कटै नी नदी पश्चिम तिर सुर्मा नदि छन् । जस्मा प्रत्ये क बर्षा बढिले जमिन बाटो कटानी भई रहन्छ । त्यसकारणले ऐंठा गाउँका घैताहन घर नजिक कटै नी नदिले बाटो नै नरहने गरि कटान गरेकाले सो रो कथाम गर्न नगरपालिकाबाट १६०० कट्टा सहयोग र समुदायको सक्रिय सहभागिताले बास र श्रमदान समुदायको आवश्यकता अनुसार १०० मिटर जै विक तटबन्धन गरे ऐंठा टोलका ११२ घरधुरी मिलेर २ दिनमा जैविक तटबन्धन बनाउन सफल भए श्रमदान भन्ने चिज लोप हुदै लाग्दा अझै जिवित छ भन्ने कुराको ज्वलन्त उदाहरण बनेका छन्। नगरपालिकाले कट्टा उपलब्ध गराई दिएको मा धेरै धेरै धन्यबाद प्रकट गरेका छन्।

## युवाहरुको नेतृत्वमा ध्यानकर्षण पत्र

**– सशा बखरिया, कार्यक्रम व्यावस्थापक**

कैलाली जिल्लाको मध्यवती क्षेत्रमा रहेको गौरि गंगा नगरपालिका मा ११ वटा वडा रहेका छन्। ११ वटै वडाका युवाहरु मिलेर एउटा नगरस्तरिय युवा समूह गठन गरी युवाहरुको क्षमता विकासका लागि विभिन्न सघं संस्थाबाट तालिमहरु लिई रहेका छन्। यो बर्ष वडा र पालिकामा २०८२।२०८३को आर्थिक बर्षको बजेटमा युवा लक्षित कार्यक्रम समावेश गराउन ध्यानकर्षण पत्र बुझाएका छन् ।





१. योजना छनोटको अन्तरक्रिया बृहत युवा भेलाको आयोजना गरी युवा क्लब, युवा संजाल र स्थानिय तह युवा परिषद्का प्रतिनिधिहरुको सहभागितामा युवाका सवालहरु पहिचान गरि योजना बनाउने ।

२. हरेक बस्ती तथा टोल भेलामा युवा, बाल बालिका, महिला, आदिबासी । जनजाती, मधेसी, दलित अपांग सीमान्तकृत पिछाडा वर्ग लगायत सबै समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गरियोस् ।

३. भौतिक विकास मात्र नभई सामाजिक विकासहरुलाई पनि प्रथामिकतामा राखियोस् ।

४. युवा महिला तथा किशोरीहरुको अधिकार कुण्ठीत गर्ने सबै प्रकारको हानीकारक परम्परागत अभ्यास विरुद् स्थानिय सरकारले युवा तथा अन्य सरोकारवालाहरुसंगको समन्वयमा अभियानहरु संचालन गर्न योजना बनाइयोस ।

५. युवाको क्षमता विकास, सिप विकास र स्व रोजगारी सिर्जना गर्ने योजना तथा बजेट विनियोजन गरियोस ।

६. योजना छनोट प्रक्रियामा हुने छलफल तथा प्रथामिकिकारण तथा निर्णय निर्माणमा संगठित वा असंगठित युवाको अर्थपूर्ण सहभागिता गराईयोस ।

७. स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम वडा स्तरको आयोजना कार्यक्रम पहिचानको तह देखि नै हरेक चरणमा युवाको सहभागिता गराउने व्यवस्था गरियोस् ।

८. युवाको क्षेत्रमा सक्रिय समूहको पहिचान गरी अभिलेख राखी युवा क्लब, समाजिक संघ संस्था, स्काउट उद्यमी युवा स्वयमसेवी जस्ता युवाको समूहलाई सहकार्यका लागि आह्वान गरियोस् ।

९. इच्छुक युवा विज्ञता वा अनुभवको प्राथमिकताको आधारमा रुचि अनुसारको क्षेत्रमा संलग्न गराउना रोस्ट्र र तयारी गरि आवश्यता अनुसार गराइयोस ।

१०. युवा मैत्री कार्य गोजना तर्जुमा युवाका सवाल र सरोकारका विषयमा बहस, अन्तरक्रिया र पैरवीका लागि अनुकुलन वातावरण सृजना गरियोस् ।

११. महिला तथा किशोरी माथि हुने सबै प्रकारका हिंसा विरुद्र शुन्य सहनशीलता नीति स्थानिय तहले अवलम्बन गर्ने तथा हिंसा प्रभावित महिला तथा किशोरीहरुलाई निःशुल्क कानुनी परामर्श, मनोपरामर्श सेवा, सिपमुलक तालिमहरुको व्यवस्था तथा सहज पहुच सुनिश्चित गरियोस् ।



















## परिश्रम, परिवर्तन र सफलताको प्रेरणादायी यात्राः बमबहादुर सवाई

बमबहादुर सवाईको जन्म वि.सं. २०४४ साल चैत १९ गते घोराही उपमहानगरपालिका १९ सैघा छहरेमा भएको हो । उनका परिवारमा बाबुआमा, श्रीमती, एक छोरा र २ छोरी गरी ७ जना सदस्य छन् । जेठि छोरी कक्षा ६, छोरा ३ र सानी छोरी शिशु कक्षामा अध्ययनरत छन् । बमबहादुरका हजुरबुवा र अन्य परिवारका सदस्यहरू परम्परागत पेशामा संलग्न छन् । उनले आफ्नो औपचारिक शिक्षा कक्षा ३ सम्म मात्रै गरेका छन् । शिक्षाको औपचारिकता धेरै नभएपनि जीवनको पाठ उनले परिश्रमबाट सिकेको बताउछन् ।

बमबहादुरले युवावस्थाको झण्डै १५ वर्ष भारतमा मजदुरीमा बिताउनु भयो । भारतमा काम गर्दा उनले जात, पेशा, सम्प्रदायको भेदभावलाई छाडेर जस्तो सुकै काम गर्नु परेको थियो । तर, त्यसले उनलाई जीवनको कडाइ र आत्मनिर्भरता सिकायो । नेपाल फर्किएपछि उनले खेतीपातीलाई आफ्नो जीवनको मुख्य आधार बनाउने निर्णय गरे ।

समाज विकास संजाल तथा जनउत्थान मूल समितिको सहयोगमा नगदेवाली तथा व्यवसायिक तरकारी खेतीका तालिमहरू प्राप्त गरे ।

आज उनी व्यवसायिक रुपमा टमाटर, अकबरे खुर्सानी जस्ता नगदेबाली खेती गर्दै आएका छन् । आफ्नो मेहनत र सीपले उनले खेतीलाई आम्दानीको भरपर्दो स्रोत बनाएका छन् । अकबरे खुर्सानी र टमाटर बिक्रीबाट उनले वार्षिक २ लाख ५० हजार रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् । आम्दानीबाट भएको पैसाबाट उनले घरखर्च चलाउनुका साथै छोराछोरीलाई निजी विद्यालयमा अध्ययन गराई रहेका छन् । साथै, बचत गरेका रकम स्थानीय सहकारी र समूहमा जम्मा गर्दै आएका छन् ।

उनी भन्छन् पहिले १५ वर्ष भारतमा दुःख गरैं, तर त्यही समय आफ्नै बारीमा लगाएको भए आज धेरै अघि बढि सक्थें । उनले अहिले मौसमी र बेमौसमी दुबै तरकारी उत्पादन गर्न थालेका छन् । स्थानीय बजार सीमित भएको कारण कहिलेकाहीं बिक्रीमा चुनौती भएपनि उनले आफ्नै लगानीमा निर्माण गरिएको टनेल र समाज विकास संजालबाट प्राप्त टनेलको उपयोग गर्दै अझै व्यवसाय विस्तार गर्ने योजना बनाएका छन् । अकबरे खुर्सानीलाई विशेष व्यवसायिक बाली बनाउने योजना उनका आगामी लक्ष्यहरू मध्ये एक हो । उनी थप्छ विदेशमा दुख गरेर भन्दा आफ्नै माटोमा पसिना बगाउँदा आत्म सन्तुष्टि र प्रगति दुबै पाइन्छ। यो अवस्थामा ल्याउने समाज विकास संजाल र समूहलाई बिषेश धन्यवाद !

आज बमबहादुर सवाई स्थानीयस्तर मै उद्यमशील कृषकको रूपमा चिनिनु हुन्छ । उहाँको संघर्ष, निष्ठा र सफलता अरु युवाहरूका लागि प्रेरणाको स्रोत बनेको छ ।

## दिपा ठकुल्लाले पाईन वडा कार्यालयबाट बाख्रा

**- सिता चौधरी, सामुदायिक प्रशिक्षक**

टीकापुर नगरपालिका वडा नं. १ को ब्लक नं. ९ मा बस्ने दिपा ठकुल्ला ३१ बर्षकी भईन उहाँ एकल महिला हुनुहुन्छ उहाँले जिवनमा थुप्रै चुनौती हरुको सामना गर्दै आईरहेकी छन् । श्रीमानको असामयिक निधन पछि उनी एक्लै भईन एक छोरी र सासु आमाको जिम्मेवारी सहित घर धन्दा चलाउन पर्ने जिम्मेवारी उनको काधमा आयो ।

सुरुमा गाउँघरमा सिलाई कटाई गरेर छाक टार्ने प्रयाय गरिन तर त्यसबाट पनि पुर्णरुपमा घरखर्च चल्न सकेको थिएन । गाउँघरमा वरपर खानेपानीका धारा सबै छिमेकीले जडान गरेर पिउने पानीको ब्यवस्था गरेका थिए भने आफ्नो घरमा खानेपानीको धारा जडान नभएर खाने पानीको समस्या भएको हुदा कसरी खानेपानीको धारा जोड्ने भन्ने चिन्ताले मनमा कुरा खेलाउने गर्थिन । एक दिन आफै सदस्य भएको जनशक्ति टोल विकास संस्थाको मासिक बैठकमा वडा कार्यालयले दलित, जनजाती, एकल महिला र निम्न आय स्तर भएका ब्यक्तिहरुका लागि बाख्रा वितरण कार्यक्रम र २५ वटा विपन्न घरधुरीका लागि खानेपानी धारा जडानका लागि ५० प्रतिसत अनुदान रहेका सूचना टोलमा सामुदायिक प्रशिक्षकले जानकारी गराउदा उनि वडा कार्यालयमा बाख्रापालनको निवेदन दिन गईन साथै उनले धारा जडानको समेत निवेदन दिएर आईन ।

केही दिन पछि वडा कार्यालयले उहाँको नाम छनौट भएको सुचना पाईन वडा कार्यालयबाट एउटा बाख्रा पाईन टीकापुर साना शहरी खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाबाट खानेपानी धारा जडानका लागि ५० प्रतिसत छुटमा धारा निर्माणमा छनौटमा पर्नु भयो । उनि भन्छन मेरो जिवनमा यो क्षण निकै खुसीको रह्यो म ज्यादै खुसी भए त्यो दिनको जति खुसी त म कहिले पनि भएकी थिएन । उनले बाख्रापालन अलि पहिले देखि नै गरीरहेकी थिएन अहिले उनीसंग ५ वटा बाख्रा छन् अलि अगाडी २ पाठा र एक माउ रु १८ हजारमा बेचेकी छन् । अहिले घर खर्च चलाउन सहज भएको बताउनु हुन्छ र अब बाख्रापालनलाई बढाउदै लैजाने योजना बनाउनु भएको छ ।



दिपा ठकुल्ला भन्नु हुन्छ पहिले बोल्न नसक्ने अहिले वडा कार्यालय सम्म पुगेर आफ्ना कुराहरु राख्न सक्ने भएकी छु । टोल विकास संस्था नहुनु भन्दा पहिला केहि पनि जानकारी पाउदैन थियौ अहिले सबै जानकारी टोल विकास संस्थामा नै पाउने गर्दछौ अझै भन्ने हो भने मैले त टोल विकास संस्था कै बैठकमा जानकारी पाएर नै बडा कार्यालयबाट बाख्रा पाए धारा जडान गरे यति मात्र होईन पहिले म दुई चार जना मानिसको सामु बोल्न सक्दैन थिए अहिले म टोल विकास संस्थाको कोषाध्यक्ष भएर पनि काम गरीरहेको छु ।

दिपाको जिवन संघर्ष, साहस, आत्म संघर्षको जिवित उदाहरण हो । समाजले हेर्ने दृष्टिकोणले उनलाई कमजोर ठान्यो तर समाजको सोचलाई नै चुनौति दिदै आफुलाई सक्षम महिला बनाएकी छन् उनको यो संघर्षको र सफलताको कथा हामी सबैका लागि प्रेणादायी छ । उनको कथाले हामीलाई सिकाउदै छ कि आत्मबल, लगनसिलता र अवसरको सदुपयोग गर्न सकेमा समस्याबाट मुक्ति पाउन सकिन्छ ।

# सफलताका कथाहरु

## समूह छलफलबाट सरिता चौधरी आत्मनिर्भर बन्द

**- सुशिला चौधरी, व. सामुदायिक प्रशिक्षक**

दाङ्ग जिल्लाको दंगीशरण गाउँपालिका वडा नं.३ रावतगाउँको पारगाउँकी सरिता चौधरीको पहिले आफ्नौ घरपरिवारका लागि थोरै मात्रामा तरकारी खेती गर्थिन् घरको खर्च धान्न र छोरीको शिक्षामा सहयोग पुऱ्याउन कुनै निश्चित आम्दानीको स्रोत थिएन। समृद्ध समाज संस्था जस्तै अन्य निकायबाट दिने कृषि सम्बन्धी तालिम र प्राविधिक सहयोगले उनको जीवनमा ठूलो परिवर्तन ल्यायो । २०८१ सालमा उनले ७ कठ्ठा जग्गमा साग, टमाटरा आलु, काउली, खुर्सानी, काक्रा खेती सुरु गरिन । सुरुमा उनले स्थानिय विउबाट सुरुवात गरेकी हुन् । सरिताले भने जतिको उत्पादन नहुँदा समूहबाट १५ हजार रुपैया ऋण लिएर एग्रोभेटबाट विउ मल र प्लाष्टिक टनेल खरिद गरिन । त्यस पछि तालिम अनुसारको सीप लागु गर्दै तरकारी खेतीमा फड्को मारेकी छिन् ।



सरिता चौधरी खुल्ला र टनेल भित्र गरी दुबै तरिकाले तरकारी खेती सुरुवात गर्दा टनेल खेतीबाट पनि राम्रो आम्दानी भएको छ । टनेल भित्रको वातावरणले बढी र चाँडो तरकारी उत्पादन गराउँछ। मौसम प्रतिकूल भए पनि बाली सुरक्षित रहन्छ। सिजनभन्दा पहिले वा पछि उत्पादन गरेमा राम्रो मूल्य पाउछ। बाहिर वातावरणबाट हुने रोग किराको जोखिम कम हुन्छ । जैविक बिषदी र उचित सिँचाईले समयको बचत हुन्छ भन्ने अनुभव बताउछिन् ।

पहिले उनी सानो जग्गामा परम्परागत तरिकाले तरकारी उत्पादन गर्थिन् जसबाट प्राप्त आम्दानी कम हुन्थ्यो । अब कृषि प्राविधिकको सल्लाह अनुसार उनले आधुनिक तरिकाले तरकारी खेती गर्न थालिन । उनले रोग प्रतिरोधी बिउ प्रयोग गर्न थालेकी छिन समयमै विषाधि प्रयोग गर्न थालिन र सिँचाई प्रणलीमा सुधार गरिन्। टनेलमा टमाटर काक्रा लगाईन, जैविक मल प्रयोग गरिन्, सिचाईका लागि सानो ड्याम बनाई मोटर जडान गरिन, बजारमा तरकारी बेच्न स्थानिय महिला समूहसंग समन्वय गरिन। यसरी तरकारी खेतीलाई सहज बनाएको बटाउछिन् । सुरुवातको समयमा धेरै संघर्ष गर्दै अगाडी बढेकी सरिता चौधरी अगुवा कृषकको रुपमा परिचित भएकी छिन् । परिवारमा साँझ बिहान गरिने छलफलले हरेक काममा सहज बनायो । हरेक कामको जिम्मेवारी बाडफाड गर्ने चालचलन बसाल्दा योजना पुरा गर्न धेरै समय नलाग्ने अनुभव बताउछिन सरिता चौधरी ।



आर्थिक फाईदा पहिलो वर्ष मै उनले झण्डै १ लाख रुपैयाँ बराबरको तरकारी बिक्री गरिन । खर्च कटाएर पनि उनले ७० हजार रुपैयाँ जति नाफा कमाइन। तरकारी खेती बाट आम्दानीको स्रोत बढायो त्यसैले उनको श्रीमानले पनि तरकारी बेचेको आम्दानीले अटो खरिद गरी तरकारी बेच्ने तथा दिनभरी मान्छे बोकेर पैसा कमाउने गरेका छन। यस पछि उनले थप फरक फरक तरकारी रोप्दै तरकारी खेती विस्तार गरिन्। आज सरिता चैधरी आफ्नो गाउँमा आदर्श कृषकको रुपमा चिनिन्छिन। उनले अन्य महिलालाई पनि साना समूह बनाएर तर कारी खेतीमा लाग्न प्रेरित गरेकी छन्। गाउँमा तर कारी उत्पादन बढेको छ र बजारमा स्थानिय उत्पा( दनको माग समेत बढेको छ। सरिता चौधरी तरकारी खेती गर्दा विउको जात छनोट गर्ने, विषादि प्रयोग गर्दा व्यक्तिगत सुरक्षा सामाग्रीको प्रयोग गर्ने, र कुन विषाधि खान मिल्ने स्वास्थ्यलाई पनि ख्याल गरी तरकारी उत्पादन गरी बेच्ने गर्दछिन। आज सरिता चौधरी तरकारी खेतीलाई व्यावसायिक रुपमा विकास गरेर आर्थिक रुपमा आत्मनिर्भर बनेकी छिन्। सुरुका दिनहरुमा केहि चुनैतिहरु आए रोग किराको समस्या बजारीकरणमा कमी समय व्यवस्थापन गर्न नसक्ने भयो तर उनले नियमित रुपमा प्राविधिक सल्लाह लिनुका साथै जैविक बिषादी प्रयोग गर्दै उत्पादन गुणस्तरमा सुधार गरिन्। समृद्ध समाज सस्था बाट समाजमा परिचित भएकी सरिता चौधरी दंगीशरण गाउँपालिका ३ रावत गाउँको पारगाउँमा रहेको सुर्यमुखी समूहको सचिव हुन्। उनको परिवारमा ८ जना रहेका छन्। सामान्य परिवारमा जन्मेकी उनी सानै उमेरमा विवाह गरी बुहारीको जिम्मेवारी निर्वाह गर्दै जादा धेरै समस्या र चुनौती आइपर्दा पनि हार मानेनन् । हरेक समस्यालाई छिचोल्दै अगाडी बढ्ने प्रयास गरिन ।

सरिताको प्रयास र लगनशिलताले परिवारमा बदलाप ल्यायो। सरिता साधारण महिला हुन तर उनी समुदायमा आत्माविश्वासका साथ विचार व्यक्त गर्न सक्षम भएकी छिन्। सुरुमा उनी लजालु स्वभावकी थिइन्। गाउँमा हुने बैठक वा कार्यक्रमहरुमा बोल्न उनलाई डर लाग्थ्यो तर निरन्तर अभ्यास प्रशिक्षण र अवसर पाँउदै जाँदा उनको बोल्ने क्षमतामा राम्रो सुधार भयो । समूह बैठकमा सीप विकास तथा नेतृत्व प्रशिक्षणमा सहभागी भएपछि सरिताले आत्मविश्वासका साथ कुरा गर्न आफ्नो विचार स्पष्ट रुपले प्रस्तुत गर्ने र अन्यलाई सहकार्यका लागि प्रेरित गर्न सिकिन । विभिन्न बैठक समूह छलफल र कार्यक्रमहरुमा नियमित सहभागीताले उनको भाषा आवाज र प्रस्तुतीकरण शौलीमा सुधार आएको छ । उनी अहिले सक्रिय भएकै कारण समुनन्ती परियोजना र दंगीशरण गाउँपालिकाको साझेदारी बाट डिजिटल साक्षरता कक्षामा कृषिका एप्सहरु चलाउने सिकाउने अवसर पाएको छिन ।

## धनसरीको आयश्रोत खुर्सानी खेती

**- हेमा चौधरी**

**सामुदायिक प्रशिक्षक, समृद्ध समाज दाङ**

धनसरी वुढाले एउटै जग्गामा धेरै उपजहरु फलाउँदै आएकी छिन । १० कठ्ठा जग्गामा कागती खेती र खुर्सानी खेती गरेर मनग्य आम्दानी लिईरहेकी छिन्। रातो माटो भएको पाखामा खुर्सानी खेती लटरम्मै फलेको छ । घरमै खुर्सानीका बेर्ना उत्पादन गरी लोकल खुर्सानी खेती गरेकी छिन। अन्य व्यवसाय भन्दा सजिलो र छिटो आम्दानी लिन सकिने र विक्रि गर्नको लागि पनि सहज हुने भएकोले उनले खुर्सानी खेती रोजेको वताउछिन ।

# सफलताका कथाहरु



उनी र उनका श्रीमानलाई खुर्सानी टिप्न भ्याई नभ्याई छ। खुर्सानी विक्रिका लागि उनका श्रीमानले गाउँकै अटोमा बजार सम्म पुऱ्याउने गर्दछन् प्रति के.जी. फुट्कर मुल्य रु.१०० का दरले र थोकमा रु. ८० का दरले विक्रि गर्दै आएका छन्। उनी भने घरमै बसेर विक्रि गर्ने गर्छिन। एक दिनको विक्रि बाट ११/१२ हजार आम्दानी भएको बताउछिन् एक पटक रोपेपछि २ दुई सिजन सम्म आम्दानी लिन सकिने भएकोले खुर्सानी खेतीबाट दोब्बर नाफा हुने बताउँछिन। पहिलो सिजनमा मात्रै एक लाख ५० हजार आम्दानी गरेको वताउछिन। खुर्सानीको आम्दानीबाट घर खर्च चलाउन सहज भएको छ कागती ठूलो नहुँदा सम्म यहि खुर्सानी खेतीलाई निरन्तरता दिने उनको योजना रहेको छ।

धनसरी वुढा मिलन समूहकी सदस्य हुन। उनी दंगीशरण २ कौवाघारीमा वस्छिन्। उनको परिवारमा श्रीमान्, छोरा, छोरी र धनसरी लगायत ४ जनाको परिवार रहेको छ। उनको श्रीमान ५ वर्ष खाँडी मुलुक (मलेसियामा) बसेर कमाउँदा पनि घरको आर्थिक अवस्थामा सुधार आएन। अहिले कागती खेतीको विचमा खुर्सानी खेती गरेर धनसरीको परिवारले आयआर्जनको जुक्ति निकालेका छन्। यो कामवाट उनीहरु जीविकोपार्जन सुधारको प्रयासमा सफल बन्दै गएका छन्। परदेश नगएर स्वदेशमै पनि आम्दानी गर्न सकिने रहेछ भन्ने कुरा धनसरीको सफलताले देखाएको छ।

## समूहबाट ऋण लिएर कुखुरा पालन

**- लक्ष्मी डांगी, कृषक, दंगीशरण ६ लेटार, दाङ**

मेरो नाम लक्ष्मी डांगी हो। म दाङ जिल्लाको दंगीशरण वडा नं ७ वाँकामा बस्छु। मेरो घरमा ३ छोरा, श्रीमान र म गरेर जम्मा ५ जनाको परिवार छ। म सगरमाथा समूहको सदस्य हुँ। मेरो घरमा पहिले आम्दानीको श्रोत केही थिएन। घरमा मैले खाना बनाउने र सरसफाई गर्ने काम गर्थे। बाँकी समय अरुको गफ सुनेर वित्ने गर्थ्यो। यसरी मेरा दिनहरु बितिरहेका थिए। जब म सहकर्मी समाज कोसेली कार्यक्रमद्वारा गठन भएको सगरमाथा समुहमा आवद्ध भए। त्यस पछि बल्ल थाहा भयो। समयको महत्व वल्ल थाहा पाएँ। समूह बैठकमा मासिक बचत गर्ने, आम्दानी बढाउने, सफलताहरु सुन्ने कुराले मेरो घैटोमा घाम लाग्यो। अब त्यसै बस्नु हुदैन कुनै न कुनै पेशा गर्नु पर्छ भन्ने सोचे। घरमा करेसावारी शुरु गरे। करेसावारीमा कहिल्यै तरकारीहरुको हर्ज हुदैंन। बारीमा सबै जातका तरकाहरु रोपेकी छु।

मेरो करेसावारी देखेर घरका सबै खुशी हुनुहुन्छ। मैले समूहको कोषबाट रु १५ हजार ऋण लिएर लोकल कुखुरा, गिरिराज र टर्की पालन गरेकी छु। कुखुरा पाल्न शुरु गरेको अहिले १४ महिना भएको छ। लोकल कुखुराहरुले अण्डा दिन शुरु गरेका छन। गिरीराज चल्ला मासु खान लायक भैइ रहेका छन्। घरमा खाएर पनि मासिक रुपमा मैले रु. ६ हजार बराबरको अण्डा बेची रहेकी छु। एक क्यारेट लोकल अण्डा रु. ५०० मा बेच्छु। गिरीराज र टर्की मासुको लागी विक्रि हुने गर्छ। आजभोली मलाई समूहमा वचत गर्न साँवा, व्याज तिर्न तनाब भएको छैन। समयको पनि सहि सदुपयोग भएको छ। दुई, चार पैसा आउने बाटो पनि भएको छ।



गाउँ भन्दा बाहिरबाट पनि अण्डाको अर्डर आउँछ। घरमा अण्डा खान सजिलो भएको छ। सानो तिनो खर्च चलाउन र समूह बचत गर्न परिवारसँग पैसा माग्न परेको छैन। त्यसैले आगामी दिनहरुमा कुखुरा पालनलाई अझै बढाउने योजना गरेकी छु।

## ब्यवहारिक शिक्षाले बद्लिएको जीवन

**- ईश्वरी कुमारी कँडेल, सामुदायिक प्रशिक्षक, समृद्ध समाज दाङ**

मनिराम पाण्डे ६६ बर्षको भए। उनी दाङ जिल्लाको दंगीशरण ५ देबिगन्ज टोलमा बस्छन्। उनको घरमा ४ जनाको परिवार छ। मनिराम सहकर्मी समाजबाट संचालित कोशेली कार्यक्रम बाट गठित सम्झना समूहको अध्यक्ष हुन्।

उनको आर्थिक अवस्था सामान्य छ। परिवार पाल्न सजिलोको लागि बसाईसराइ गरेर यहाँ आएका थिए। तर सोचे जस्तो भएन उनलाई। खोलाको किनारमा ९ कठ्ठा बगर जग्गा भएको पनि ढुङ्गा मात्रै थियो। पानी धेरै चाहिने हुन्थ्यो। जेनतेन धान खेती गर्थे तर पनि बर्ष भरी खानलाई गाह्रो हुन्थ्यो। बर्षाको समयमा बाढीको डर थियो। जग्गा बाहेक कमाउने कुनै उपाय थिएन। पानी परेन भने खेत बाँझो हुन्थ्यो। खाने पानीको पनि समस्या थियो। पानी टाढाबाट पालो कुरेर बोक्नु पर्थ्यो। राम्रो लाउने खाने त सपना मात्र हुन्थ्यो। कसैले ऋण पत्याउँदैन थिए। सबै कुरा बेसाएर खानु पर्ने अवस्था थियो।

जब उनी समूहमा जोडिए। समूहमा चलेका छलफलहरुले उनलाई संघर्ष गर्न सिकायो। हरेक दिनको परिचय गर्ने र अनुभव आदान प्रदान गर्ने र बोल्ने शैलीको विकास भयो। विभिन्न बैठक, तालिम सभा समारोहमा सक्रिय सहभागिता जनाउथे। उनले आफ्नो लागि आफै गर्नुपर्छ भन्ने सिके। आयमूलक ब्यवसायको छनोट गरे। हौसला र प्रोत्साहनले काम गर्ने जाँगर बढ्यो। पछि उनी जग्गा बेचविखन गर्ने काममा विचौलिया पनि बने। जग्गा किनबेच गराईदिए वापत अरुले अलिकति दुखेसो दिने गर्दथे।



# सफलताका कथाहरु

आफ्नो खेतबारीमा धान खेती नभए पनि मकै तोरी बदाम खेती गर्ने योजना सहित खेती गर्न थाले । उनले आफुले खानको लागी तरकारी खेती गरेको छन् । समूहबाट ऋण ल्याई बाख्रापालन गरेका छन् । आजभोली त खानाको लागी चिन्ता छैन । यहि कामबाट आएको आम्दानीले घर खर्च चलाउन सजिलो भएको छ । अहिले घरघरमा पानी धारा आएको छ । पहिलाको जस्तो लाइनमा बसी पानीको पालो कुर्नु पर्दैन । भने आफै बारीमा फलेको ताजा तरकारी खान पाएका छन । पहिला उनले कमाउने मेसो पाएनन । समृद्ध समाजले कोशेली कार्यक्रमवाट हरेक समूह बैठकमा सहजीकरण गर्न थाल्यो । उनी प्रत्येक बैठकमा उपस्थित हुन्थे । मनिरामलाई ब्यवहारिक ज्ञान थपिदै गयो । सजिलोसँग गर्न सकिने ब्यवसाय छनोट गरेर जीवनयापन गर्ने योजना सहित बाख्रापालन, कुखुरापालन र मकै, तोरी, बदाम खेती गर्दै आएका छन् । ब्यवसायिक रुपमा कुखुरापालन गर्नको लागि समूहबाट ऋण ल्याइ खोर निर्माण गर्दै छन् । उनले परिवारसँगै बसेर कुखुरा र बाख्रापालन गर्ने योजनामा छन् ।

## हरी वि.क. अर्गानिक खेतीमा अग्रसर

**- पवित्रा रिजाल**

**सामुदायिक प्रशिक्षक, समाज विकास संजाल, दाङ**

दांङको बंगलाचुली गाउँपालिका-२ मर्पेशस्थित पालुथान समूहका सदस्य हुन हरिबहादुर बि.क. । उनी ५७ बर्षका छन् । उनको परिवारमा ५ जना सदस्य छन् । हरि घरको जेठो छोरा हुन् । उनि १८ बर्षको उमेरमा लाहुर गएर १० वर्ष जिवन बिताए । जति दुख गरे पनि केहि उन्नती गर्न नसके पछि उनि नेपाल मै बस्ने मनसाय बनाए । घरमा आएर अरुको पसलको भाडाहरु डोकोमा बोकेर गाउँ गाउँमा बेच्दै हिडे जसबाट उनलाई घरखर्च चलाउन सहज भएको थियो । उनी भाडा बेच्नको लागि विभिन्न जिल्ला सल्यान, दाङ, प्युठान र रोल्पाका गाउँ गाँउ डुलेको यथार्थ कुराहरु सुनाउँछन् ।

हरिको जब उमेर ढल्किदै गयो तब गाउँमा हिड्न पनि अप्ठेरो हुन थाल्यो र सबै ठाउँहरुमा पसलहरु खुलेका कारण भाडाहरु कटाउन पनि समस्या आउन थाल्यो र उनी अब के गर्ने भन्नेविकल्पको खोजीमा थियो । विभिन्न जिल्लाहरु घुम्दा त्यहाँका किसानहरुले तरकारी र नगदेबाली खेती गरेर आम्दानी गर्दै आएको देखेका थिए तर आफुसंग ब्यवसायिक कसरी बन्ने भन्ने सीप भने थिएन ।



समाज विकास संजालले संचालन गरेको कोशेली कार्यक्रमबाट सत्रुजिब व्यवस्थापन, व्यवसायिक तरकारी खेती तालिम, विउ तथा घुम्तिकोष रकम प्राप्त गरेपछि उनलाई व्यवसायिक बन्नमा प्रेरित गरेको कुरा सुनाउछन हरि । अहिले हरिले अर्गानिक तरकारी खेती, नगदे वाली र पशुपालन गर्दै आएका छन् । तालिममा सिकेको कुराले उनलाई रोग किरा नियन्त्रण गर्न जैविक विषादि बनाउने र प्रयोग गर्नाले फाईदा पुगेको छ । लगानी पनि नलाग्ने घरमै पशु चौपाय र जंगली झारपातबाट बनाउने हुनाले काम गर्न सहज भएको र ग्राहकले पनि अर्गानिक तरकारीहरु खोजी खोजी खाने गरेको बताउँछन उनि । हरी अहिले तरकारी खेती नगदे वाली र पशुपालनमा ब्यस्त देखिन्छन् । नगद आर्जन हुने भएकाले मैले यी पेशाबाट धेरै नै लाभ पाउन सकेको छु बार्षिक १ देखि २ लाखसम्म नगद आम्दानी गर्दै आएको छु । पहिलेनै संस्थाले यस्तो सीप सिकाएको भए मैले भाडा बोकेर गाउँ गाँउ डुल्नु पर्ने थिएन भन्छन हरी ।

## सजिलो पेशा मौरीपालन तुलसी घर्ती

**- बिपना थापा**

**सामुदायिक प्रशिक्षक, समाज विकास संजाल, दाङ**

दाङ जिल्ला बंगलाचुली गाउँपालिका वडा नं. ५ कुडुलेमा बस्दै आएकी छिन तुलसी घर्ती । सामान्य परिवारको सदस्य उनको ८ जना छोरा छोरी छन् । उनको श्रीमान् गाउँ मै खेती किसानी गर्दै आएका छन् । तुलसी एक मेहनती र साहसी महिला हुन । शिक्षाको कमिले गर्दा उनले धेरै बच्चाहरुलाई जन्म दिएको र घरको आर्थिक अबस्था थेग्न नसकेर छोरा छोरीलाई पनि पढाउन नसकेको बताउछिन उनी ।



घरको आर्थिक अबस्था कमजोर भएका कारण सानै उमेरमा छोराहरुलाई भारतमा पठाउनुपर्ने बाध्यता भएको र उनीहरु जादा साह्रै नै चिन्ता लागेको कारण अब गाउँ मै केही गर्नु पर्दछ भन्ने मनसाय बनाई यो मौरीपालन व्यवसाय संचालन गरेको कुरा सुनाउछिन उनि ।

सहकर्मी समाज नेपालले गठन गरेको हिमाली समूहमा बसेपछि मैले धेरै नै कुराहरु अगाल्दै आएको छु । आफ्ना ब्यत्तिगत जीव, पारिवारीक जीवन, जिबिकोपार्जन सुधारमा यो संस्थालेमलाई परिबर्तन गरेको छ । मैले समाज विकास संजालले संचालन गरेको कोशेली कार्यक्रमबाट पाएको घुम्तिकोष रकमबाट यो पेशा संचालनमा ल्याएकी हु । सुरुमा ४ वटा मौरीका घार किनेरजंगलबाट मौरीहरु ल्याएर सुरु गरेपछी घारहरु बढाउदै गए । प्रशस्त मात्रामा चिउरीका बोट भएका कारण मौरीले उक्त चिउरीको रस सार्है नै मनपराउने रहेछ । पछि मौरीहरु आफै बस्न थाले २० हजारबाट सुरुवात गरेको मेरो आम्दानी बार्षिक २ लाखसम्म हुन थालेको छ ।

अहिले तुलसीसंग ३० वटा मौरीका घारहरु रहेका छन् । एउटा घारबाट करिब ३ देखि ६ केजि सम्म मह उत्पादन गर्न सकिन्छ । मैले बार्षिक १८० देखि २१० केजि सम्म मह बेच्दै आएको छु । यो पेशा कम लगानीमा धेरै आम्दानी गर्न सकिने भएकाले धेरै राम्रो छ । मौरीको लागि उपयुक्त जंगल र वातावरण हुन पर्दछ । गाउँमा जति दुख गरे पनि उत्पादन गरेको अन्नले बर्षभरी खान पुग्दैन एकातिर रोग किरा र अर्कोतर्फ जंगली जनावरको आतँक तर मौरीबाट सजिलै पैसा कमाउन थालेपछी उनले भारत गएका छोराहरुलाई यो पेशामा लाग्न प्रेरित गर्ने र गाउँ मै काम गर्न लगाउने योजना बनाएको बताउछिन् ।

## घरमै व्यवसायिक खेतीमा व्यस्त घर्ति

- श्याम नेपाली,
सामुदायिक प्रशिक्षक, समाज विकास संजाल, दाङ

घरायसी समस्याका कारण बिचैमा पढाई छोडेरभार तमा रोजगारीका लागि काम गर्दै आएका युवा ठगेन्द्र घर्ति भारत छोडेर व्यवसायिक तरकारी खेतीमा व्यस्त बार्षिक १ लाख बरावर बचत गर्न सफल।

ठगेन्द्र घर्तीको घर घोराही उमनपा १९ सैघामा पर्दछ। उमेरले २४ बर्ष भएका उनको परिवारमा ४ जना सदस्य रहेका छन्। सानै उमेरमा बुवाको मृत्यु भएकाले उनको घरको रेखदेख उनकादाईले गर्दै आएका थिए। ठगेन्दले कक्षा १० सम्म गाउँमै रहेको होडबाङ स्कुलमा अध्ययन गरेका थिय तर बिचैमा दाईभाउजु घरबाट अलग भएपछि घरखर्च चलाउन भारतमा काम गर्न गएका हुन। उनलेभार तमा काम गर्दा जहिले पनि घरमा गएर के गर्ने भन्ने सोचाईमात्र आउने गरेको बताउछन्।



ठगेन्द्र सहकर्मी समाज नेपालको सहयोगमा गठन भएको लालि गुँरास समूहको सदस्य हुन। उनले समाज विकास संजालले संचालन गरेको कोशेली कार्यक्रमबाट बिभिन्न तरकारीखेतीका तालिम, पशुपालन तालिम, बीउ सहयोग पाएपछि सीप क्षमता बृद्धि तरकारी खेतीमा आबद्ध भएको बताउछन। आफ्नै जग्गा आफ्नै लगानी घरपरि वारसंगै परिश्रम गरेरटमाटर, खुर्सानी, सिमि, अदुवा खेती गर्न निकैनै आनन्द आएको बताउछन्। उनले दैनिक १ सय केजी देखि १ सय ५० केजी टमाटर विक्री गर्दै आएका छन। धेरैजसो टमाटर तरकारीहरु गाउँमा बिक्रि हुन्छ र बाँकी रहेको स्थानीय बजार मा बेच्ने गर्दछन्। ठगेन्द्र बार्षिक रुपमा करिव ८० हजार देखि १ लाखसम्म तरकारी खेतीबाट आम्दानी गर्दै आएका छन्। अहिले उनले खर्च कटाएर जम्मा भएको रकम समूहमा र सैघाली कृषि सहकारीमा मासिक बचत गरेका छन्। अरु रकम घरखर्च परिवारको खर्च र बैनीको पढाई खर्चमा प्रयोग गर्दै आएका छन्।

अहिले उनले १ हजार टमाटरका विरुवा लगाएका छन। काम कहिल्लै ठूलो सानो हुदैन रहेछ आफुसंग भएको सीप प्रयोग गरे अवश्य सफल भैईन्छ भन्ने ज्ञान सिकेका उनले कृषि पेशामा ४ बर्ष विताए। तरकारी खेतीबाट गाउँ मै मनग्य आम्दानी गर्न सकिने भएकाले भारतमा गएका साथिभाइलाई पनि गाउँ मै लाग्न प्रेरित गर्ने उनको योजना रहेको बताउछ।

## ब्यवसायिक बन्दै नमी राना

- उमा वुढा
सामुदायिक प्रशिक्षक, समाज विकास संजाल, दाङ

दाङ जिल्ला बंगलाचुली गाउँपालिका वडा नम्बर ४ पन्थ टोल निबासी नमी राना घर्ति हिमचुली समूहको सदस्य हुन। सानै उमेरमा विवाह गरेकी उनको परिवारमा ४ जना रहेका छन्। गाउँघरमा रहेको पुरानो सोच छोरालाई पढाउने छोरीलाई स्कुल नपठाउने उनको बाबा आमाका कारण पढ्ने रुचि हुदाँ हुदै पनि पढ्न नपाएको उनि बताउछिन। उमेरले ३२ बर्ष पुगेकी नमीको बाल्यकाल घाँस दाउरा चुलोचौको मै सिमित रह्यो। पछि उनले गाँउ मै विवाह गरिन।



श्रीमानले गाउँ मै कोइला खानीमा काम गर्थे र नमाले घरायसी काममा नै समय विताउथिन। बिस्तारै छोराछोरीहरु पढ्न थाले घरको खर्च बढ्न थाल्यो महंगीले केही किनि नसक्नु भए पछि उनि तनावमा थिइन। अब के गर्ने भन्ने उनले योजना बनाउनसकेकी थिइनन तर नमाले समाज विकास संजालबाट संचालित कोशेली कार्यक्रमबाट ३ दिने व्यवसायिक तरकारी खेति तालिम र वीउ सहयोग पाइन अनि उनि तरकारी खेति गर्ने निधो गरिन। नमाले पहिलो बर्ष मै करिव ५० हजार तरकारीबाट कमाउन सफल भइन। उनको श्रीमान पनि उनलाई सघाउने गर्दथे। पछी श्रीमानले तरकारीबाट आएको पैसामा समूहबाट थप ऋण लिएर बोइलर पालन सुरुवात गरे। विस्तारै उनिहरुको घरको आय-आर्जनमा सुधार हुँदै गयो।

अहिले नमाले तरकारी खेतिसंगसंगै बाख्रापालन व्यवसाय पनि संचालन गरेकी छिन संस्थाको सहयोगमा समूहमा आएको TCP Global fund बाट उक्त पेशा संचालनमा ल्याएकी हुन। तरकारी खेती गर्दा बारीमा हुने प्रशस्त घाँस खुवाउन पनि सजिलो हुने भएकाले उनले यो पेशापनि संगसंगै बढाउन सकिने भएको बताउछिन। १९ हजार र कममा आफुले थप लगानि गरेकी उनले सुरुमा ५ वटा बाख्रा खरिद गरेकी हुन अहिले उनको घरमा ८ वटा बाख्रा रहेका छन्।

नमाले बार्षिकरुपमा आफ्नो पेशाबाट १ लाख ५० हजारसम्म आम्दानी गर्दै आएकी बताउछिन। हिजोको दिनमा के खाम भन्ने उनको घरमा अहिले घर खर्च चलाउन सहज हुँदै गएको छ। उनि भन्छिन बोइलर पेशाबाट खासै फाइदा लिन नसकिने र समय बढि खर्च गर्नुपर्ने भएकाले उक्त पेशालाई नगरि बाख्रापालन र तरकारीखेती पेशालाई बढाउने उनको योजना रहेको छ।

## बाख्रापालनमा रमाउदै गिता पुलामी

- मदन पौडेल

गिता पुलामी गढवा गा पा वडा नं. ७ घोराहा गाउँमा पर्ने प्रगतिशिल कृषक समूहको अध्यक्ष हुन्। उहाँको परिवारमा हाल २ छोरा आफु अनि श्रीमान् गरी ४ जनाको परिवार रहेको छ। श्रीमान घर खर्च चलाउनको लागी धेरै समयसम्म इन्डियामा काम गर्नु भएको थियो। उहाँ बताउनु हुन्छ सहकर्मी समाज २०६६ सालमा गाउँमा आएर समूह बनाउँदा यस समूहमा बस्ने मौका मिल्यो जब देखी समुह गठन भयो त्यो वेला देखी आज सम्म समुहका सदस्यहरुले विस्वास गरेर निरविरोध अध्यक्ष पदमा रहिरहेको छ, बिचमा अलि लामो समय बिरामी परेको हुँदा अब समूहमा बस्दिन भन्ने सोच पनि बनाएकी थिए तर आफुले नसक्ने अवस्थामा समेत समूहका साथी भाईहरुको साथ र सहयोगले समूह छोडिन र पछी समूहलाई सक्रिय गराउँदै समूह अगाडी बढाउँदै गए समूहमा बस्दा सुरुवाती दिन हरुमा पाँच रुपैया बचत जम्मा गर्दै पछि दश, पचास गर्दै दुई सय पचास प्रति व्यक्ति मासिक बचत जम्मा गर्ने गर्छौ।

यसरी जम्मा गरेर समूहमा आठ लाख पैसा जम्मा गरेका छौ। यसै पैसाबाट समूहमा ऋण लगानी गर्ने

र समूहमा साथीहरुले बाख्रा, भैंसीपालन तथा तरकारी खेती गरेर प्रगती गरेको देखेर मलाई पनि केहि काम गर्न मन लागेको हुदा बाख्रापालन गर्न मन जाग्यो । समूहमा अध्यक्ष भएको कारण संस्था बाट आएका सहयोगहरु पहिला अरुलाई दिदा करिव १२ वर्ष पछी आफुले संस्थाले दिएको २ वटा वाखाका पाठीहरु २०७९ सालमा लिनु भयो । त्यसैबाट बाख्राको सख्या बढाउँदै जानु भयो सात वटा बाख्रा भएपछि यसमा आम्दानी हुदो रैछ भनी खोर बनाउने सोच गरी बाख्राको सख्या वढाई राम्रोसंग वाखापालनमा लाग्ने भनि श्रीमान्संग कुरा गरी श्रीमानलाई समेत ईन्डियाबाट घर फिर्ता गराउनु भयो । त्यस समयमा TCP Gobal Fund भन्ने पैसा सस्तो व्याजदरमा चालिस हजार र समूहबाट रु बिस हजार गरी सहत्तरी हजारमा सुधारिएको खोर निर्माण गरी श्रीमान्संग घरमै बसी बाख्रापालनमा रमाउँदै हुनुहुन्छ ।



उहाँले बताउनु हुन्छ घर खर्च छोराहरुको पढाई खर्च यसै बाट पुगाएका छौं । हाल १४ वटा साना ठुला गरी बाख्राहरु छन् र एउटा भैसी पनि पाल्नु भएको छ साथै यही व्यवसायलाई अझै बढाउदै जाने उहाँको योजना रहेको, अरुको काम गर्नु भन्दा आफ्नै काममा खुसी छौ र कसैसंग पैसाको लागी हात थाप्न परेको छैन आर्थिक अवस्थामा पनि प्रगती हुदै आएको छ उहाँले बताउनु भयो ।

## मेहनतले फेरिएकी सुनिता

**- शुशिला चौधरी**

सुनिता चौधरी राजपुर गाउँपालिका वडा नं. ४ दुलै यामा बस्ने गर्छिन । उनि लावाजुनी कृषक समूहको सक्रिय सदस्य हुन् । उनको परिवारमा छोरा छोरी श्रीमान र आफु गरी ४ जनाको परिवार रहेको छ । उनी अहिले ४० वर्षकी भएकी छिन् । उनको श्रीमानको पेशा भन्नु पर्दा मजदुर रहेको छ ।



सुनिता चौधरीको पारिवारीक स्थिति कमजोर थियो । उनलाई आफ्नो छोरा छोरीलाई पढाउन लेखाउन र दैनिक जिवन चलाउन कठिन थियो । उनको सम्पत्तिको नाममा एक कठ्ठा घरवास जग्गा र खेती योग्य ९ कठ्ठा जमिन रहेका तर अधिकांश बगर जग्गा भएको हुनाले उत्पादन कम हुने र खाना नपुगेर किनेर खानु पर्ने हुन्थ्यो । श्रीमानको मजदुर गरेको पैसाले खानेकुरा किन्ने र छोरा छारीलाई पढाउन लेखाउन अपुग हुने गथ्यो । जसरी तसरी सुनिताले जिवन निर्वाह गरिरहेकी थिईन । एक दिन दक्षिण देउखुरीय अधिकार मञ्चले विकास कोष नर्बेको आर्थिक सहयोगमा सन् २०१८ सालको कार्यक्रम अर्न्तगत लावाजुनी समूहमा सिलाइ कटाईको तालिमको लागि व्यक्ति छनोट गर्ने प्रस्ताव आएपछि सुनिताले आफु गर्ने इच्छाबारे जानकारी गराइन र सबै समूहका सदस्यहरुको सल्लाह बमोजिम सुनितालाई छनोटमा पारेर सिलाई कटाई तालिममा सहभागी भईन र उनी छ महिनाको तालिम लिएर दक्षता हासिल गरे र उक्त संस्थाबाट व्यवसाय संचालन गर्नका लागि रु. दश हजार रकम पनि प्रदान गर्नु भएको थियो र उहाँहरुको सल्लाह अनुसार आफ्नै घरमा सानो टेलर व्यवसाय सञ्चालन सुरु गरिन । अहिले उनी टेलर व्यवसाय गरेर मासिक रुपमा पन्ध्र हजार देखि बिस हजार सम्म अम्दानी गर्दछिन् । सुनिता आफ्नो व्यवसाबाट राम्रो कमाई भए देखि उनलाई अरुको अगाडी हात थाप्नु नपरेको र उनको परिवारिक स्थितिमा सुधार आएको बताउछिन । छोराछारीलाई पढाउन लेखाउन र घर खर्च चलाउन सहज भएको, साथै यही व्यवसायलाई अझै बढाउदै जाने उहाँको योजना रहेको बताउछिन् ।

## मजदुरी गर्ने झुपी लोकल कुखुरा

**- ईश्वरी कुमारी कँडेल**

**सामुदायिक प्रशिक्षक, समृद्ध समाज दाङ**

झुपी चौधरी श्रीमानसँगै परिवारको लालनपालनको लागि छोराछोरी छोडेर अर्काको घरमा मजदुरी गर्न दंगीशरण गा.पामा मात्र नभई तुल्सीपुर बजारसम्म जानी गर्दथिन । छोराछोरीको भविश्य सम्झदै आफुले सकि नसकि अरुको घरमा पुष माघको जाडो नभनि खेलाएको बालुवा सिमेन्टले फुटेको हात गोडा थाकेको शरीर देखिने उनी । आज भोली घरमा छोराछोरीसगैं बसेर आफुले कुखरापालन गर्न पाउदा धेरै खुसी देखिन्छन ।

झुपी चौधरी दंगीशरण गा.पा. वडा नं.४ मौलीको चौधरी समुदायमा बस्छिन् । उनी सप्तरंगी समूहको सदस्य पनि हुन् । उनी ४३ बर्षको भइन् । सासुससुरा, श्रीमान, छोरो र २ छोरी गरी ७ जनाको परिवार छ । परिवारको आर्थिक अवस्था कमजोर, त्यसै मा छोराछोरी साना ७ जनाको परिवार पाल्नुपर्ने भएकोले उनका श्रीमान् र उनी कमाउन जान्थ्य । तर खर्च टार्न निकै गाऱ्हो हुन्थ्यो । उनी आफ्नो अतित सुनाउँदै भन्छिन् समुह बस्नुभन्दा पहिला म सबै कुरामा पछाडी थिए । श्रीमान्सँगै काम गरे पनि मनमा शान्ति चयन थिएन् । मलाई पहाडी भाषा बोल्न पनि त्यति आउँदैनथ्यो । कसैसँग खुलेर बोल्न सक्दिनथ्य केहि नजान्ने भएकोले बाहिर जान पनि डर लाग्ने, गइहाले पनि पछाडी नबोलेर बस्ने गर्दथ्य । गाँउ घरमा आवतजावत बोलचाल त्यती नहुँदा सबैजनासँग चिनजान थिएन । नाम भन्दा पनि फलानो घरको फलानो भनेर मात्र चिनिन्थ्यो । दुःख बिरामी पर्दा आफुसँग पैसा नहुने अरुसँग ऋण माग्दा पनि नपाउने हुन्थ्यो । यदि पाइहाले पनि महङगो ब्याजमा लिनुपर्ने हुन्थ्यो । घरमा आयस्रोत केहि थिएन । राम्रो खान र लाउन चाडपर्व कुर्नु पर्ने भन्दै यस्तै यस्तै कुरा सुनाउने गर्दछिन् ।



जब सहकर्मी समाजले समुह गठन गरी नियमित बैठक बसाल्ने, बैठकमा परिचय, बचतसँगै बिभिन्न समस्यामा बिश्लेषण गर्न गराउन सहजिकरण गर्न थाल्यो। विभिन्न तालिम, बैठकमा समाबेश गराउन थाल्यो । नियमित भेटघाट, कोचिङ गर्न थाल्यो । तब तब उनमा सकारात्मक सोच आउन थाल्यो । उनी भन्छिन् "मेरो जिवनमा पनि धेरै परिबर्तन आएको छ। बाहिर जान बोल्न डराउने, जान नपाउने म आज बाहिर गई पहाडि भाषा दुई चार शब्द बोल्न सक्ने भए ।" गरे आफ्नै घरमा हुन्छ भन्दै उनी उनका श्रीमान् छोराछोरी घरमै बसि दुई बिगाह जग्गा बर्षको २० हजारमा ठेक्कामा लिइ खेतीपाति गरी रु. ८० हजार बरावरको आम्दानी र फुर्सदको समयमा मजदुरी गरी बर्षमा रु. १,२०,०००/- गर्ने गर्दछन् । बुढा भएका सासु ससुरा त्यसैमा अपाङ्ग सासुको स्याहार सुसार गर्नु पर्ने भएकोले आजभोली उनी बाहिर काम गर्न जान नपाउँदा खर्च टार्न धेरै गाह्रो भए पछि समूहको निणर्यमा समृद्ध समाजबाट सहयोग माग गरियो। जसमा अपाङ्गलाई सहयोग भन्ने शिर्षकमा रु.२५०००/- प्राप्त गरी लोक्कल कुखुरा पाल्न थालेकी छिन् । उनले सिजनमा मासिक रु १५००० कमाइ भएको बताउँदै भन्छिन् । "खेतीपातीसगैँ कुखुरापालन गर्न थाले पछि खान लाउन र औषधी उपचारको लागि केहि मात्रामा सहन भएको छ। समृद्ध समाजलाई धेरै धेरै धन्यवाद छ मानबिय क्षमता विकाससगैँ आय आर्जन बृद्धिको पाटोमा आर्थिक सहयोग गरेकोमा"

उनको पारिवारीक आगामी योजना अरुको जग्गा ठेक्का लिइ खेती गर्ने, कुखुरापालन ब्यवसायलाई व्यवस्थित रुपमा अझ थप गरी निरन्तरता दिने र बाख्राको खोर निर्माण गरी बाख्रापालन गर्ने हो ।

## बाख्रासंग रमाउदै बित्यो मञ्जुको दिन

- हेम कुमारी चौधरी

सामुदायिक प्रशिक्षक, समृद्ध समाज, दाङ

जङ्गल नचढ्दासम्म खान पाइन्न् भन्छिन् मञ्जु घर्ति। उनले दुई वटा खसी र सात वटा माउ बाख्रा, पाठापाठी गरी जम्मा नौ वटा बाख्रा पालेकी छिन्। मञ्जु समृद्ध समाज, दाङको कोशेली कार्यक्रम अर्न्तगत ६ वर्ष पहिले गठन भएको समाज सेवा समुहको सदस्य हुन्। दुई छोराछोरी श्रीमान् र आफु गरी चार जना सदस्य रहेको परिवार दंगीशरण १ छरकट्टामा बस्छ । पहिले मञ्जु घर खर्च श्रीमानसंग माग्न नपरोस भनेर किराना तथा रक्सी पसल गर्दथिन् । उक्त पसल गर्दा रक्सी खाएर होहल्ला फैलाउने, पसल मै झै–झगडा मच्चाउने, फोहोरी बचन सुन्न पर्दा आफुलाई असुरक्षित हुने भएको बताइन् । बल्ल तल्ल भएको ब्यापार पनि समयमा पैसा नफर्कने गर्दा लगाएको लगानीबाट सोचे जतिको फाइदा भएन । यत्तिकैमा समाज सेवा समूहका सदस्यहरु मध्ये बाख्रा पाल्ने रहर भएकोलाई सहयोग स्वरुप घुम्ति कोष समृद्ध समाज दाङ सस्थाले वितरण गर्यो । समूहको निर्णय अनुसार ऋणको रुपमा रु.२५०००/ घुम्ति कोष लिई बाख्रापालन व्यवशाय सुरु गरे र २ वटा बोके बाख्रालाई खस्सी बनाई बेच्दा ६०,०००/- को फाइदा पाईन् ।



मञ्जु खुसी हुदै बाख्रालाई स्याउला टङ्गाउदै भनिन् अरु व्यवशाय गर्नु भन्दा बाख्रापालन गर्दा छुट्टै आनन्द हुने कुरा बताइन्। उनको खसी बेचेर भएको फाइदाले सानोतिनो घर समस्या धान्न मद्दत पुगेको छ। समूहमा बचत गर्न पनि सजिलो भएको छ। अब उनको योजना धेरै बोके बाख्राबाट खसी बनाई पाल्ने योजना रहेको छ।

## उर्वरशिल जमिनमा पसिना बगाउदै सुस्मीता चौधरी

सिमान्तकृत थारु समुदायको गरिब महिला आर्थिक अवस्था सुधारको लागि बाटो खोजी गर्दै उर्वरशिल जमिनमा आफ्नो पसिना बगाउँदै छिन् । तरकारी व्यावसायमा धेरै रुचि भएकी आफुले गरेको कामलाई अनुभवको रुपमा सुनाउने र अरुसंग नयाँ तरिकाको बारेमा बुझ्न चाहन्छिन् । समूहमा बस्दा तरकारी खेती सम्बन्धी तालिम लिएर व्यावसायलाई निरर्न्तता दिने मकैबाली पछि तरकारी खेतीबाट आम्दानी खुसी भएकी छिन ।

आधुनिक प्रविधिबाट तरकारी खेती गर्न सिपालु सबैसंग मुसुक्क हासेर बोल्ने सुस्मीता चौधरी दंगीशरण गाउँपालिका वडा नं. ३ चखौरामा रहेको बिहानी समूहको सक्रिय उपाध्यक्ष पदमा जिम्मेवारी बहन गर्दैछिन। उनि भन्छिन पहिले हामी पम्परागत रुपमा तरकारी खेती गर्ने गरेको थियौँ। थोरै उत्पादन हुन्थ्यो । तरकारी खेती गर्ने ज्ञान सिप पनि त्यती थिएन । एउटा गरामा मात्र तरकारी रोपेर थोरै तरकारीले आम्दानी गर्न सिकेकी सुस्मीता चौधरी अब मौसमी तथा बेमौसमी तरकारी खेती गर्दै आएको छिन्। बर्षातको झरी मौसमलाई ख्याल गरी भाद्रको लास्त असोजको पहिलो हप्तामा तरकारी रोप्न सुरुवात भएको व्यावसाय अरुभन्दा अगाडी नै उत्पादन गरी महंगो भाउमा बेचेर राम्रो आम्दानी भएको बताउछिन् । ३ कठ्ठा जग्गा भाडामा लिई पहिलो पटकमा नै २ कुइन्टल आलु रोपेर ७० हजार भन्दा बढी आम्दानी गरेकी छिन । आलुमा दिन रात खती रहनु पर्दैन। एकपटक गोडमेल गरे पुग्छ भन्ने कुरा सुनाउछिन । सुस्मीता तरकारीबाट भएको आम्दानीले जग्गा भाडा तिर्न, मोटर खरिद, गोठ मर्मत विउ विजन र मल खरिद यसैबाट पुऱ्याउदै गरेको वताउँछिन । सुस्मिताको मेहनत र परिश्रम गरेको सुनेर समूह र पञ्चकन्या मूल समितिको सिफारिसबाट हौसला उर्जा थप्न समृद्ध समाज संस्थाले तरकारी व्यवसायको लागि रु २५ हजार घुम्तिकोष प्रदान गरेको छ । उनी पहिलै देखी तरकारी खेती गरेता पनि घुम्तिकोष ल्याएर अरु थप जग्गामा तरकारी रोपेको छिन् । एक पटक बेचेर फेरी आलु प्याज टमाटर काक्रा बोडी लौकाको बेर्ना तयार गरी रोपेको छिन्। सुस्मीताको श्रीमान् तरकारी व्यवसायमा निकै खतिएको हुन्छन। उनीहरु हरेक कुरामा सरसल्लाह गर्ने चासो लागेको विषय सोधेर काम गर्दछन्। दुबैजना मिलेर तरकारी खेती गर्ने र फुर्सदिलो समयमा घर बनाउन ज्याला मजदुरीको काम गर्ने गर्दछन। सुस्मिता भने तरकारीको स्याहार सुसार गर्ने र तयार भएपछि तुलसिपुर लगेर बेच्दै आएको छिन । अहिले उनलाई पहिलेको जस्तै आर्थिक अभाव छैन । छोरीहरु बोडिङ्ग स्कुलमा पढ्ने भएपनि पढाई खर्च पुगेकै छ । सुस्मीताको परिवारमा तरकारी खेतीबाट बार्षिक २ लाख ५० हजार सम्म आम्दानी गरेको बताउँछिन। अरुको खेत अधिया जोतेर खान पुऱ्याउने सुस्मीताको परिवारमा २ कठ्ठा जग्गा पनि जोडेका

छन । उनको श्रीमान अधिकाशं बाहिर काम गर्न जाने गर्थे अब धेरै जसो तरकारी खेतीमा समय दिने गर्दछन् । तरकारी खेतीले आम्दानीको श्रोत बढेको छ । समूह र आफन्तबाट लिएको ऋण चुक्ता भएको छ । जेठी छोरीलाई बिदेश पढ्न पठाउने सोचँ बनाउदै गरेको योजना सुनाउँदछिन ।



सुस्मीताको जीवन पहिले भन्दा फरक भएको छ । घरमा चाहिने सानो तिनो खर्चको लागि श्रीमानसंग माग्नु पर्ने, आफ्नो आवश्यकताहरु खुम्चाएर राख्नु पर्थ्यो भने अब स्वतन्त्र भएको महसुश बताउँछिन । दुई चार पैसा आफ्नै निर्णयबाट खर्च गर्न सकिन्छ । घरको योजना निर्माणमा पनि महत्वपूर्ण भुमिका रहेको छ । बैठकमा भएको छलफलका कुराहरु परिवारमा बुझाउन सक्ने क्षमता भएको छ । उनको परिवारमा सम्मान व्यवहार गर्ने सबैको बराबर काम तथा कतर्वय रहेको छ । परिवारमा दुई छोरी, श्रीमान र उनी गरी जम्मा चार जना रहेका छन् । सुस्मीता चौधरी अहिले ३८ वर्ष कि भईन । छोरीहरु पनि इमान्दार घरको कामकाजमा आमा बुबालाई सहयोग गर्ने गर्दछन् । त्यसैले सुस्मीताको तरकारी खेतीमा प्रसस्त समय दिन सकेको छिन । आज भोली नियमित ताजा तरकारी पनि खान पाइएको छ आम्दानीपनि भएको छ, सुरुवात गऱ्यो भने सबैको सहयोग पाईदो रहेछ भन्ने महसुस भएको छ । अब म भित्र रहेको ज्ञान सीप समूहको दिदि बहिनीहरु लाई बातेमा धेरै खुसी मिल्छ "मेहनत गरौं आम्दानी बढाउँ व्यवासाय सुरु गरी महिला आत्मानिर्भर बनौ" भन्ने सन्देश दिन चाहन्छीन् ।

## पुन:स्थापित जीविकोपार्जन प्रति धेरै खुशी र सन्तुष्ट: गम्भिरे

- सुस्मिता चौधरी
सामुदायिक प्रशिक्षक, टीकापुर, कैलाली

गम्भीरे रोकाया, गौमुल गाँउपालिका ३, माझ पालिका ७२ वर्षिय बासिन्दा हुन् । उनी आफ्नी पत्नी, दुई छोरा, बुहारी, दुई नाति, एक नातिनी र स्वयं गरी सात जनाको परिवारसँग बस्नुहुन्छ । उहाँ ब्रम्हदेव सामुदायिक विकास समूहका सक्रिय सदस्य हुनुहुन्छ ।



अघिल्ला वर्षहरुमा गम्भीरे आफ्नै टोलको कृषक समूहका अध्यक्ष समेत रहनुभएको थियो । पछि उहाँले तरकारी खेती व्यवसाय गर्ने उद्देश्यले बाजुरा छोडेर डोटीको बुडर जाने निर्णय गर्नुभयो । स्थानिय बजारमा कडा प्रतिस्पर्धाका कारण, धेरै रकम लगानी गरे पनि उहाँको व्यवसाय सफल हुन सकेन । ठूलो घाटा बेहोरेपछि उहाँ बाजुरा फर्किनुभयो र केही समयसम्म बेरोजगार रहनुभयो ।

एक दिन सामुदायिक प्रशिक्षकले सामुदायिक बैठकपछि उहाँलाई व्यक्तिगत रुपमा भेटेर को चिङ्ग प्रदान गर्नुभयो । उक्त प्रेरणा र हौसलाबाट उत्साहित भएर, गम्भीरेले फेरि काम गर्ने निर्णय गर्नुभयो तर आफ्नै जन्मभुमिमा । उहाँले ६०,००० रुपैयाँ ऋण लिएर गाँउमै जग्गा भाडामा लिएर तर कारी खेती सुरु गर्नुभयो । आज उहाँ महिनामा १५,००० देखि २०,००० रुपैयाँसम्म कमाउनु हुन्छ र आफ्नो पुनः स्थापित जीविकोपार्जन प्रति धेरै खुशी र सन्तुष्ट हुनुहुन्छ ।

## सानो ऋण र सीपमूलक तालिमले ल्याएको परिवर्तन

५२ वर्षिय जयलाल रोकाया चौतारी सामुदायिक बिकास समूहका सदस्य तथा गौमुल गाँउ पालिकाका बासिन्दा हुनुहुन्छ । उहाँ आफ्नो ६ जनाको परिवारसँग बस्दै आउनुभएको छ । केही समय अघि उहाँका लागि घरखर्च चलाउन निकै कठिन भएको थियो । पछि उहाँले समूहको सहयोगमा सहज ब्याजदरमा १५,००० रुपैयाँ ऋण लिनुभयो र पालिकाद्वारा आयोजित तालिमबाट प्राप्त सिलाई-कटाई सीप प्रयोग गरी सानो सिलाई पसल सुरु गर्नुभयो ।



हाल उहाँ विद्यालयका पोसाकदेखि गाउँलेहरुका लुगा सिलाइ गर्दै वार्षिक करिब ६०,००० रुपैयाँ आम्दानी गर्दै आईरहनु भएको छ। यही आम्दानीबाट उहाँले आफ्नो ऋण चुक्ता गर्नुभयो र सहज रुपमा घरखर्च जुटाईरहनु भएको छ । सिलाई कटाई अहिले उहाँको आम्दानीको स्रोत मात्र नभई गाउँका मानिसहरुलाई सेवा गर्ने माध्यम समेत बनेको छ ।

अहिले जयलाल गर्वका साथ भन्नुहुन्छ कि समूहको बचत तथा सहयोगले उहाँलाई देश छोड्नु पर्ने अवस्था बिना नै दिगो जीविकोपार्जनको अवसर प्रदान गऱ्यो । उहाँको यात्राले देखाउँछ कि साना ऋण र सीप तालिमले कसरी जीवन परिवर्तन गर्न सक्छ ।

## स्वास्थ्य विमाले भविसरामा आएको खुशी

- सपना परियार
बरिष्ठ सामुदायिक प्रशिक्षक, वीरेन्द्रनगर वडा न. ५

निःशुल्क स्वास्थ्य विमा बन्यो भविसराको साहारा जसले उनको हरेक दुखको साथी बनेको छ। वीरेन्द्र नगर नगरपालिका वडा न ५ मा पर्ने सितल टोल विकास संस्था दलित र विपन्न समुदायका मानिसहरुको बसोबास बढि भएको टोल विकास संस्था हो । यहाँका मानिसहरु प्राय दैनिक ज्याला मजदुरी गरी दैनिकी चलाउने गर्दछन् ।

सितल टोल विकास संस्थामा ६७ घरधुरीको बसोबास रहेको छ जसमा भविसरा वि. क. पनि टोल विकास संस्थाको एक सदस्य हुन् । उनि एक ५७ वर्षकी दलित महिला उसैमा एकल महिला पनि हुन । उनको श्रीमानको मृत्यु आजभन्दा ५ वर्ष अगाडी भएको हो । उनि जेठो छोरा बुहारीसँग बस्दै आएकी छन् । छोरासँग बसे पनि उनले आफ्नो खर्च सामाजिक सुरक्षा भत्ताबाट गर्ने गर्दछिन । आर्थिक

अवस्था एकदमै कमजोर भएकाले भत्ताको रकम सबै खाना खर्च र घर खर्चमा सकिने हुन्छ । उनि समय समयमा विरामी भैरहने पनि गर्ने गर्दछिन् । बिरामी हुदा उपचार गर्न उनलाई धेरै नै ग्राहो पर्दछ जसले गर्दा कति समयमा त उनले विरामी हुदा उपचार नै नगरी बस्ने गर्दथिन ।



सिलत टोल विकास संस्थाको बैठकमा नियमित जाने बस्ने सहभागी हुने गर्दथिन एक दिन टोल विकास संस्थामा वडाबाट पाउने सेवा सुविधाको बारेमा छलफल भयो उनलाई मनमा लाग्यो म पनि यो सुविधा लिन पाएको भए हुन्थ्यो जस बाट विरामी हुँदा, उपचार गर्न जाँदा सहज हुन्थ्यो उनले सोचेको जस्तै भयो सामुदायिक प्रशिक्षकसँग उनको कुरा हुने सुनौलो अवसर मिल्यो वडामा अति विपन्न आर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई निशुल्क विमा गरिदिन्छ भन्ने थाहा भयो जसले गर्दा आफू एकदमै भाग्यमानी भएको महशुस गरिन र उनले आफ्नो समस्या राखिन र टोलमा पनि यो छलफल भयो स्वास्थ्य विमाको लागि वडा कार्यालयसँग समन्वय गर्नको लागि टोल विकास संस्थाले वडालाई निःशुल्क विमा गरीदिनको लागि भनी सिफारिस गरिदियो । उक्त सिफारिस लिई वडा कार्यलय गइन जसबाट उनले देखेको सपना पुरा भयो वडाले पनि निशुल्क स्वास्थ्य विमाको सिफारिस गरिदियो ।

जब नगर स्वास्थ्य संस्थाले उनको निशुल्क विमा गरिदियो उनीमा आफूले ठूलो सफलता प्राप्त गरेको महशुस भयो स्थानीय सरकारको सहयोगमा आफूले निशुल्क स्वास्थ्य विमा गर्न पाउँदा उनी भन्छिन् "स्थानीय सरकारले हामी जस्ता व्यक्तिको साहारा बनेको छ जसले गर्दा हामीलाई सहजै रुपमा सेवा र सुविधा प्राप्त गर्न सजिलो भएको छ। अहिले मलाई विरामी हुँदा चिन्ता लाग्दैन उनिसँग साथमा स्वास्थ्य विमा छ । मेरो परिवारले वास्ता नगरे पनि म आफै गएर उपचार गर्न सक्छु मेरो लागि स्थानीय सरकार साथमा छ ।"

विरामी पर्दा परिवारको आश गर्नु पर्ने अवस्था अहिले उनलाई छैन, अस्पताल एक्लै जाने उपचार गर्ने औषधि लिएर आउने उनि आफै गर्ने गर्दछिन् ।

## उद्यमी बन्ने प्रयास रमिता थारुको

**- संजिता चौधरी**

**सामुदायिक प्रशिक्षक, जनशक्ति विकास समाज**

बढैयाताल ६ मैनापोखर बस्ने म रमिता थारु ३२ वर्षको भए । मेरो घरमा ६ जनाको परिवार छ । म सम्झना समूहको उपाध्यक्ष हो । सहकर्मी समाजले गठन गरेको सम्झना समुहमा २०६५ साल देखि नै समुहमा बस्दै आएको छु । यस समुहमा बस्दै गर्दा सहकर्मी समाज र जनशक्ति विकास समाजले आयोजना गरेको विभिन्न तालिम गोष्ठी अन्तरकृया कार्यक्रमहरुमा सहभागी हुदै आईरहेको छु ।



जनशक्ति विकास समाजले आयोजना गरेको उद्यमशिलता विकास तालिम लिए पछि आफ्नै घरमा सिलाई मेसिन राखी कपडा सिलाउने काम सुरु गरेकी छु । वडा कार्यालयबाट सिलाई कटाई तालिम लिए पनि काम सुरु गरेको थिएन । उद्यमशिलता विकास तालिम पछि मलाई हौसला मिल्यो र घरमै बसेर भए पनि सुरु गर्छु भनेर सुरु गरेकी हुँ । पहिला घरपरिवारको कपडा सिलाए अहिले छिमेकीहरुको पनि सिलाई रहेकी छु। पहिले दिनभरी काम नहुदा तेसै खाली दिनहरु बिताउने म अहिले सिलाई मै बित्छन् । साँझ विहान घरको काममा बित्छ दिनमा सिलाईमा । दिनमा ५ देखि ७ सय रुपैया कमाई भैरहेकोछ । मेरो श्रीमान् ड्राईभर हुनुन्छ । यहाँको कमाईले मात्र घर चलाउन गाह्रो हुन्थ्यो । अहिले सहज भएकोछ । मैले खेत बारीको कामसँगै सिलाउने कामलाई लिएको छु ।

अहिले म आफैले कमाएको पैसा अलि अलि भए पनि खेलाउन पाएको छु,म निकै खुशी छु। आगामी दिनमा सिलाईको कामलाई व्यवसायिक बनाउने हौसला र उत्साह बढेकोछ । मैले सिलाई कटाईको आधारभुत तालिम मात्र लिएकी छु अब डिप्लोमा तहको तालिम लिने र यस पेसालाई व्यवसायिक रुपमा अगाडी बढाउने सोचमा छु ।

## उर्जा थपिदिएको छ जनशक्ति विकास समाजले

**- पुतली वि.क.**

**सामुदायिक प्रशिक्षक, जनशक्ति विकास समाज, बर्दिया**

तरकारी खेतीको लागि रु. ८१००|- प्राप्त गरेर अब त केही गरौला भन्ने उर्जा थपिदिएको छ जनशक्ति विकास समाजले भन्छिन् सन्तोली थारु ।

सन्तोली थारु बढैयाताल गा. पा. वडा नं. ३ पिपलपूर बर्दियामा बस्छिन् । उनी अहिले ३५ बर्षकी भइन् । उनको घरमा श्रीमान् २ छोरी र १ छोरा सासु ससुरा गरेर ७ जनाको परिवार छ । मेहनती र लगनशिल सदस्य पनि हुन् ।



सन्तोली थारुको घर चलाउन र छोरा, छोरीको स्कुल फिस तिर्न तरकारी खेतीको पैसाले चलाएकी छिन् । उनी र उनको श्रीमान् दुबै जना मिली ५ कठ्ठा जग्गामा व्यवसायिक रुपमा तरकारी खेती गर्दै आएकी छन् । उनी २/३ दिन विराएर नेपालगन्ज सिटिजन बैंकको अगाडी तरकारी बेच्न जान्छिन् । दिनमा १०/१२ सयको तरकारी बेचेर फर्किन्छिन् । मासिक लगभग २५ हजार आम्दानी गरिरहेकी छिन् । तरकारी खेतीको कुनै पनि तालिम लिएकी छैनन् । भन्छिन् जहाँ इच्छा त्यहाँ उपाय उनीले नजिकैको तरकारी खेती गर्ने ठाउँमा गई कसरी तरकारी लगाउँछन् भनि सिकेकी छिन् । लगानी गरेको रकम उठाएर पनि आम्दानी तर्फ लागेका छन् । सन्तोली थारुलाई अझ अगाडी व्यवसायिक रुपमा बढ्न आर्थिक रुपमा असहज भएको थियो । त्यतिकैमा तरकारी खेतीको लागि जनशक्तिले कोसेली कार्यक्रम मार्फत रु ८१००|- दिने कुरा समूहमा थाहा पाएपछि सन्तोली थारु मेहनती र

# सफलताका कथाहरु

उनलाई आवश्यकता पनि पर्न गएको हुँदा सम्पूर्ण सदस्यको सर्वलम्मतमा सन्तोलीलाई पुनः फिर्ता गर्ने गरी विना व्याज १ बर्ष चलाउने सम्झौता गरी र कम वितरण गरेपछि, रकम लिई ८१००।- को बास, पलाष्टिक किनी टनेल सुरु गरी, बेमौसमी तरकारी उमारेकी छिन् । उनी भन्छिन् जनशक्ति विकास समाजले रकम दिएकोले थप काम गर्ने उर्जा थपी दिएको छ। पहिले घरको खर्च चलाउन पनि धौ धौ हुन्थ्यो अहिले सहजै घर चलाउन र खेतीपाती गर्न सकिन्छ । पहिले अर्काकोमा ज्याला मजदुरीमा दिनहरु विताउने गर्थे अहिले आफ्नो तरकारी बारीमा र तरकारी बेच्नमा व्यस्त हुन्छु । आज भोली नियमित ताजा तरकारी पनि खान पाइएको छ आम्दानी पनि भएको छ हामी परिवार खुशि छौ। समूहमा बसे पछि धेरै कुरा सिक्न पाईएको छ। एक आपसमा मिलेर सहयोग गर्दै हालेमालो गर्दै काम गर्नु पर्छ भनेर सिकेउ र गर्दै आईरहेका छौ । समुह आँट गरेर कामको सुरुवात गर्दै गऱ्यो भने सबैको सहयोग पाईदो रहेछ भन्ने सिकाई भएको छ। अब यस व्यवसायलाई निरन्तर गरिरहने छु, मेरा छोरा छोरीलाई पनि सिकाउने छु भविष्यमा यो व्यवसाय अझै बढाउने योजना छ।

## गाईपालन र तरकारी खेतीबाट आत्मनिर्भरतार्फ: शुभरानीको यात्रा

**- पुतली वि.क.**

**सामुदायिक प्रशिक्षक, जनशक्ति विकास समाज, बर्दिया**

बढैयाताल ३ दौलतपुर बस्ने शुभरानी थारु एक मेहनती र आत्मनिर्भर कृषक हुन् । उनको श्रीमान् एक छोरा र आफु गरी ३ जनाको सानो परिवार छ। परिवारको मुख्य आम्दानीको स्रोत गाईपालन र तरकारी खेती हो। उनी विहान सबेरै उठेर गाई दाना पानी, दुध दुहुने काम देखि लिएर खेतमा तरकारी हेर्ने काममा आफैं गर्छिन । गाईपालनबाट उनले दैनिक रुपमा दूध बेचेर अम्दानी गर्छिन् । यसले उनको परिवारलाई खर्च चलाउन सहयोग पुऱ्याएको छ। साथै घर नजिकैको बारीमा टमाटर, बोडी, काँक्रो र सिजन अनुसार विभिन्न तरकारी उत्पादन गर्छन्।

उत्पादन भएको तरकारी स्थानिय बाजर र घर देखि लगभग १७ कि.मि. टाढा नेपालगन्ज बजार सम्म जाने गर्छिन। जसले परिवारको अम्दानी थप मजबुत बनाएको छ। यसरी दुध र तरकारी बेचेर उनी मासिक रु. १५,०००।- सम्म अम्दानी गर्ने गरेकी छिन्।



परिवारको सानो जमिन र सीमित साधन भएको भए पनि शुभरानी मेहनत र उचित व्यवस्थापनले कृषि व्यवसायलाई निरन्तरता दिएकी छिन्। उनले गोठ सुधारका लागी जनशक्ति विकास समाजबाट रु १०,०००। प्राप्त गोठ सुधार गर्ने काम पनि गरेका छन्। उनको प्रतिबद्धता, धैर्य र कामप्रतिको लगनले परिवारको आर्थिक सुधारिएको छ।

आजका दिनमा शुभरानी थारु आफ्नो गाउँमा उद्यमी महिला किसानको उदाहरण बनेकी छिन्।

## समुहले बाटो देखायो

**- विन्दु पौडेल**

**सामुदायिक प्रशिक्षक**

बढैयाताल - ८ पशुपतिमा रहेको मिलीजुली समुहको सक्रिय र क्रियाशिल सदस्य मध्ये एउटा नाम हो तुल्सा घर्ति मगर।



तुल्सा समुहमा मात्र नभएर हातेमालो मूल समितिको अध्यक्ष तथा जनशक्ति विकास समाजको सक्रिय सदस्य हुनुहुन्छ । उहाँ भन्नुहुन्छ समुहमा बसेपछि मैले धेरै कुरा सिक्ने मौका पाए त्यसका साथै मेरो व्यक्तिगत जिवनको योजना पनि बनाउन सिके । उहाँ भन्नुहुन्छ आफ्नो स्वास्थ्य अवस्था बारम्बार बिग्रीरहने भएकाले श्रीमान् पनि विदेशमा धेरै वस्न चाहनु भएन र स-परिवारसँगै बस्दा अव के व्यवसाय गर्ने भन्ने पारिवारिक सल्लाह हुने क्रममा मिलीजुली समुहमा जनशक्ति विकास समाजको कोसेली कार्यक्रम अन्तर्गतको घुम्तीकोष कार्यक्रमले केही बाटो देखायो सुरुमा घुम्तीकोषको रकमबाट भैसीको पाडी किनेर सुरुवात गरेको मेरो पेशा अहिले दुध बेचेर मासिक ४५ हजार नियमित आम्दानी हुन थालेको छ । तुल्सा भन्नुहुन्छ पशु नै पाल्ने भएपछि जर्सी गाई र आफ्नो पहलमा १ वटा गरी जम्मा २ वटा जर्सी गाई र १ वटा भैंसी पाली व्यवसायीक रुपमा दुध विक्री गरिरहेको बताउनुहुन्छ तुल्सा। समुहले गर्दा मलाई पशु पाल्ने आँट र हौसला बढ्यो। जसमा मेरो श्रीमानले पनि पूर्ण रुपमा सहयोग र साथ दिनुभएको छ। उहाँ भन्नुहुन्छ अब परिवारसँगै बसेर मासिक आम्दानी भएपछि किन विदेशिनु पऱ्यो । अब विदेश जान्न परिवारसँगै रमाउँछु । यसरी समुहले दिएको घुम्तीकोषको रकमलाई सही सदुपयोग गरेमा समुह संस्था मात्र नभएर व्यक्तिलाई पनि जिवनयापनमा ठूलो मद्दत पुग्दछ र समुहप्रति अझ सक्रिय हुन्छन् भन्ने उदाहरण बन्नु भएको छ। मिलीजुली समुहको सदस्य तुल्साले जस्तै सबैले सानो रकमबाट ठूलो सोच र मुनाफा बनाउन सकेमा समुहका सदस्यहरुको जिवनस्तर सहजै माथि उठ्ने थियो।

## मेरो खुद्रा पसलले आम्दानीको साथै समुदायलाई सहज भएको छ

**- माया चौधरी**

**सामुदायिक प्रशिक्षक**



मेरो नाम चन्द कठरिया हो म गौरिगंगा नगरपालिका १० जवलपुर टोलमा बस्छु । म मेहनतिशिल समूहको सदस्य हुँ पहिले श्रीमानको कमाई मात्र सिमित थिए हरेक कामको लागि श्रीमान्‌बाट पैसा माग्नु पर्ने तर अहिले म समूहबाट ऋण लिएर खुद्रा पसल राखेको छु मेरो गाउँमा पहिले पसल नभएर पाँच छ किलो मिटर टाढा समान किन्न जानु पर्दथ्यो भने आजभोली मेरो पसल भएर सबैलाई सजिलो भएको छ। मेरो परिवारमा ३ जना मात्रै छौ यो पसल राखेर म धेरै खुशी छु।

## आयआर्जनले घरपरिवारको आवश्यकता पुरा गर्न सजिलो भयो

**- सशा बखरिया**
**कार्यक्रम व्यावस्थापक**



मेरो नाम जुनु चौधरी हो। समावेशी विकास समाज मसुरिया अन्तरगत रहेको ज्योती समूहको सदस्य हुँ मेरो घर गौरिगंगा नगरपालिका वडा न.११ चम्रैयामा छ। मेरो परिवारमा श्रीमान, छोरा र म गरी ३ जना छौ। म कृषि काम गर्छु मैले समावेशी विकास समाज मसुरिया संस्थाबाट बगुरपालनको लागि घुम्तीकोषबाट ३००००।- ऋण लिई एउटा बगुर किने अनि त्यो बगुरबाट पहलो पटकमा ८ वटा बच्चा दोस्रो पटकमा ६ वटा बच्चा गरी १३ वटा भएको थियो १ वटा बच्चा घरमा आफुले पाले र १२ बगुरको बच्चा (पाठ) बेचे एउटा बच्चाको रु ५५०० को दरले बेच्दा ६६००० को बिक्रि गरेर घर खर्च कृषिका लागि मलखाद छोराको स्कुल फिस, चम्फा मर्मत गर्न सजिलो भयो। अब तेस्रो पटक वियाउने भएको छ। साथै पहिले म तरकारी उत्पादन गरेर गाउँ गाउँ बेच्न जान्थे भने अहिले तरकारी उत्पादन गर्दा मसुरियाको हाट बजार २ पटक लाग्छ र कैलारी गाउँपालिका पृथ्वीपुरको हाटबजारमा जान्छु पहिलाको भन्दा तरकारी बेच्न र घर खर्च चलाउन धेरै नै सजिलो भएको छ।

## घुम्तिकोषले आम्दानीका साथै पारिवारिक मिलाप बढेको छ

**- हिरा चौधरी**
**कार्यक्रम व्यावस्थापक**

मेरो नाम पवित्रा चौधरी हो म २५ बर्षकी भए मेरो घर कैलाली जिल्लाको गौरिगंगा नगरपालिका वडा न. ११ ऐठामा बस्छु मेरो घरमा ९ जनाको परिवार छ पहिले हरियाली कृषि तथा पशुपालन कृषक समूहमा मेरी सासु आमा बस्नु भएकी थिईन्। २०७९ साल देखी म आफ्नो सासु आमाको सट्टामा आउन थाले र विभिन्न तालिममा सहभागी भएर मलाई समावेशी विकास समाज संस्थाको जिविकापार्जनको लागि घुम्तीकोष दिन्छ भनेर थाहा पाए र म आफ्नो घर परिवार सल्लाह गरेर म समावेशी विकास समाज बाट तरकारी खेतीको लागि रु ३००००। ऋण लगे।



पहिलो हामीहरु बजारबाट तेल खुर्सानी र तरकारीहरु किनेर खान्थ्यो जब देखी म तरकारी खेती गर्न थाले त्यस पछि म तरकारी र खुर्सानी किन्नु परेको छैन आफ्नो घरमा खाएर पनि रु १५०००।- आम्दानी भई रहेको छ जस्मा मेरो घरमा सबै जना मेरी सासु, बुहारी र म मिलेर काम गर्छौ म धेरै खुशी छु।

## आफ्नै माटोमा सफलता पाएका यमबहादुर घर्ति मगर

**- प्रतिभा घर्ती मगर**
**सामुदायिक प्रशिक्षक, समाज विकास संजाल दाङ**

**"अरूको देशमा दुःख गर्नु भन्दा आफ्नै माटोमा पसिना बगाउँदा फाइदा रहेछ,"** यमबहादुर घर्ति मगर गर्वका साथ भन्छन्, "अब म विदेश जान चाहन्न, आफ्नै खेत नै मेरो रोजगारी बनेको छ।"

वि.सं. २०२९ साल फागुन १८ गते दाङ जिल्लाको घोराही उपमहानगरपालिका-१९, मौरिधारामा जन्मिएका यमबहादुर घर्ति मगर अहिले स्थानीय स्तरमा सफल कृषकका रूपमा चिनिन्छन्। उनको परिवारमा श्रीमती र दुई छोरा गरी चार जना सदस्य छन्। जेठो छोरा ट्रक चलाउँछन् भने कान्छो छोरा कक्षा ८ मा अध्ययनरत छन्। यमबहादुरको औपचारिक शिक्षा कक्षा ५ सम्म सीमित छ। उनले जीवनको लामो समय भारतमा मजदुरी गर्दै बिताए। तर त्यहाँको मेहनतले उनलाई एउटा कुरा सिकायो विदेशमा होइन आफ्नै माटोमा पनि श्रमको मूल्य हुन्छ। भारतबाट फर्किएपछि उनले कृषिमा सम्भावना देखे। उनले बारीमा तरकारी र नगदे बाली खेती सुरु गरे टमाटर, सिमी, धनियाँ, अदुवा बेसार, पिडालु र सागसब्जी मुख्य उत्पादन हुन्।

वि.सं. २०६८ सालमा समाज विकास संजाल दाङको सहकार्यमा संचालन भएको जुनतारा समूहमा आबद्ध भएपछि उनको सोच अझ प्रष्ट र योजनाबद्ध बन्यो। समूहका नियमित बैठक र छलफलले उनलाई गाउँ मै बस्ने तरिका, आय आर्जनका अवसर र सामूहिक कामको फाइदा बुझायो। त्यसपछि उनले समाज विकास संजाल र वडा नं. १९ को सहकार्यमा संचालित जनउत्थान मूल समितिद्वारा आयोजित व्यवसायिक तरकारी खेती तालिममा पनि सहभागिता जनाए। तालिम बाट उनले टनेल खेती, मल व्यवस्थापन, रोग नियन्त्रण र बजारिकरणका सीप सिके। पहिले थोरै मात्रामा खेती गर्ने उनले अहिले व्यवसायिक खेतीमा अग्रसर हुँदै आएका छन्।



यम बहादुरले नयाँ प्रविधि टडेल, मल्चिङमा खेती गरेर एक वर्षमा करिब रु. १ लाख ५० हजार सम्म आम्दानी गर्दै आएका छन्। यही आम्दानीले घर खर्च, कान्छो छोराको पढाइ र आफ्नो आम्दानीको केही भाग स्थानीय समूह र सहकारीमा बचत गर्छन्, जसले भविष्यमा ठूलो लगानी गर्न सजिलो बनाउँछ। अहिले उनले समाज विकास संजालको सहयोगमा नयाँ टनेल विस्तार गरी खेती क्षेत्र बढाउने योजना बनाएका छन्। तर उनले सामना गर्ने चुनौती पनि छन्। बजार नजिक नहुँदा ढुवानी खर्च बढ्ने र कहिलेकाहीँ उत्पादन बिक्री गर्न समस्या हुने बताउँछन्। त्यसै पनि, उनी भन्छन्,"जति दुःख परे पनि आफ्नै देशमा पसिना बगाउँदा गर्व लाग्छ। मेहनतको फल आफ्नै परिवारले खान पाउँदा सन्तोष मिल्छ।"

## छात्रवृत्ति सहयोगले गरे तीन छोरीले १२ पास

**- उमा बुढा**
**सामुदायिक प्रशिक्षक, समाज विकास संजाल दाङ**

पहिले त घर व्यवहार चलाउन निकै गाह्रो हुन्थ्यो, बसन्ती नेपाली अतीत सम्झँदै भन्छिन्, गाउँघरमा

# सफलताका कथाहरु

ऋण खोज्न जाँदा सयकडा ३ देखि ५ प्रतिशतसम्म ब्याज माग्थे । कयौँ पटक त चर्को ब्याजमा भए पनि पैसा लिनु परेको थियो । त्यसै पनि कसैले सजिलै पत्याउँदैनथ्यो धनीहरू झन् धनी, गरिबहरू झन गरिब । महिलाको कुरा त कसैले सुन्दैनथ्यो, ऋण व्यवहार सबै पुरुषकै हातमा हुन्थ्यो । त्यो समय बसन्तीको जीवन गाउँका अरू धेरै महिला झैं कठिन थियो । उनी दिनभर घाँस-दाउरा, चुलो-चौका र बालबच्चाको हेरचाह मै व्यस्त रहन्थिन् । तर समयसँगै परिस्थिति बदलियो । उमेरले ४८ बर्ष पुगेकी उनको घरमा ७ जनाको परिवार रहेको छ ।



सहकर्मी समाजको सहयोगमा सन् २०६८ सालमा बंगलाचुली गाउँपालिका-३ मा "हिमाल कृषक समूह" गठन भयो । बसन्ती पनि सो समूहमा सक्रिय भइन् र अहिले समूहकी अध्यक्षका रूपमा कार्यरत छिन् । समूह समाज विकास संजाल दाङको सहकार्यमा सञ्चालित कार्यक्रम अन्तर्गत गठन भएको थियो । समूहमा बसेपछि उनीहरूलाई आर्थिक सशक्तीकरणका अवसरहरू मिल्न थाले । बसन्ती भन्छिन्, अब त हाम्रो पनि बचत हुन्छ, आवश्यक परे सस्तो ब्याजमा ऋण लिन सजिलो भएको छ । महिलाहरू टाठाबाठा भएका छन्, आत्मविश्वास बढेको छ ।

समाज विकास संजालबाट उनले छोरीको पढाइका लागि रु. ६ हजार बराबरको छात्रवृत्ति सहयोग प्राप्त गरिन् । त्यो बेला उनकी जेठी छोरी रिमा नेपाली कक्षा ६ मा थिइन् । उक्त रकममा उनले २ हजार थप गरी ८ हजार रुपैयाँको चारवटा बाख्रा खरिद गरी बाख्रापालन व्यवसाय सुरु गरिन् । सुरुवातको सानो लगानी नै उनको जीवन मोड्ने आधार बन्यो । विस्तारै बाख्रापालन व्यवसाय फस्टाउँदै गयो । अहिले उनी वार्षिक ३ देखि ४ वटा खसी/पाठा बिक्री गरी करिब रु. ४० हजार देखि ५० हजार आम्दानी गर्छिन् । यस आम्दानीले उनले छोराछोरीको पढाइ खर्च सजिलै धान्न सक्ने भएकी छिन् । भारतमा कमाउँदै आएका श्रीमान् लाई पनि आर्थिक बोझ घटेको छ ।

आज बसन्ती गर्वका साथ भन्छिन्, छात्रवृत्तिबाट सुरु भएको सहयोगले मेरो छोरीहरूलाई पढ्ने बाटो खुल्यो । उनी खुशी हुँदै थप्छिन्, "अहिले जेठी छोरीले स्नातक सिध्याएर लोक सेवा आयोगको तयारी गर्दैछिन्, माइलीले कृषि र कान्छीले भेटेनरी पढाइ सकेका छन् । दुबै छोरी आयोगको तयारीमा छन् । छोरा दुवै उच्च माध्यमिक तहमा अध्ययनरत छन् ।"

अहिले उनको घरमा सातवटा बाख्रा छन् । उनले आगामी दिनमा ४ वटा उन्नत जातका बाख्रा थप्दै व्यवस्थित खोर बनाएर व्यवसाय विस्तार गर्ने योजना बनाएकी छिन् । बसन्ती मुस्कुराउँदै भन्छिन्, पहिले म अरूको भरमा थिएँ, अहिले म आफ्नै भरमा बाँच्न सिकेकी छु । समाज विकास संजाल र सहकर्मी समाजले दिएको सहयोगले मेरो परिवारको जीवन परिवर्तन भएको छ ।"

## मेहनतले बदल्यो शसाको जीवन

**- विपना थापा**

**सामुदायिक प्रशिक्षक, समाज विकास संजाल दाङ**

दाङ जिल्लाको बंगलाचुली गाउँपालिका-५ साकीनेमा बस्ने शसा अहिले गाउँकै प्रेरणादायी महिलामध्ये एक बनेकी छन् । उनी सहकर्मी समाज नेपालको सहयोगमा गठन गरिएको समाज सेवा समूहकी सक्रिय सदस्य हुन् । शसाको दैनिकी बिहानैदेखि व्यस्त हुन्छ । बिहान पशुपालन, त्यसपछि किराना पसलको काम, अनि बेलुकी परिवारको हेरचाह–उनको समय कहिल्यै खाली हुँदैन । अहिले उनको घरमा श्रीमान्, तीन छोरा, बुहारी र नातिनी गरी ६ जना सदस्य छन् ।



शसाले समाज बिकास संजालबाट रु २० हजार घुम्तिकोष लिई त्यसमा पैसा थपि भैसी किनेकि छिन भैसीको घिउ दुध बेची राम्रो आम्दानी गरेकि छिन् । उनी सामान्य परीवारकि छोरी थिईन पछी उनको बिहे पनि सामान्य परीवारमा नै भएको थियो तर उनले हार भने कहिले खाईनन् सानै उमेर देखि उनलाई बुन्ने सिलाउने काम धेरै नै मन पथ्यो सानो माउनी गोठालो जादा पनी सानो सानो झीजाहरु जम्मा गरी बुन्न सिक्ने काम गर्थिन । उनी हरेक काममा मिहिनती थिईन त्यै मिहिनेतिले नै उनलाई अहिले सफल बनाएको छ ।

पहिले शसाको घरमा उत्पादन भएको अन्न जनावरहरूले नष्ट गरिदिँथे । चार महिनाको लागि पनि अन्न पुग्दैनथ्यो । त्यतिबेला उनी सोच्थिन "पढे लेखेको भए जागीर गरेर खान्थें होला ।" तर उनले हार मानिनन् । बरु आफ्नो मेहनत र लगनशिलताबाट आत्मनिर्भर बन्ने बाटो रोजिन् ।

त्यो सोच र मिहिनेतकै कारण अहिले शसा आफ्नो गाउँमा सफल महिला उद्यमीका रूपमा चिनिन थालिएकी छन् । समाज विकास संजालको सहयो गमा रु. १४ हजार टिसिपि ग्लोवल रकम सहयो गबाट सुन्तलाका बिरुवा किनेर लगाएकी छन् । अहिले सुन्तलाले राम्रो आम्दानी दिन थालेको छ । उनको अहिले पशुपालन, किराना पसल र फलफुल खेतीबाट बार्षिक ८० हजार देखी १ लाख सम्म आम्दानी गर्दै आएकी छिन । मेहन( तबाट भएको आम्दानीले घर खर्च छोराछोरीको पढाइ खर्च चलाउदै आएकी छिन ।

शसाले अबको दिनमा सुन्तला खेतीलाई व्यवसायिक रुपमा गर्ने योजना बनाएकी छिन । सुन्तलाको पकेट क्षेत्रको रुपमा चिनिएको साकिने गाउँमा बार्षिक सुन्तलाबाट ५ लाख सम्म कमाउदै आएकाले उक्त पेशा अंगाल्ने उनको योजना रहेको छ । साथै गर्दै आएको पेशालाई पनि अगाडि बढाउने उनको सोच रहेको छ ।

## शान्ता कामीको प्रेरणादायी यात्रा

**- पवित्रा रिजाला**

**सामुदायिक प्रशिक्षक, समाज विकास संजाल दाङ**

"पहिले घर खर्च चलाउन मात्रै होइन, छोरा छोरीलाई पढाउन पनि ठूलो संघर्ष गर्नुपर्थ्यो," शान्ता कामी विगत सम्झँदै भन्छिन्, "तर अहिल आफ्नै पसलबाट आम्दानी गर्न थालेपछि जीवन सहज भएको छ । ३५ वर्षीय शान्ता कामी दाङ जिल्लाको बंगलाचुली गाउँपालिका-१, स्युजाकी सक्रिय महिला हुन् । उनी सहकर्मी समाज नेपालको सहयोगमा गठन गरिएको प्रगति कृषक समूहकी सचिवका रूपमा कार्यरत छिन् । सामान्य परिवारमा

जन्मिएकी शान्ताको परिवारमा श्रीमान, दुई छोरा र दुई छोरी गरी पाँच जना सदस्य छन् । श्रीमान भारतमा मजदुरी गर्न जान्छन् र पहिले उनको कमाइले परिवारको आधारभूत खर्च र छोराछोरीको पढाइ मात्र धानिन्थ्यो । जीवन निकै कठिन थियो ।



समूहमा आबद्ध भएपछि उनको सोच र दृष्टिकोण बदलियो । मासिक बैठकमा नियमित सहभागी भएर उनले समुदायका साझा समस्यामाथि छलफल गर्न थालिन् । समूहले आर्थिकस्तर उठाउने उपायहरूबारे योजना बनाउने प्रक्रिया सुरु गर्‍यो कसैले बाख्रा पालनको योजना बनाए, कसैले तरकारी खेतीको, कसैले भैंसीपालनको । तर सान्ताको आफ्नै खेतीयोग्य जमिन नभएकाले उनले गाउँमै कस्मेटिक पसल सञ्चालन गर्ने योजना बनाइन् ।

समूहमा सञ्चालित घुम्ती कोषबाट उनले रु. २० हजार ऋण लिइन् र आफ्नो रु. २५ हजार थप गरी सानो पसल सुरु गरिन् । मेहनत र इमानदारीका साथ काम गर्दा पहिलो पटक मै उनले करिब रु. २५ हजार नाफा कमाइन् ।

उनले ऋण लिएको रकम छ महिनामै फिर्ता गरिन् – जसले समूहभित्र अनुशासन र जिम्मेवारीको राम्रो उदाहरण प्रस्तुत गर्‍यो । शान्ता भन्छिन्, समूहको कोषलाई सही रूपमा प्रयोग गर्न सके सफलता पक्कै आउँछ । आम्दानीका स्रोत आफैं खोज्न सक्नुपर्छ भन्ने कुरा मैले समूहमा पनि सधैं भन्छु । समूह र वडा कार्यालयद्वारा आयोजना हुने विभिन्न कार्यक्रममा उनी सक्रिय रूपमा सहभागी हुन्छिन् र नेतृत्वका कारण पटक-पटक पुरस्कार र सम्मान पनि प्राप्त गरिसकेकी छन् ।

आज उनको पसल पहिलेभन्दा धेरै फस्टाएको छ । उनी गर्वका साथ भन्छिन अहिले त दैनिक चार हजार रुपैयाँसम्म आम्दानी हुन्छ । अब परिवारको खर्च चलाउन, समूहमा बचत गर्न र छोराछोरी पढाउन सजिलो भएको छ । परिवारमा अहिले खुशी र सन्तोष छाएको छ । उनी भन्छिन "शिक्षा र सीप नहुनु कमजोरी होइन, तर अवसर पाउँदा त्यसलाई सही रूपमा गर्न जान्नु नै सफलता हो ।"

## पिडालु खेतीबाट आत्मनिर्भरता तर्फ

**- पवित्रा रिजाला**

**सामुदायिक प्रशिक्षक, समाज विकास संजाल दाङ**

दाङ जिल्लाको बंगलाचुली गाउँपालिका वडा नं. २ मर्पेशकी गोठी थापा अहिले आफ्नो गाउँघर मै व्यवसायिक किसानको रुपमा चिनिन थालेकी छिन् । नजिकैको गाउँ शौर्य थापासँग वैवाहिक जीवनमा बाँधिएकी गोठीको जीवनको सुरुवात भने सजिलो थिएन । श्रीमान् वैदेशिक रोजगारीमा भारतमा गएर काम गर्थे । घर खर्च चलाउन, छोराछोरीको पढाइ देखि दैनिकी पुरा गर्न उनले निकै संघर्ष गर्नुपर्थ्यो । त्यसैबीच, उनी सहकर्मी समाज नेपालको सहयोगमा गठन भएको लालिगुँरास समूहमा आबद्ध भईन ।



समूहमा नियमित रूपमा सहभागी हुँदै जाँदा उनले समूहमा संचालन हुने छलफल अन्तरक्रिया र त्यस पछि योजना निर्माणमा सबैले आयआर्जन सुधारका लागि थुप्रै योजनाहरु बनाए कसैले बाख्रापालन गर्ने, कसैले तरकारी खेती त कसैले साना व्यवसाय । त्यही क्रममा गोठी थापाले पिडालु खेती गर्ने निर्णय गरिन् । समाज विकास संजालको सहयोगमा प्राप्त घुम्तिकोष रकम रु २० हजार ऋण लिएर गोठी थापाले पिडालु खेतीको थालनी गरिन् । सुरुमा थोरै जमिनमा खेती गरेर, पात र पिडालु डोकोमा हालेर टाढा-टाढा गाउँ-शहरसम्म बिक्री गर्न थालिन् ।

उनी दाङको कर्जाइ, क्वारी, भैसाइ लगायतका गाउँहरुमा पिडालु बेच्न जान्थिन् । बिस्तारै उनका उत्पादन र आम्दानी पनि बढ्न थाल्यो । पछि पिडालुको परिमाण धेरै भएपछि उनले ट्र्याक्टरमा बोकेर ठूलो परिमाणमा बजार पठाउन थालिन् । १ बोरा पिडालुमा २ बोरा धान साट्थें, अनि त्यसलाई कुटाएर चामल बनाउँथे, उनी मुस्काउँदै भन्छिन यही चामलले त हाम्रो परिवारलाई साल भर खान पुग्छ ।

गोठी थापाको सफल प्रयासले समूहका अरु महिलालाई पनि प्रेरणा दियो । उनको मेहनत देखेर गाउँका अन्य महिलाहरुले पनि अहिले समाज विकास संजालको सहयोगमा टिसिपि ग्लोबल फन्डबाट पिडालु खेति गर्न थालेका छन् ।

उनि भन्छिन पहिलो पटकमै १० क्विन्टल पिडालु उत्पादन गरेँ । अहिले त श्रीमानलाई पनि घरमा बसालेरसंगै खेती गर्न थालेको छु । घर खर्च चलाउन सजिलो भएको छर छोराछोरीको पढाइ खर्च पनि सहजै धान्न सकिएको छ। आगामी दिनमा यसलाई अझै बढाउने योजना बनाएको छु ।

## पिडालु खेतीबाट आत्मनिर्भरता तर्फ

**- पवित्रा रिजाला**

**सामुदायिक प्रशिक्षक, समाज विकास संजाल दाङ**

पहिले समूहमा नबस्दा हामी हाम्रो गाउँटोलका दिदी बहिनीहरू बाहेक अरू कसैलाई चिन्दैनथ्यौं । म लगायत सबै दिदीबहिनीहरू दिनभरि घाँसदाउरा, चुलो चौको मै व्यस्त हुन्थ्यौं, घर बाहिरको कुरा के हुन्छ थाहा नै थिएन । पैसा बचत गर्ने कुनै समूह थिएन । घरमा समस्या पर्दा महँगो ब्याजमा ऋण लिएर चलाउनु पर्थ्यो । बर्षातमा मात्रै मकैसँगै रोपेको सेमीको तरकारी खान पाइन्थ्यो, हिउँदमा त मुला, सुक्का साग वा सेमीको दाल मात्रै, करेसा बारीमा बेमौसमी तरकारी खेती गर्ने कुरा थाहा थिएन । पानीको अभावका कारण गाईवस्तुलाई पनि आधा घण्टाको बाटो टाढाबाट बोकेर पानी खुवाउनु पर्थ्यो । एकअर्कामा सहयोग र सहकार्यको भावना खासै थिएन ।



म लुमा मगर, मेरो उमेर ३३ वर्ष भएको छ । मेरो परिवारमा श्रीमान, ससुरा र दुई छोरा गरी ५ जना सदस्य छौं । हाम्रो घर दाङ जिल्ला, बंगलाचुली गाउँपालिका-४, फाँटा खमारी टोलमा पर्छ । म सहकर्मी समाजमार्फत गठन भएको र समान विकास सञ्जाल दाङबाट सञ्चालित उज्जवल समूहको सदस्य हुँ ।

यो समूह २०६८ सालमा गठन भएको हो । समूहमा बसेपछि मेरो जीवनमा धेरै परिवर्तन आएको छ ।

# सफलताका कथाहरु

पहिले दुई-चार जनाको अगाडि बोल्न पनि डर लाग्थ्यो, तर समूहका छलफल, अन्तरक्रिया, र संस्थाले आयोजना गरेको विभिन्न तालिमहरूमा सहभागी भएपछि मेरो आत्मविश्वास बढ्यो। अहिले म बैठक वा कार्यक्रमहरूमा समूह र समुदायका कुरा राख्न सक्छु। खानेपानीको समस्या होस् वा महिलाको हक अधिकारका कुरा म खुल्ला रूपमा भन्न सक्छु।

पहिले नारी दिवस, तीज मिलन, विश्व वातावरण दिवस के हो थाहा थिएन, तर अहिले हामी समूह कै पहलमा मनाउन थाल्यौं। यसले हामी बीच आपसी चिनजान र सहयोग बढाएको छ। संस्थाले घुम्तीकोषमार्फत तरकारी खेती, पशुपालन, वर्षाको पानी संकलन, फलफूल बिरुवा रोप्ने जस्ता काममा सहयोग गरेको छ। यसले हाम्रो आम्दानी बढाउन मद्दत गरेको छ। अहिले हामी गाउँमा सामाजिक काम सँगै गर्छौं दुःखसुखमा एकअर्कालाई साथ दिन सिकेका छौं।

म केही वर्ष समूहको अध्यक्ष पनि भएकी थिएँ। "**पानीका लागि न्याय कोष**" कार्यक्रम अन्तर्गत मुहान संरक्षण र खानेपानी ट्यांकी निर्माणको जिम्मेवारी हाम्रो समूहलाई दिइएको थियो। त्यो योजनामा अध्यक्षको रूपमा म आफैं सक्रिय भएँ। योजना पूरा गर्न गाउँपालिकामा करिब ५० पटकसम्म हिँडेकी छु। आज हाम्रो गाउँका घर-घरमा खानेपानीको धारा पुगेको छ। यस अनुभवले मलाई समाजका लागि केही गर्न सकिन्छ भन्ने आत्मविश्वास दियो। अब मलाई लाग्छ महिलाले पनि नेतृत्व गरेर ठूलो काम गर्न सक्छन्, यदि मौका र हिम्मत दियो भने।

## फोटो फिचर

















# फोटो फिचर

















## सहयोगी साझेदार संस्थाहरू:

स्थानीय तथा प्रदेश सरकार

Fastenaktion
Action de Carême
Azione Quaresimale

WATER JUSTICE FUND

actionaid

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT

giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

Irish Aid
Government of Ireland
Rialtas na hÉireann

The Asia Foundation
Improving Lives, Expanding Opportunities

The Development Fund
Fighting hunger and poverty

सहकर्मी समाज
SAHAKARMI SAMAJ

**Central Office**
Kohalpur-10, Banke, Tel. : 977-81-540999
email : info.kohalpur@sahakarmi.org.np

**Head Office**
Birendranagar-10, Surkhet
Tel. : 977-83-520376

सम्पादन मण्डल
सम्पादकः राजाराम गुप्ता
सहःसम्पादकः पुनाराम पन्थी र सरिता शाह